INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

Forum of Federations
THE GLOBAL NETWORK ON FEDERALISM

# English-Nepali Glossary of Federalism Terms

# सङ्घीयतासम्बन्धी अङ्ग्रेजी–नेपाली शब्दावली



INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

Forum of Federations
THE GLOBAL NETWORK ON FEDERALISM

# English-Nepali Glossary of Federalism Terms

# सङ्घीयतासम्बन्धी अङ्ग्रेजी–नेपाली शब्दावली

**English-Nepali Glossary of Federalism Terms**

© International Institute for Democracy and Electoral Assistance and the Forum of Federations 2009

This is a joint publication by International IDEA and the Forum of Federations. This publication is independent of specific national or political interests. Views expressed in the publication do not necessarily represent the views of International IDEA or the Forum of Federations, or their respective Board or Council members.

Applications for permission to reproduce or translate all or any part of this publication should be made to:

International IDEA
SE 103 34 Stockholm
Sweden

Forum of Federations
325 Dalhousie Street, Suite 700
Ottawa, Ontario
Canada, K1N 7G2

International IDEA and the Forum of Federations encourage dissemination of their work and will promptly respond to requests for permission to reproduce or translate their publications.

Designed by : Subarna Humagai
Printed by : FinePrint inc.

ISBN: 978-91-85724-68-0

**सङ्घीयतासम्बन्धी अङ्ग्रेजी-नेपाली शब्दावली**

© इन्टरनेसनल आइडिया र फोरम अफ फेडेरेसन्स २००९

यो प्रकाशन इन्टरनेसनल आइडिया र फोरम अफ फेडेरेसन्सको सहकार्य हो । यो प्रकाशन कुनै राष्ट्र वा राजनीतिक स्वार्थबाट प्रेरित छैन । यस प्रकाशनमा व्यक्त विचारले इन्टरनेसनल आइडिया वा फोरम अफ फेडेरेसन्स वा तिनका सञ्चालक समिति वा परिषद् सदस्यहरूका विचारको प्रतिनिधित्व गर्दैन ।

यस प्रकाशनको पुनः मुद्रण वा सम्पूर्ण या कुनै अंशको अनुवादका लागि अनुमति लिन गर्न निम्न ठेगानामा निवेदन दिनुपर्नेछ :

International IDEA
SE 103 34 Stockholm
Sweden

Forum of Federations
325 Dalhousie Street, Suite 700
Ottawa, Ontario
Canada, K1N 7G2

इन्टरनेसनल आइडिया र फोरम अफ फेडेरेसन्स आफ्ना कार्यको सूचना सम्प्रेषणलाई प्रोत्साहन गर्दछन् र यिनका प्रकाशनहरूलाई पुनः मुद्रण वा अनुवादका लागि अनुरोध गरिएमा तुरून्त जवाफ दिनेछन् ।

ग्राफिक डिजाइन : सुवर्ण हुमागाई
मुद्रण : फाइनप्रिन्ट आइएनसी

ISBN: 978-91-85724-68-0

# Foreword

Nepal is passing through a remarkable and exceptional period in its long history. The last few years have seen the end of a bloody insurgency, the replacement of the monarch by a president, democratic elections which have brought a broad-based coalition government into office, and the creation of a constitutional assembly. The country is on the path to creating a very new constitutional model—one of a federal Nepal.

There are good reasons for Nepal to adopt a devolved, even a federal, system of government. The country's mountainous terrain creates difficult communications and quite distinct regions. There are many languages and ethnic communities. The regional economies vary tremendously. But achieving a federal model will present tremendous challenges. The country has only a very limited experience of democratic government and still must develop a political culture that places competition and conflict within a framework of established institutions, mutual respect and principled compromise. The division of the country into provinces or states will not be easy because in many cases the new boundaries are not obvious and are contested. There is limited human capacity—in terms of political leaders and government officials—to take on all the tasks of managing a complex new regime. And finally, the economic disparities across Nepal will pose major issues about the raising and sharing of government revenues.

The Forum of Federations is actively engaged in contributing to Nepal's debate and learning around these issues. We have held numerous workshops, had extensive discussions, and taken leaders to international events on federalism and to other federal countries. I personally am delighted that my short books on providing an introduction to federalism and to fiscal federalism have been translated into Nepali and are being made widely available. We have published a special Nepal edition of our magazine, Federations.

We are particularly pleased to have cooperated with our colleagues from International IDEA

in the preparation of this bilingual glossary of constitutional and federal terms. Nepalis are debating possible constitutional arrangements that marks a very dramatic break from much of your history. Inevitably, this involves having to learn new concepts and ways of thinking. A key part of this is learning the appropriate language around these possible arrangements.

This would be important and challenging in any country. There is always a risk of people using words or terms very differently and potentially falling into confusion or false disagreement. While I do not speak Nepali, my understanding is that the risk is even greater in Nepal, in that many of the constitutional or federal terms that have been central to political discourse in other countries may not have automatic, well understood equivalents in Nepali. This glossary tries to address the need for clarity in these matters. A group of distinguished Nepali experts worked with foreign scholars to identify the most relevant terms in English and to provide agreed definitions for them. The Nepali experts then determined the best choice of language and the best definition for each term in Nepali. It is an impressive piece of work and it should prove a valuable contribution to Nepal's constitutional and political deliberations.



**George Anderson**
President
Forum of Federations

# प्राक्कथन

नेपाल आफ्नो लामो इतिहासमा एक उल्लेख्य तथा अपवादजन्य अवधिबाट गुज्रिरहेको छ । गत केही वर्षमा रक्तपातपूर्ण विद्रोहको अन्त्य, राष्ट्रपतिद्वारा राजाको विस्थापन र लोकतान्त्रिक निर्वाचन देख्न पाइएको छ, जसको परिणामस्वरूप व्यापक सहभागितामा आधारित गठबन्धन सरकारद्वारा पदभार ग्रहण गरिनुका साथै संविधानसभाको गठन भएको छ । देश एकदमै नयाँ संवैधानिक ढाँचा अर्थात् सङ्घीय नेपालको निर्माण गर्ने बाटोमा अग्रसर भएको छ ।

नेपालले सरकारको प्रत्यायोजकीय ढाँचाको, अझ सङ्घीय ढाँचाको प्रणाली अपनाउनुका उचित कारणहरू छन् । देशको पहाडी भूबनोटको कारण आवागनमामा कठिनाइ उत्पन्न हुन गई एकदमै पृथक् क्षेत्रहरू बनेका छन् । यहाँ अनेकौँ भाषा तथा जातीय समुदायहरू छन् । क्षेत्रीय अर्थतन्त्रहरूमा एकदमै ठूलो भिन्नता छ । तर, सङ्घीय ढाँचा अपनाउँदा ठूला-ठूला चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । देशमा लोकतान्त्रिक सरकारसम्बन्धी अनुभव एकदमै सीमित छ र स्थापित संस्थाहरूको खाकाभित्र प्रतिस्पर्धा तथा द्वन्द्वलाई आपसी सम्मान तथा सैद्धान्तिक सम्झौतामा रूपान्तरण गर्ने राजनीतिक संस्कृतिको विकास गर्नुपर्ने अनिवार्यता पनि छ । देशलाई प्रान्तहरू वा राज्यहरूमा विभाजन गर्ने कार्य सजिलो हुनेछैन किनभने थुप्रै मामिलाहरूको हकमा नयाँ सिमानाहरू सुस्पष्ट नभएका हुनाले यससम्बन्धमा विवाद रहेको छ । जटिल प्रकृतिको नयाँ शासकीय प्रणालीलाई व्यवस्थित गर्ने अभिभाराहरू वहन गर्न आवश्यक पर्ने राजनीतिक नेताहरू तथा सरकारी अधिकृतहरूको मानवीय क्षमता सीमित छ । र, अन्तिम कुरा, नेपालभरि आर्थिक विषमताहरू विद्यमान रहेका हुनाले यसबाट सरकारी राजस्वको सङ्कलन तथा बाँडफाँड गर्ने विषयमा ठूला-ठूला मुद्दाहरूको सामना गर्नुपर्ने छ ।

फोरम अफ फेडरेसन्स नेपालका यी मुद्दाहरूसँग गाँसिएका विवादहरूको समाधानमा योगदान गर्न र यसबाट शिक्षा प्राप्त गर्ने कार्यमा क्रियाशीलतासाथ संलग्न रहेको छ । हामीले थुप्रै कार्यशाला गोष्ठीहरू गरेका छौँ, विस्तृत छलफलहरू गरेका छौँ र नेताहरूलाई सङ्घीयतासम्बन्धी अन्तर्राष्ट्रिय जमघटहरूमा लैजानुका साथै अन्य सङ्घीय देशहरूको भ्रमण गराएका छौँ । सङ्घीयता तथा वित्तीय सङ्घीयताको परिचय उपलब्ध गराउने पुस्तिकाहरू नेपालीमा अनुवाद भई व्यापकरूपले उपलब्ध

भइरहेकामा व्यक्तिगत रूपले म प्रसन्न छु । हामीले सङ्घहरू भन्ने पत्रिकाको एक विशेष नेपाल संस्करण प्रकाशित गरेका छौँ ।

दुई भाषामा संवैधानिक तथा सङ्घीय शब्द-सङ्ग्रहको तयारी गर्ने कार्यमा इन्टरनेसनल आइडियाका हाम्रा सहकर्मीहरूसँग सहकार्य गर्न पाएकामा हामीलाई विशेष खुसी लागेको छ । नेपालीहरू सम्भावित संवैधानिक प्रबन्धहरूबारे बहस गरिरहेका छन्, जुन प्रबन्धहरूले नेपालको इतिहासमा एकदमै नाटकीय विच्छेदलाई इङ्गित गर्छन् । यस सन्दर्भमा नयाँ धारणाहरू तथा चिन्तन पद्धतिहरूबारे जानकारी प्राप्त गर्नु एकदमै जरूरी छ । यी सम्भावित प्रबन्धहरूबारे उपयुक्त भाषा सिक्नु यस कार्यको सबैभन्दा महत्वपूर्ण अङ्ग हो ।

यो कार्य कुनै पनि देशका लागि महत्वपूर्ण तथा चुनौतीपूर्ण हुन्छ । यस सन्दर्भमा मानिसहरूले शब्दहरूको प्रयोग एकदमै फरक ढङ्गले गरी अन्यौलमा वा झुठा असहमतिहरूमा फस्ने सम्भावना रहन्छ । मलाई नेपाली भाषा बोल्न आउँदैन तैपनि नेपाली भाषामा अरू देशहरूको राजनीतिक विमर्शको चुरो कुराका रूपमा रहेका संवैधानिक वा सङ्घीय शब्दहरूलाई अचुक ढङ्गले बुझाउने समानार्थी शब्दहरू नहुनु नेपालका लागि अझ ठूलो जोखिम हो भन्ने मेरो बुझाइ छ । यस शब्द-सङ्ग्रहले यी कुराहरूमा स्पष्ट हुनुपर्ने खाँचोलाई सम्बोधन गर्ने प्रयास गरेको छ । नेपालका विशिष्ट विज्ञहरूको एक समूहले विदेशी विद्वान्हरूसँग कार्य गरी अङ्ग्रेजीमा यी शब्दहरूका सबै भन्दा सान्दर्भिक शब्दहरूको पहिचान गरी तिनका सहमतियुक्त परिभाषाहरू उपलब्ध गराएको छ । त्यसपछि नेपाली विज्ञहरूले यीमध्ये प्रत्येक शब्दका लागि सबै भन्दा उपयुक्त शब्द तथा सबैभन्दा उपयुक्त परिभाषा निर्धारण गरेका छन् । यो एउटा प्रभावकारी सामग्री भएकाले यसले नेपालका संवैधानिक तथा राजनीतिक विमर्शहरूमा अमूल्य योगदान गर्ला भन्ने मलाई लागेको छ ।



**जर्ज एन्डरसन**
अध्यक्ष
फोरम अफ फेडेरेसन्स

# Foreword

Many people in Nepal see federalism as a way to empower communities and regions marginalised by the centralization of power, and to acknowledge and further promote the country's religious, linguistic and ethnic diversity.

Since a federal system is something new to Nepal, constitution makers face a number of challenges related to, inter alia, deciding on the number and boundaries of constituent units; the division of power between the central government and the units; criteria for resource allocation; rights of minorities; and implementation of federal arrangements. Understanding federalism and discussing its key issues and options are at the core of the current constitution making debate.

While a federal system is generally seen as an appropriate framework for a country as diverse as Nepal, translating the concept into constitutional language requires significant technical support. In order to reflect the intention of citizens as "constitution makers", those involved in drafting the Constitution and other laws should have a common understanding of different terms used in the elaboration of specific federal arrangements. There should also be a common understanding of the practical implications of choosing specific terms. The words and formulations used in legal texts need to be chosen with care, with the understanding that they will be subject to review and interpretation over time. Today, the drafting of a constitution and supporting legislation also calls for a special style of writing accessible to ordinary people and not only to a select group of judges and lawyers.

The Glossary offers definitions for some 300 federal terms and their translation into Nepali provided by constitutional experts from across Nepal. It will be of use to all those involved in constitution making, namely members of the Constituent Assembly and the general public. The Glossary will help foster a common understanding of the key terms used in federal arrangements. It will also serve as a tool to

explain federal concepts to individuals and groups as they engage in the process of preparing submissions and proposals to the Constituent Assembly. Finally, the Glossary will help in the standardization of Nepali constitutional terminology and contribute to the development of plain language drafting of legal and constitutional texts in the country.

The English-Nepali Glossary of Federalism Terms is the product of remarkable teamwork undertaken by Nepalese constitutional experts, International IDEA and the Forum of Federations in their endeavour to provide technical support to the constitution making process of Nepal.

The global expertise brought by the Forum of Federations on federal terms was invaluable while Nepalese experts introduced a number of new terms that may enrich the English constitutional vocabulary beyond the constitution-building process in Nepal. The Glossary also builds on an International IDEA Glossary on Constitutional Terms published in 2008.



**Vidar Helgesen**
Secretary General
International IDEA in Stockholm
March 2009

## प्राक्कथन

धेरै मानिसहरू सङ्घीयतालाई शक्तिको केन्द्रीकरणद्वारा सीमान्तकृत बनाइएका समुदायहरू तथा क्षेत्रहरूको सशक्तीकरण गर्ने र देशको धार्मिक, भाषिक तथा जातीय विविधतालाई स्वीकार गरी अझ प्रबर्द्धन गर्ने उपायका रूपमा हेर्दछन् ।

नेपालका लागि सङ्घीय प्रणाली नयाँ भएको हुनाले संविधान निर्माताहरूका अघिल्तिर अन्य कुराबाहेक इकाईहरूका सङ्ख्या र सिमाना, केन्द्रीय सरकार र इकाईहरूबीच शक्ति विभाजन, अल्पसङ्ख्यकहरूका अधिकारहरू तथा सङ्घीय प्रबन्धहरूको कार्यान्वयनसँग सम्बन्धित अनेकौँ चुनौतीहरू रहेका छन् । सङ्घीयतालाई बुझ्ने र यसका ठोस मुद्दाहरू तथा विकल्पहरूबारे छलफल गर्ने कुरा नै संविधान निर्माणसम्बन्धी चालु बहसको चुरो कुरो हो ।

नेपालजस्तो विविधतायुक्त देशको लागि सङ्घीय प्रणालीलाई सामान्यतया एउटा उपयुक्त ढाँचाको रूपमा हेरिएको हुँदा यस धारणालाई संवैधानिक भाषामा ढाल्न उल्लेख्य प्राविधिक सहयोगको आवश्यकता हुन आउँछ । "संविधान निर्माता"का रूपमा नागरिकहरूको अभिप्रायलाई प्रतिबिम्बित गर्नको लागि संविधान तथा अन्य कानुनहरू मस्यौदा गर्ने कार्यमा संलग्न रहेका व्यक्तिहरूमा विशिष्ट सङ्घीय प्रबन्धहरूको व्याख्या गर्न प्रयोग गरिने विभिन्न शब्दहरूको साझा समझ हुनुपर्छ । यसको साथै विशिष्ट शब्दहरूको छनोट गर्नुका पछिल्तिर रहेको व्यावहारिक तात्पर्यको साझा समझ पनि हुनुपर्छ । कानुनी लिखतहरूमा प्रयोग गरिने शब्द र सूत्रहरू छनोट गर्दा समयको क्रममा तिनको समीक्षा तथा व्याख्या गरिने कुराको समझका साथ होसियारीपूर्वक छनोट गर्नु जरूरी छ । आज संविधान तथा समर्थनकारी कानुनहरूको मस्यौदा गर्दा यिनमा न्यायाधीश र वकिलहरूको विशिष्ट समूहको मात्र पहुँच नभई सर्वसाधारण मानिसहरूको समेत पहुँच होस् भन्नका लागि विशेष प्रकारको लेखन-शैलीमा ध्यान दिनु पनि त्यत्तिकै जरूरी छ ।

यस शब्द-सङ्ग्रहमा मुलुकभरिका संविधान विज्ञहरूद्वारा तयार पारिएका सङ्घीयता सम्बन्धी ३०० जति शब्दहरूको परिभाषा र सोको नेपाली अनुवाद समावेश गरिएको छ । यो सङ्ग्रह संविधान निर्माण गर्ने कार्यमा संलग्न रहेका संविधानसभाका सदस्यहरू तथा आम जनता सबैको लागि उपयोगी हुनेछ । यस सङ्ग्रहले सङ्घीय प्रबन्धहरूमा प्रयोग गरिने प्रमुख शब्दहरूको

साझा समझको विकासमा सघाउ पुऱ्याउने छ । यो सङ्ग्रह संविधानसभा समक्ष प्रस्तुत गरिने कथनहरू र प्रस्तावहरू तयार गर्ने प्रक्रियामा जुटेका व्यक्तिहरू तथा समूहहरूलाई सङ्घीय धारणाहरूको व्याख्या गरिदिने साधनका रूपमा पनि काम लाग्ने छ । अन्त्यमा, यस शब्द-सङ्ग्रहले नेपाली संवैधानिक शब्दावलीको स्तरीकरण गर्ने कार्यमा सघाउ पुऱ्याउनुको साथै मुलुकका कानुनी तथा संवैधानिक लिखतहरूको मस्यौदा गर्नका लागि सरल भाषाको निर्माण गर्ने कार्यमा पनि योगदान गर्नेछ ।

यो सङ्घीयतासम्बन्धी अङ्ग्रेजी-नेपाली शब्दावली नेपालका संविधान विज्ञहरू, इन्टरनेसनल आइडिया तथा फोरम अफ फेडेरेसन्सद्वारा नेपालको संविधान निर्माण प्रक्रियालाई प्राविधिक सहयोग प्रदान गर्ने प्रयासको रूपमा गरिएको ज्यादै महत्वपूर्ण समूहगत कार्यको उपज हो ।

फोरम अफ फेडेरेसन्सद्वारा सङ्घीय शब्दहरूसम्बन्धमा उपलब्ध गराएको विश्वस्तरको विज्ञता अति मूल्यवान् हुनगयो भने नेपाली विज्ञहरूद्वारा नेपालको संविधान निर्माण प्रक्रियाको सीमाभन्दा बाहिर अङ्ग्रेजी संवैधानिक शब्दभण्डारलाई समृद्ध बनाउन सक्ने थुप्रै नयाँ शब्दहरू प्रस्तुत गरिए । यो शब्दावली सन् २००८ मा प्रकाशित संवैधानिक शब्दहरूसम्बन्धी इन्टरनेसनल आइडियाको शब्द-सङ्ग्रहको जगमाथि खडा भएको छ ।

Vidar Helgesen

**भिदार हेल्गेसेन**
महासचिव
स्टकहोमस्थित इन्टरनेसनल आइडिया
मार्च २००९

# Acknowledgements

A great number of individuals have contributed to this Glossary. In drafting phase the principal team included CK Lal (Political Analyst), Gunanidhi Sharma (Tribhuvan University) and Ranju Thakur (Executive Director, Videh Foundation). Review team included Dr. Nicole Töpperwien (Lead Expert for Nepal Program, FoF), Prof. Harihar Bhattacharyya (University of Burdwan, India), Prof. Rohan Edrisinha (University of Colombo), David MacDonald (FoF), Irina Shmakova (FoF), Sanjeev Pokharel (FoF), Coel Kirkby (FoF) and Ajit Baral (International IDEA). In the editorial phase Prof. Krishna Khanal (Tribhuvan University), Dr. Shankar Sharma (Advisor, Constituent Assembly), Prof. Gunanidhi Sharma (Tribhuvan University), Ranju Thakur (Executive Director, Videh Foundation) and Dr. Purna Man Shakya (Reliance Law Firm) formed the principal team. We are grateful for their contributions.

Valuable comments at various stages were provided by Ronald L. Watts (Principal Emeritus and Professor Emeritus of Political Studies, Queen's University, Canada) and Prof. Christina Murray (University of Cape Town, South Africa).

Review of the final draft was carried out by George Anderson (President and CEO, FoF), Dr. Nicole Töpperwien (Lead Expert for Nepal Program, FoF), Rod Macdonell (FoF), Dominic Cardy (FoF), Irina Shmakova (FoF), Sanjeev Pokharel (FoF), and Bal Krishna Jha, Khushee Tharu and Leena Rikkila Tamang ( International IDEA).

Thanks to Shanta Malla for copy-editing the introduction part, Khagendra Sangroula for translation of forewords, Subarna Humagai for layouts, Harihar Chapagain for proofreading of the Nepali and for Rajneesh Bhandari of the English terms - thanks to Bal Krishna Jha for managing the Glossary through the press.

# कृतज्ञता

यो शब्द-सङ्ग्रहको निर्माणमा थुप्रै व्यक्तिहरूको योगदान रहेको छ । यसको मस्यौदा चरणमा संलग्न मुख्य टोलीमा सीके लाल (राजनीतिक विश्लेषक), गुणनिधि शर्मा (त्रिभुवन विश्वविद्यालय) र रञ्जु ठाकुर (कार्यकारी निर्देशक, विदेह फाउण्डेशन) हुनुहुन्थ्यो । समीक्षा टोलीमा डा. निकोल तपर वीन (फोरम अफ फेडेरेसन्सका तर्फबाट नेपाल कार्यक्रमकी प्रमुख विज्ञ), प्रो. हरिहर भट्टाचार्य (बुर्दवान विश्वविद्यालय, भारत), प्रो. रोहन इद्रिसिन्हा (कोलम्बो विश्वविद्यालय), डेभिड म्याकडोनाल्ड (फोरम अफ फेडेरेसन्स), इरिना श्माकोभा (फोरम अफ फेडेरेसन्स), सञ्जिव पोखरेल (फोरम अफ फेडेरेसन्स), कोल किर्कबाई (फोरम अफ फेडेरेसन्स) र अजित बराल (इन्टरनेसनल आइडिया) रहनु भएको थियो । सम्पादनको चरणमा प्रमुख टोलीमा प्रो. कृष्ण खनाल (त्रिभुवन विश्वविद्यालय), डा. शङ्कर शर्मा (सल्लाहकार, संविधान सभा), प्रा. गुणनिधि शर्मा (त्रिभुवन विश्वविद्यालय), रञ्जु ठाकुर (कार्यकारी निर्देशक, विदेह फाउण्डेशन) र डा. पुर्णमान शाक्य (रिलायन्स ल फर्म) हुनुहुन्थ्यो । उहाँहरू सबैको योगदानप्रति हामी कृतज्ञ छौँ ।

विभिन्न चरणमा रोनाल्ड एल. वाट्स (क्यानाडाको क्वीन्स विश्वविद्यालयका प्रिन्सिपल एमेरिटस तथा राजनीतिकशास्त्र अध्ययन फाँटका प्रोफेसर एमेरिटस) र प्रो. क्रिस्टिना मुर्रे (केप टाउन विश्वविद्यालय, दक्षिण अफ्रिका)ले अमूल्य टिप्पणीहरू प्रदान गर्नुभएको थियो ।

जर्ज एन्डरसन (फोरम अफ फेडेरेसन्सका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत), डा. निकोल तपरवीन (फोरम अफ फेडेरेसन्सका तर्फबाट नेपाल कार्यक्रमकी प्रमुख विज्ञ), डोमिनिक कार्डी (फोरम अफ फेडेरेसन्स), इरिना श्माकोभा (फोरम अफ फेडेरेसन्स), सञ्जिव पोखरेल (फोरम अफ फेडेरेसन्स) तथा बाल कृष्ण झा, खुशी थारू र लीना रिक्किला तामाङ (इन्टरनेसनल आइडिया)ले अन्तिम मस्यौदाको समीक्षा गर्नुभएको थियो ।

शान्ता मल्ललाई परिचयको हिस्साको प्रतिलिपि सम्पादन गरिदिनुभएकोमा, खगेन्द्र संग्रौलालाई प्राक्कथनको हिस्सालाई नेपाली भाषामा अनुवाद गरिदिनु भएकोमा, सुवर्ण हुमागाईलाई पुस्तकको ढाँचा मिलाइ दिनु भएकोमा र क्रमशः नेपाली भाषामा र अङ्ग्रेजी भाषामा प्रुफ हेरिदिने हरिहर चापागाईं र रजनीश भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछौं । साथै प्रेसमा यस शब्दावलीको मुद्रणसम्बन्धी व्यवस्था मिलाइदिने बाल कृष्ण झा पनि धन्यवादका पात्र हुनुहुन्छ ।

# Introduction

While Nepal is all set to enter a federal era after the adoption of the Constitution to be framed by the Constituent Assembly, federalism would nonetheless remain a new experiment for the country. The debates and discussions on the subject have become increasingly intense in the country in recent years, particularly regarding its theory, practice and experiences abroad and the possible lessons for a federal structure and system of management in Nepal. Many new books are being written on federalism, and op-ed articles, commentaries and opinions on the subject have proliferated in the Nepalese media. The political parties, Constituent Assembly members and general public – all are increasingly focused on the issue of federalism even as different designs for a federal structure too are beginning to be proposed. By and large, the emerging scenario has been a very positive one, and it is expected to significantly contribute to the building of a national consensus on federalism.

As it is, federalism is both a political philosophy and a system of governance and is being practiced by at least 28 countries in the world. While this number may seem small compared to the number of independent nations in the world, the federal system of state polity encompasses more than 40 per cent both in terms of land area and population. This fact suggests that federalism is being effectively used as an instrument of political management particularly by the big countries.

However, many small countries, including those smaller than Nepal, too have adopted the federal system of governance particularly as a legacy of their history or as a response to their internal diversity. This has helped them to peacefully manage the conflicts that otherwise inhere in their linguistic, ethnic and cultural diversities. Therefore, federalism should not be understood as the system of governance that is suitable only for the big nations. Over the decades, federalism has come to be recognized increasingly widely as one political mechanism that is endowed with the capacity to manage conflicts based on distinctive identities of various population groups.

However, even a cursory review of the many books and articles published in Nepal on the issue of federalism would lay bare the fact that there is the continuing lack of uniformity in the use of federalism-related terminologies while dealing with its concepts, principles and philosophy, and its practices around the world. This, thus, points to the need of a glossary of international standard that would help in the understanding of federalism-related terms in a more uniform manner. Given such a context, the publication of this glossary by the joint effort of the Forum of Federations and the International IDEA with the participation of Nepali and international experts on federalism is a welcome step in the right direction.

The process of the production of this glossary started in July 2008. Collecting federalism-related terms through a myriad of sources was, to say the least, a meticulous and difficult undertaking. Despite apparent similarities in concepts and principles, the contexts for their application and the actual practice of federalism remain different in different countries. Thus, the task of coordinating and defining them by incorporating diverse contexts and practices was both academically and intellectually demanding. However, the glossaries prepared and published in the contexts of Sri Lanka, Canada and Germany turned out to be very helpful for developing this glossary. The basic challenge that underlay this endeavour has been that while the glossary should clearly meet the international norms and standards in this respect, it must also represent the essential ethos of the Nepalese context. I believe that the definitions incorporated in this glossary meet both these requirements.

The process of developing initial drafts both in English and Nepali got under way simultaneously. The drafts were then revised on the basis of comments and suggestions made by national experts and stakeholders as well as by international experts who participated in a workshop organized in August 2008. It is a pleasure to note that the preparation of this glossary benefited from the intense participation of a number of renowned international experts on federalism, particularly Ronald Watts, George Anderson, Nicole Töpperwien and Harihar Bhattacharyya who were regularly involved through all stages of the production of this glossary. Working with such a great team, I too had the honour and privilege of associating myself with the exercise since its very inception. This book is thus the result of

the concerted and persistent effort of a large team of national and international experts concerned with making federalism work in Nepal.

This glossary consists of more than 300 terms that are used to refer to the political, constitutional, fiscal, administrative and other aspects of federalism. Besides, the glossary also includes a number of terms that are particularly relevant to Nepal's special context. I am confident that this book will be useful as a source of reference for the framers of Nepal's new Constitution, particularly the members of the Constituent Assembly. Similarly, it is hoped that other students and scholars, leaders and activists of political parties, civil servants and general readers too, interested in the study of federalism, would find this volume useful.

Furthermore, since the country is engaged in the novel and dynamic quest of writing a federalism-based constitution, it is almost certain that the exercise would bring into existence new federalism-related terminologies that not only bear special relevance for the specificities of our own national context but, in the meantime, also contribute, however humbly, to the ongoing international debate about making federalism represent the aspirations of the people and meet their yearnings and needs. Therefore, it is further hoped that as we march towards inventing and operationalising a federal system of governance in the country, we would be hitting upon new conceptual formulations to make federalism increasingly more people-friendly. This, in turn, would pave the way for the glossary to be updated and enriched at regular intervals. Finally, since I have been prominently involved in the production of this glossary, in all fairness, I should bear the responsibility for the weaknesses that have crept into this volume even as I also look forward to receiving comments and suggestions for its improvement in the days ahead.

**Krishna Khanal**
Central Department of Political Science
Tribhuvan University, Kirtipur
March 26, 2009

# परिचय

नेपाल सङ्घीय राज्य संरचनामा प्रवेश गर्न लागेको छ । संविधानसभाबाट बन्ने नयाँ संविधानले यसको औपचारिक खाका तयार गर्नेछ । निश्चय पनि सङ्घीयता नेपालका सन्दर्भमा एउटा नयाँ प्रयोग हो । विश्वमा भइराखेको सङ्घीयताको अभ्यास, नेपालका सन्दर्भमा यसको स्वरूप र व्यवस्थापनका बारेमा विगत केही वर्षदेखि देशव्यापी रूपमा व्यापक बहस भइराखेको छ । दर्जनौँ पुस्तकहरू निस्किराखेका छन् । हरेक दिनजसो सञ्चार माध्यमहरूमा कुनै न कुनै रूपले सङ्घीयताका बारेमा लेख, टिप्पणी र अभिमतहरू प्रकट भइराखेका छन् । राजनीतिक दल र संविधान सभासद्हरूदेखि आम नागरिकका तहसम्म सङ्घीयताबारे व्यापक चासो छ । सङ्घीय नेपालका विभिन्न प्रारूपहरू पनि प्रस्तावित भइराखेका छन् । यो अत्यन्तै सकारात्मक कुरा हो । सङ्घीयताका बारेमा राष्ट्रिय अभिमत निर्माण गर्ने र सहमतिमा पुग्ने यो एउटा राम्रो उपाय पनि हो ।

सङ्घीयता विश्वमा अभ्यास भइरहेको एउटा राजनीतिक दर्शन र प्रणाली हो । अहिले विश्वका करिब २८ देशहरूमा यस प्रणालीको अभ्यास भइराखेको छ । विश्वका स्वतन्त्र देशहरूको सङ्ख्याका तुलनामा यो थोरै हो । तथापि यसले विश्वको ४० प्रतिशतभन्दा बढी भूभाग र जनसङ्ख्यालाई समेटेको छ । यसबाट के स्पष्ट हुन्छ भने भौगोलिक रूपमा ठूला देशहरूको राजनीतिक व्यवस्थापन गर्नका लागि सङ्घीयता प्रायः अपरिहार्य छ ।

तर कतिपय नेपालभन्दा पनि साना देशहरूले विभिन्न ऐतिहासिक पृष्ठभूमि वा आन्तरिक विविधताका कारण सङ्घीय व्यवस्था अपनाएका छन् । यसले ती देशहरूमा विद्यमान भाषिक, जातीय, सांस्कृतिक द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापनमा सहयोग पुगेको पनि पाइन्छ । त्यसैले सङ्घीयता भनेको ठूला देशहरूले मात्र अभ्यास गर्ने प्रणाली होइन । विगत केही दशकयता सङ्घीयतालाई पहिचान र विविधताजन्य आन्तरिक द्वन्द्व व्यवस्थापनको उपयोगी राजनीतिक संयन्त्रका रूपमा पनि लिने गरिन्छ ।

सङ्घीयताका सन्दर्भमा नेपाली छापामा आएका पुस्तक, लेखरचनाहरूलाई हेर्दा सङ्घीयताको आधारभूत अवधारणा, यसमा अन्तर्निहित सिद्धान्त र दर्शन विभिन्न मुलुकहरूमा भएका अभ्यासहरूलाई बुझाउने र यथार्थ जानकारी दिने

शब्दावलीहरूको प्रयोग समान रूपले हुन सकिराखेकेको पाइन्न । सङ्घीयताबारे समान अर्थ बुझाउने एउटा अन्तर्राष्ट्रिय स्तरको शब्दावलीको अभाव सबैलाई खड्किराखेको थियो । यस सन्दर्भमा सङ्घीयताका बारेमा अध्ययन गरेका नेपाली र अन्तर्राष्ट्रिय अनुभव बटुलेका विद्वान्हरूको सहभागितामा क्यानडास्थित सङ्घीय देशहरूको साझा मञ्चका रूपमा काम गर्ने संस्था फोरम अफ फेडरेसन्स र इन्टरनेसनल आइडियाको संयुक्त पहलमा सङ्घीयतासम्बन्धीको अङ्ग्रेजी–नेपाली शब्दावलीको यो पुस्तक प्रकाशन हुनु सबैका लागि सन्तोषको विषय हो ।

यो शब्दावली बनाउने काम गत साउनमा प्रारम्भ भएको हो । सङ्घीयताका सन्दर्भमा प्रयोग हुने शब्दावलीहरूको सङ्कलन आफैँमा एउटा कठिन काम थियो । केही अवधारणा र सिद्धान्तका कुराहरू समान भए पनि सङ्घीय मुलुकहरू प्रत्येकको आआफ्नै सन्दर्भ र अभ्यास छ । ती सबैलाई समेटेर तिनको अर्थ र प्रयोग फरक नहुने गरी लिपिबद्ध र संयोजन गर्ने काम एकाधजनाबाट मात्र सम्भव थिएन । यसमा चयन गरिएका शब्दहरू क्यानडा, जर्मनी, श्रीलङ्कालगायतका देशहरूका सन्दर्भमा तयार गरिएका शब्दावलीहरू प्रारम्भिक मस्यौदा तयार गर्न धरै सहयोगी भए ।

तथापि सङ्घीयता आफैँमा एउटा विधाका रूपमा समेत स्थापित भएको हुँदा यसमा प्रयुक्त शब्दावलीहरूको प्राज्ञिक अर्थ पनि हुन्छ । तसर्थ यसमा अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य र प्रचलित परिभाषाका साथै नेपाली सन्दर्भको संयोजन गर्नु पनि जरूरी थियो । मलाई विश्वास छ यसमा प्रयोग भएका शब्दावलीहरूले त्यो मापदण्ड पूरा गरेका छन् ।

अङ्ग्रेजी र नेपालीमा प्रारम्भिक मस्यौदा तयार गर्ने काम सँगसँगै भयो । सो मस्यौदामाथि केही अन्तर्राष्ट्रिय विज्ञहरूसमेतको सहभागितामा २०६५ भदौ महिनामा एक कार्यशाला गोष्ठीमार्फत् व्यापक छलफल गरी त्यसलाई परिमार्जन गरियो । यस क्रममा रोनाल्ड वाट्स, जर्ज एन्डरसन, हरिहर भट्टाचार्य, निकोल तपरविनलगायतका सङ्घीयतासम्बन्धमा अन्तर्राष्ट्रिय ख्यातीप्राप्त विज्ञहरूसँग निरन्तर सम्पर्कमा रहेर यस रूपमा ल्याउन धरै नेपाली विज्ञहरूको पटकपटक संलग्नता रह्यो । म आफैँ पनि यसमा निरन्तर संलग्न रहेँ । यसप्रकार यो पुस्तक सबैको सामूहिक प्रयासको परिणाम हो ।

यस पुस्तकमा सङ्घीयतासम्बन्धी राजनीतिक, संवैधानिक, वित्तीय एवं प्रशासनिक प्रबन्धलगायतका विभिन्न पक्षहरूका सन्दर्भमा प्रयोगमा आउने करिब ३०० शब्दावलीहरू समावेश भएका छन् । साथै नेपालको विशेष सन्दर्भ बुझाउने शब्दहरूलाई पनि उत्तिकै प्राथमिकतासाथ संयोजन गरिएको छ । यो पुस्तक संविधान निर्माता सभासद्, सङ्घीयताको अध्ययनमा संलग्न व्यक्ति, राजनीतिक दलका नेता तथा कार्यकर्ता, प्रशासकलगायत धेरैका लागि एउटा उपयोगी सन्दर्भ सामग्री सिद्ध हुने मैले विश्वास गरेको छु ।

हामी नयाँ संविधान निर्माणको प्रक्रियामा छौँ । भावी संविधानले निर्धारण गर्ने हाम्रो सङ्घीय प्रणाली, त्यसको कार्यान्वयनका लागि बन्ने ऐन नियमले हाम्रा सन्दर्भमा सङ्घीयताका अरू शब्दावलीहरू निश्चित रूपमा थपिनेछन् । तसर्थ यो पुस्तक आफैँमा अन्त्य होइन, प्रारम्भ मात्र हो । यसमा अहिले विद्यमान अपर्याप्तता र भोलि हुने नयाँ प्रयोगका सन्दर्भमा पनि यस पुस्तकको परिमार्जन अपेक्षित छ । अन्त्यमा पुस्तकको यो रूप दिन म आफू पनि संलग्न भएकाले यसमा रहेका कमीकमजोरीलाई व्यक्तिगत तहमा स्वीकार गर्दै भविष्यका लागि सुझाउको अपेक्षा गर्दछु ।

**कृष्ण खनाल**
राजनीतिशास्त्र केन्दीय विभाग,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।
१२ चैत २०६५

| English Terms and Definitions | नेपाली परिभाषा |
|---|---|
| **Aboriginal**<br>Original or earliest known inhabitants of a territory with strong family or social ties (see Indigenous). | **मूलवासी**<br>दरिलो पारिवारिक वा सामाजिक सम्बन्धहरू भएका मूल वा कुनै क्षेत्रमा सबैभन्दा पहिलेदेखि बसोबास गरिआएका वासिन्दा (हेर्नुहोस्, आदिवासी) । |
| **Accommodation**<br>Adjustment to legal, political or social arrangements to take account of and provide for significant differences in values, beliefs, language and tradition of minorities. For example, Sikhs in Nepal are exempted from wearing helmets when they drive motorcycles. | **समायोजन**<br>कानुनी, राजनीतिक र सामाजिक प्रबन्धहरूमा अल्पसङ्ख्यक समुदायका मूल्य, मान्यता, भाषा र परम्परामा रहेका भिन्नताको समायोजन । उदाहरणका लागि, नेपालमा मोटरसाइकल चलाउँदा सिखहरूलाई हेलमट लगाउनुपर्ने बाध्यता छैन । |
| **Accountability**<br>The requirement to provide reasons and justifications of actions and the outcomes thereof to stakeholders, voters or legislatures. It is also a formal relationship between office holders and those who may appoint, dismiss or elect them, perhaps subject to periodic review. A democratic government, for example, is accountable to its electorate through periodic elections. | **जवाफदेहिता**<br>कुनै कार्य तथा यसको परिणामको कारण तथा औचित्यका बारेमा सरोकारवाला, मतदाता वा विधायिकालाई व्याख्या गर्नुपर्ने अनिवार्यता । यसलाई पदबाहक र उनीहरूलाई नियुक्ति गर्ने, पदमुक्त गर्ने वा निर्वाचित गर्नेहरूबीचको औपचारिक सम्बन्धका रूपमा पनि बुझ्न सकिन्छ । उदाहरणका लागि, लोकतान्त्रिक सरकार आफ्ना मतदाताप्रति आवधिक निर्वाचनमार्फत् जवाफदेही हुन्छ । |
| **Act**<br>A bill that has been passed by a legislative body and it has the force of law. In countries with written constitutions, an act is required to conform to the constitution. | **ऐन**<br>व्यवस्थापिकाले पारित गरेको र कानुनको शक्ति हासिल गरेको विधेयक । लिखित संविधान भएका देशमा ऐन संवैधानिक प्रावधानअनुरूप हुनुपर्दछ । |
| **Administrative Court**<br>It can be a judicial or quasi-judicial institution for settling administrative disputes. Its decision can be challenged in higher courts. In Nepal it is quasi-judicial. | **प्रशासकीय अदालत**<br>प्रशासकीय विवाद तथा मुद्दाहरूको छिनोफानो गर्ने अदालत । यस्तो अदालत न्यायिक वा अर्धन्यायिक हुन सक्छ । प्रशासकीय अदालतका निर्णयहरूलाई यसभन्दा माथिल्लो तहका अदालतहरूमा चुनौती दिन सकिन्छ । नेपालको प्रशासकीय अदालत अर्धन्यायिक चरित्रको छ । |

A

| | |
|---|---|
| **Administrative Federalism**<br>In administrative federalism the federal (national) level sets legal standards and defines policies in certain areas while federal law and federal policies are often implemented and administered by the constituent units, which themselves may make laws and regulations consistent with the federal laws. This type of federalism is practiced in Germany. | **प्रशासकीय सङ्घीयता**<br>प्रशासकीय सङ्घीयतामा सङ्घीय (राष्ट्रिय) सरकारले निश्चित क्षेत्रहरूमा कानुनी प्रबन्धहरूको निर्धारण गर्नुका साथै नीतिहरूको निर्माण गर्छ भने सङ्घीय कानुन तथा नीतिहरूको कार्यान्वयन तथा सुपरिवेक्षण गर्ने कार्य प्राय सङ्घीय एकाइहरूको जिम्मेवारीअन्तर्गत पर्छ । प्रशासकीय सङ्घीयता भएका मुलुकमा सङ्घीय एकाइहरूले सङ्घको कानुनसँग नबाझिने कानुन वा नियमनहरू निर्माण गर्न पनि सक्छन् । यसप्रकारको सङ्घीयताको अभ्यास जर्मनीमा भएको पाइन्छ । |
| **Affirmative Action**<br>Government programs that provide special treatment for individuals from designated groups to remedy the effects of past discrimination and to eliminate existing and continuing discrimination. | **सकारात्मक विभेद**<br>विगतका भेदभावबाट सृजित नकारात्मक प्रभाव हटाउने र विद्यमान भेदभावको अन्त्य गर्ने उद्देश्यले निश्चित समूहका व्यक्तिहरूका लागि सरकारले चलाएको कार्यक्रम । |
| **Anti-cyclical Fiscal Policy**<br>Budgetary tools used by the federal and sometimes constituent governments. In recessions, governments will run deficits by some combination of lowering taxes and increasing expenditure. In contrast, governments in boom phases will run surpluses by a combination of raising taxes and decreasing expenditure. | **प्रति-चक्रीय वित्तीय नीति**<br>सङ्घीय सरकार र यदाकदा एकाइका सरकारहरूद्वारा आर्थिक उतारचढावका समयमा प्रयोग गरिने बजेटसम्बन्धी उपकरणहरू । आर्थिक मन्दीका समयमा सरकारले करहरू घटाएर, खर्च बढाउने वा घाटा बजेट अपनाउनेजस्ता मिश्रित उपायका सहायताले मन्दीलाई सम्बोधन गर्छन् । यसका विपरीत, अत्यधिक चढावको अवस्थामा कर बढाउने र खर्च घटाउनेजस्ता माध्यमहरूको प्रयोगद्वारा बचत वृद्धि गर्छन् । |
| **Article**<br>A separate clause or provision of a constitution, an act, statute, convention, agreement or contract. | **धारा**<br>कुनै संविधान, ऐन, कानुन, महासन्धि, सम्झौता वा करारको अलग धारा वा प्रावधान । |
| **Aspiration**<br>A strong desire, longing, aim or ambition that translates into goals and objectives for planned action. | **आकाङ्क्षा**<br>प्रबल इच्छा, चाहना, उद्देश्य वा आकाङ्क्षा जुन योजनाबद्ध कार्यका लक्ष्य तथा उद्देश्यहरूमा रूपान्तरित हुन्छ । |

| | |
|---|---|
| **Assimilation**<br>The process by which minority groups adopt characteristics of larger groups, including language, religion, beliefs and identity. It can be either voluntary or coerced. | **अन्तर्मिश्रण**<br>त्यो प्रक्रिया जसद्वारा अल्पसङ्ख्यक समूहहरूले भाषा, धर्म, विश्वास र पहिचानजस्ता ठूला समूहका विशेषताहरू ग्रहण गर्छन् । यो कार्य राजीखुसीले वा करकापले हुन सक्छ । |
| **Asymmetric Federalism**<br>A type of federalism where constituent units have different sets of rights and obligations which are not necessarily equal. It refers particularly to some constituent units having more powers than other constituent units and this may be done constitutionally or through ordinary laws. | **असम सङ्घीयता**<br>एक प्रकारको सङ्घीय प्रणाली जसमा सङ्घीय एकाहरूसँग भिन्न प्रकारका अधिकार र जिम्मेवारीहरू रहेका हुन्छन् जुन एकअर्कामा समान हुनुपर्ने अनिवार्यता हुँदैन । विशेष गरी यस अवधारणाले केही सङ्घीय एकाइले अन्य एकाइका तुलनमा बढी अधिकार प्राप्त गर्ने प्रबन्धलाई जनाउँछ । असम सङ्घीयता संविधान वा सामान्य कानुनद्वारा निर्देशित हुन्छ । |
| **Authoritarianism**<br>A system of governance based on repression and coercion rather than responsiveness, persuasion and democratic participation. Such systems usually centralise authority in persons and groups and exhibit intolerance to dissent. Many experts consider the Panchayat system in Nepal to have been an authoritarian system of governance. | **अधिनायकवाद**<br>प्रभावग्राहिता, अनुनय तथा लोकतान्त्रिक सहभागितामा नभई दमन तथा करकापमा आधारित शासकीय प्रणाली । यस प्रकारका प्रणालीहरूमा अक्सर व्यक्ति वा समूहहरूमा अख्तियार केन्द्रित हुन्छ र भिन्न मतप्रति असहिष्णुता प्रदर्शन गरिन्छ । धेरैजसो विज्ञहरू नेपालको पञ्चायती व्यवस्थालाई अधिनायकवादी शासकीय प्रणाली मान्दछन् । |
| **Authority**<br>Legitimate power exercised by constitutional and statutory bodies to enforce laws and seek compliance of their decisions in the prescribed manner. For example, the Auditor General of Nepal has constitutional authority to audit accounts of all government bodies. | **अधिकार**<br>संवैधानिक तथा कानुनी निकायहरूद्वारा कानुनको कार्यान्वयन गर्न र आफ्ना निर्णयहरूलाई निर्दिष्ट तरिकाले पालना गराउन अभ्यास गरिने वैध अधिकार । उदाहरणका लागि, नेपालका महालेखापरीक्षकलाई सबै सरकारी निकायहरूको लेखा परीक्षण गर्नका निम्ति संवैधानिक अधिकार प्राप्त छ । |

A/B

| | |
|---|---|
| **Autocracy**<br>A form of government in which one person has uncontrolled or unlimited authority over its people and all other instruments of the state. For example, autocratic powers are exercised by absolute monarchs | **एकलतन्त्र**<br>सरकारको एउटा स्वरूप जसमा जनता र राज्यका अन्य सबै यन्त्रहरूमाथि एक व्यक्तिको अनियन्त्रित तथा असीमित अधिकार हुन्छ । उदाहरणका लागि, निरङ्कुश राजाहरूले एकतन्त्रीय तरिकाले अधिकारहरूको अभ्यास गर्छन् । |
| **Autonomous Communities**<br>Communities which are recognized by the State as distinctive and are accorded a measure of self-government, i.e. rights to make their own decisions on specified community matters. | **स्वायत्त समुदायहरू**<br>त्यस्ता समुदायहरू जसलाई राज्यले विशिष्ट समुदायका रूपमा मान्यता दिनुका साथै समुदायसँग सम्बन्धित विषयहरूमा निर्णय गर्न पाउने अधिकारका लागि निश्चित मापदण्डसहितको स्वशासन प्रदान गरेको हुन्छ । |
| **Autonomous Jurisdiction**<br>Governmental powers exercised by a level of government on its own authority. In federations, this autonomy is normally stipulated in the constitution. | **स्वायत्त क्षेत्राधिकार**<br>सरकारको कुनै तहद्वारा स्वतन्त्ररूपले अभ्यास गरिने सरकारी अधिकारहरू । संघीय मुलुकहरूमा यस्तो स्वायत्तता सामान्यत संविधानमा नै उल्लेख गरिएको हुन्छ । |
| **Autonomy**<br>Right to self-government recognized and institutionalized by the State, in a federation through the constitution. | **स्वायत्तता**<br>सङ्घीय व्यवस्थामा संविधानअन्तर्गत राज्यद्वारा मान्यताप्राप्त तथा संस्थागत स्वरूप भएको स्वशासनको अधिकार । |
| **Bicameral Legislature**<br>Denotes a legislature with two chambers. | **दुई सदनात्मक व्यवस्थापिका**<br>यसले दुई सदन भएको व्यवस्थापिकालाई जनाउँछ । |
| **Bilingual/Multilingual State**<br>Recognition of two or more languages by the State for official functions. For example, the federal government in India follows two official languages while many states in India recognize more than two official languages. | **द्विभाषिक वा बहुभाषिक राज्य**<br>राज्यद्वारा दुई वा दुईभन्दा बढी भाषालाई सरकारी कामकाजहरूमा मान्यता दिने व्यवस्था । उदाहरणका लागि, भारतको सङ्घीय सरकारले सरकारी कामकाजका लागि द्विभाषिक व्यवस्थालाई अनुसरण गरेको छ भने भारतका थुप्रै राज्यहरूले दुईभन्दा बढी भाषाहरूलाई सरकारी कामकाजको मान्यता दिएका छन् । |

| | |
|---|---|
| **Bipartisan**<br>Arrangements consisting of, or supported by, members of two parties, especially two major political parties or factions. | **द्विदलीयता**<br>दुई दल, विशेष गरेर दुई प्रमुख राजनीतिक दलका सदस्यहरू संलग्न रहेको वा उनीहरूद्वारा समर्थन गरिने व्यवस्था । |
| **Block Transfers**<br>Funds disbursed from a federal government to the constituent units for discharge of constitutional or other legal responsibilities in a sector (e.g. health, education) without being subject to detailed conditions regarding how they are spent. | **एकमुष्ट रकम स्थानान्तरण**<br>सङ्घीय सरकारद्वारा अङ्गीभूत एकाइहरूलाई कुनै क्षेत्र (जस्तै शिक्षा, स्वास्थ्य, आदि) मा संवैधानिक वा अन्य कानुनी जिम्मेवारी पूरा गर्नका लागि कसरी खर्च गर्ने भन्ने विषयमा विस्तृत सर्तहरू नराखी प्रदान गरिने रकम (हेर्नुहोस्, एकमुष्ट अनुदान) । |
| **Boundaries**<br>Legally delineated geographical limits indicating the territorial jurisdiction of governing units in a federal system. | **सिमाना**<br>सङ्घीय प्रणालीमा संविधान वा कानुनद्वारा तोकिएका एकाइहरूको भौगोलिक सिमाना र क्षेत्राधिकार । |
| **Broad-based Tax**<br>A revenue source that captures many individuals (and usually can raise significant revenues). Income tax is broad-based, while an excise tax on liquor, for example, is narrowly-based. | **फराकिलो दायरा भएको कर**<br>धेरै व्यक्तिहरूलाई समेट्ने फराकिलो दायरा भएको कर जसबाट उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुन सक्छ । धेरै हदसम्म आयकर फराकिलो आधार भएको कर हो भने मदिरामा लगाइने अन्तःशुल्क साँघुरो आधार भएको कर हो । |
| **Canton**<br>Name for the twenty-six (26) constituent units of the Swiss Federation. | **क्यान्टोन**<br>स्विस महासङ्घका २६ वटा अङ्गीभूत एकाइहरूको नाम । |
| **Capacity Equalization**<br>Sometimes an objective in a system of federal fiscal transfers to bring all constituent units up to a more or less equal capacity in terms of revenues, taking into account their ability to raise their own resources. It equalizes revenues without considering needs. | **क्षमता समानीकरण**<br>सङ्घीय प्रणालीमा वित्तीय रकम स्थानान्तरणका लागि अपनाइने एक उद्देश्य जसअन्तर्गत सङ्घीय एकाइहरूको आफ्नै स्रोत परिचालन गर्न सक्ने क्षमतालाई ध्यानमा राख्दै उनीहरूलाई आर्थिक रूपले सक्षम बनाउने उद्देश्यले बजेट स्थानान्तरण गरिन्छ । यसमार्फत् आवश्यकतालाई प्राथमिकतामा नराखी राजस्व समानीकरण गर्ने उद्देश्य राखिएको हुन्छ । |

| | |
|---|---|
| **Caste**<br>An endogamous, hereditary and hierarchical social order limited to persons with similar rituals and having customs distinguishing it from other social groups. | **जात**<br>समान संस्कार भएका र अन्यसमूहहरूभन्दा पृथक् र आफ्नै समूहभित्र विवाह गर्नुपर्ने प्रथामा आबद्ध वंशानुगत तथा श्रेणीगत विभाजन भएको सामाजिक संरचना । |
| **Centralization**<br>The process by which powers are concentrated in the central authority. In a centralized system, lower units can exercise limited delegated powers. Some federations are considered to be 'centralized' because of the legal or fiscal powers of the central government. | **केन्द्रीकरण**<br>शक्तिहरू केन्द्रीय सरकारमा निहित रहने प्रक्रिया । केन्द्रीकृत व्यवस्थामा तल्ला तहका निकायहरूले सीमित प्रत्यायोजित अधिकारहरू अभ्यास गर्न पाउँछन् । केही सङ्घहरूलाई केन्द्रीय सरकारमा अन्तर्निहित कानुनी तथा वित्तीय अधिकारका आधारमा केन्द्रीकृत भएको मानिन्छ । |
| **Checks and Balances**<br>A mechanism in some systems of government whereby three branches of government (legislative, executive and judiciary) make each other accountable within the limits of their respective jurisdiction or share decisions (e.g. over budgets or key appointments). | **नियन्त्रण तथा सन्तुलन**<br>केही शासन प्रणालीमा अपनाइने एक यस्तो संयन्त्र जसको उपयोग सरकारका तीन प्रमुख अङ्गहरू (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका) लाई एकअर्काको क्षेत्राधिकारप्रति जवाफदेही बनाउन तथा कतिपय निर्णयहरू (जस्तै, बजेट वा महत्वपूर्ण नियुक्तिहरू)मा साझा निर्णय गर्नका लागि गरिन्छ । |
| **Chief Minister**<br>The head of the executive branch (cabinet) of some governments which have adopted the parliamentary system of democracy. In federations, such as India, there are chief ministers for governments at the federal and constituent unit level. | **मुख्यमन्त्री**<br>संसदीय लोकतान्त्रिक प्रणाली भएका केही देशहरूमा सरकारको कार्यकारी निकाय (मन्त्रीपरिषद्) को प्रमुख । भारतजस्ता सङ्घीय मुलुकमा सङ्घ र एकाइको तहमा मुख्यमन्त्रीहरू छन् । |
| **Citizenship**<br>Status of full membership in a state by an individual. The status creates rights and obligations of an individual towards the State. | **नागरिकता**<br>कुनै देशको नागरिकले प्राप्त गर्ने राज्यको पूर्ण सदस्यको हैसियत । त्यस्तो हैसियतअन्तर्गत विभिन्न अधिकार र कर्तव्यहरू पर्छन् । |

| | |
|---|---|
| **Civil Law**<br>A legal system held and administered in the Roman Empire and presently practiced in Germany and in some other European countries. This legal system comprises the institutions, code and digest, and is collectively called corpus juris civilis - as distinct from Common Law (see Common Law). | **नागरिक कानुन**<br>पहिले रोमन साम्राज्यवादमा लागु गरी अपनाइएको र हाल जर्मनी तथा युरोपका अन्य मुलुकहरूले अपनाएको कानुनी व्यवस्था । यो कानुनी व्यवस्था कमन लभन्दा भिन्न छ र यसअन्तर्गत नियमहरूको संहिता, नजिरसङ्ग्रह, संविधान तथा वैधानिक संस्थाहरू पर्दछन् जसलाई समग्रमा कर्पस जुरिस सिभिलिस भन्ने गरिन्छ (हेर्नुहोस् आम कानुन) । |
| **Coalition Government**<br>An arrangement in a parliamentary system where the Cabinet is formed by association of two or more political parties. | **गठबन्धन सरकार**<br>संसदीय शासन प्रणालीमा त्यस्तो सरकारको प्रबन्ध जसमा दुई वा दुईभन्दा बढी राजनीतिक दलहरूको संलग्नतामा मन्त्रिपरिषद्को गठन भएको हुन्छ । |
| **Coalition Politics**<br>The process by which two or more political parties in parliamentary democracies identify a common agenda, form common fronts and pursue shared policies and programs either in government or in opposition. | **गठबन्धन राजनीति**<br>संसदीय लोकतन्त्रमा दुई वा दुईभन्दा बढी राजनीतिक दलहरूले साझा कार्यसूची अङ्गीकार गर्ने, साझा मोर्चाहरू निर्माण गर्ने र सरकार वा प्रतिपक्षमा रहेर साझा नीति तथा कार्यक्रमहरूलाई अघि बढाउने प्रक्रिया । |
| **Coercive Federalism**<br>A type of federalism in which central authority is overriding and national unity is maintained through a legal monopoly of coercive powers by the federal government. | **हस्तक्षेपकारी सङ्घीयता**<br>केन्द्रीय सरकारको अत्यधिक वर्चस्व रहने र राष्ट्रिय एकता कायम राख्न सङ्घीय सरकारले हस्तक्षेप गर्न पाउने संवैधानिक प्रावधान भएको सङ्घीयता । |
| **Coexistence**<br>To live together by acknowledging diversity and respecting each others' identity. In a federal state it implies a constitutional system of governance that provides for self-government, autonomy and recognition of identity to different communities simultaneously. | **सहअस्तित्व**<br>एकआपसको विविधतालाई स्वीकार गरी एकअर्काको पहिचानलाई सम्मान गर्दै सँगै बस्ने मान्यता । सङ्घीय राज्यमा यसले विभिन्न समुदायहरूको अलगअलग पहिचानको मान्यतासहित स्वशासन र स्वायत्तता प्रदान गरिने संवैधानिक पद्धतिलाई बुझाउँछ । |

| | |
|---|---|
| **Common Law**<br>A legal system based in British traditions whereby the courts rule on cases and build up judicial rulings on precedent and long-held practices. It has been dispersed throughout commonwealth countries and English-speaking parts of the world. Common law systems are complemented by constitutional, statutory and regulatory law. | **आम कानुन**<br>न्यायिक नजिर तथा लामो समयदेखि चलिआएका प्रचलनका आधारमा मुद्दाको सुनुवाई र छिनोफानो गर्ने ब्रिटिस परम्परामा आधारित कानुनी प्रणाली । यो प्रणाली कमनवेल्थ मुलुकहरू तथा संसारका अङ्ग्रेजीभाषी भूभागमा फैलिएको छ । आम कानुनको प्रबन्धलाई संविधान तथा अन्य कानुन र नियमनहरूले निर्देशित गरेका हुन्छन् । |
| **Community**<br>A group of people who share some basic characteristics of living through aspirations, beliefs, customs, traditions and values, but also through the cohabitation of shared space and regular interaction. Uses of the term include but are not limited to ethnic communities, a farming community or communities that pursue common agenda and goals. | **समुदाय**<br>अभिलाषा, विश्वास, रीतिरिवाज, परम्परा तथा मूल्यका दृष्टिले जीवनयापन गर्ने आधारभूत विशेषता समान भएको समूह । बसोबासको सन्निकटता र नियमित अन्तर्क्रिया पनि समानताका आधारहरू हुन सक्छन् । यस पदावलीको प्रयोग जनजाति समूहहरू, कृषि समुदाय वा अन्य त्यस्ता समुदायहरूलाई बुझाउनका लागि गरिन्छ जसका प्राथमिकता तथा उद्देश्यहरू समान हुन्छन् । |
| **Compact**<br>A voluntary agreement that binds people pursuing shared goals or values. | **अनुबन्ध**<br>मानिसहरूलाई साझा लक्ष्य वा मूल्यहरू अनुसरण गर्नका निम्ति अनुबन्धित गर्ने स्वेच्छिक सहमति । |
| **Competence**<br>Constitutional or statutory authority of a government to exercise specified legislative and executive powers over a delineated territory. | **हैसियत**<br>निश्चित भूभागमा निश्चित कानुनी तथा कार्यकारी अधिकारको अभ्यास गर्ने कुनै सरकारको संविधान वा कानुनप्रदत्त अधिकार । |
| **Competitive Federalism**<br>A type of federalism where the federal government and constituent units vie for loyalty of citizens, try to induce them on the basis of their strengths and incentives, and compete for a larger role. | **प्रतिस्पर्धात्मक सङ्घीयता**<br>एक प्रकारको सङ्घीय प्रणाली जसमा केन्द्रीय सरकार र अङ्गीभूत एकाइहरू आफ्ना नागरिकहरूबाट निष्ठा प्राप्त गर्न प्रतिस्पर्धा गर्छन्, तिनलाई आफ्ना सबलता तथा प्रोत्साहनका आधारमा प्रेरित गर्न प्रयास गर्छन् र बृहत्तर भूमिकाका लागि प्रतिस्पर्धा गर्छन् । |

| | |
|---|---|
| **Concurrent Powers**<br>Powers that are shared by federal and constituent governments under a federal constitution. Where laws in an area of concurrency conflict, the federal law is normally paramount. For example, education and health are areas where union government and state governments in India hold concurrent powers. | **समवर्ती अधिकारहरू**<br>सङ्घीय संविधानअन्तर्गत सङ्घीय तथा प्रादेशिक सरकारहरूले प्रयोग गर्ने साझा अधिकारका क्षेत्रहरू । यसप्रकारको प्रबन्धमा विवाद उत्पन्न भएमा सामान्यतः सङ्घीय कानुन प्रभावकारी हुन्छ । उदाहरणका लागि भारतका सन्दर्भमा स्वास्थ्य र शिक्षाका क्षेत्रहरूमा राज्य सरकार र केन्द्रीय सरकारका समवर्ती अधिकारहरू रहेका छन् । |
| **Conditional Grants**<br>Funds transferred by the federal government to constituent units for specific purposes and with limits on its spending that are monitored by the grantor. | **ससर्त अनुदानहरू**<br>निश्चित प्रयोजनका निम्ति र खर्च गर्ने सीमा तोकेर अङ्गीभूत एकाइहरूमा सङ्घीय सरकारले अनुगमन गर्ने गरी हस्तानन्तरण गरिने रकम । |
| **Confederation**<br>A voluntary political union of two or more sovereign states for the furtherance of mutual or common goals, especially in matters of foreign affairs, economy, defence and diplomacy. The constituent sovereign states are usually joined by a pact, treaty or a constitution, which confers limited authority to a common central body. The central body has no direct authority over the citizens of the member states. Its decisions are made collectively (often by consensus) and then implemented by the member-states themselves. States join the confederation on the basis of provisions made in the past and appoint mandated delegates to the central body. | **राज्यहरूको महासङ्घ**<br>सङ्घीय प्रणालीमा आबद्ध स्वतन्त्र एकाइ विशेषतः वैदेशिक मामिला, अर्थतन्त्र, रक्षा तथा कूटनीतिजस्ता पारस्परिक वा साझा लक्ष्यहरूको प्रवर्द्धनका निम्ति दुई वा दुईभन्दा बढी सम्प्रभु राष्ट्रहरूको स्वेच्छिक सङ्घ हो । अङ्गीभूत सम्प्रभु राज्यहरू प्रायः कुनै सहमति, सन्धि वा संविधानद्वारा एकताबद्ध हुन्छन् जसद्वारा साझा केन्द्रीय निकायलाई सीमित अधिकार दिइएको हुन्छ । सदस्य राष्ट्रहरूका नागरिकहरूमाथि केन्द्रीय निकायको प्रत्यक्ष अधिकार हुँदैन । महासङ्घका निर्णयहरू सामूहिक रूपमा सामान्यतः सर्वसम्मतिले गरिन्छन् भने उक्त निर्णयहरू सदस्य राष्ट्र स्वयम्ले नै लागु गर्छन् । |
| **Conflict Management**<br>The process by which escalation of existing conflicts is contained or managed through negotiation and mediation which can then help in the reduction of intensity or transformation of conflict. | **द्वन्द्व व्यवस्थापन**<br>वार्ता तथा मध्यस्थताद्वारा विद्यमान द्वन्द्वहरूको विस्तारलाई रोक्ने वा व्यवस्थित गर्ने प्रक्रिया जसले द्वन्द्वको तीव्रता वा रूपान्तरणलाई घटाउन सघाउ पुऱ्याउँछ । |

C

| | |
|---|---|
| **Conflict Resolution**<br>Settlement of disputes between two or more parties through negotiation, mediation, litigation or coercion with the help of facilitators, mediators or superior authorities. | **द्वन्द्व समाधान**<br>सहजकर्ता, मध्यस्थकर्ता वा उच्चपदस्थ अधिकारीहरूको मद्दतले वार्ता, मध्यस्थता, मुद्दा दायरी वा बलको प्रयोगद्वारा गरिने दुई वा दुईभन्दा बढी पक्षहरूबीचका द्वन्द्वको छिनोफानो । |
| **Conflict Transformation**<br>The process by which intensity of conflict is reduced through interventions by parties to the conflict or mediators. Conflict transformation prepares the ground for its peaceful and durable resolution. | **द्वन्द्व रूपान्तरण**<br>द्वन्द्वमा सम्बद्ध पक्षहरू वा मध्यस्थकर्ताहरूको हस्तक्षेपद्वारा द्वन्द्वको तीव्रतालाई घटाउने प्रक्रिया । द्वन्द्व रूपान्तरणले द्वन्द्वको शान्तिपूर्ण तथा दिगो समाधानको आधारभूमि तयार पार्छ । |
| **Congress**<br>An assembly organized usually for political purposes. More specifically, Congress refers to the bicameral national legislatures in the presidential system of governance such as those of the United States of America and most Latin American federations. | **कङ्ग्रेस**<br>राजनीतिक प्रयोजनका लागि सङ्गठित सभा । विशेष अर्थमा कङ्ग्रेस शब्दले संयुक्त राज्य अमेरिका तथा दक्षिण अमेरिकाका धेरैजसो सङ्घहरूमा विद्यमान राष्ट्रपतीय शासन प्रणालीको दुई सदनात्मक राष्ट्रिय विधायिकालाई जनाउँछ । |
| **Consensual Democracy**<br>The type of democracy that prevents the winners (majority party) from taking all power and provides the minorities scope for power-sharing in governance. In this system most decisions are made on the basis of the participation and consent of most parties concerned rather than only on the will of the majority. Switzerland has practiced consensual democracy. | **सहमतीय लोकतन्त्र**<br>त्यस्तो लोकतन्त्र जसले जित्ने (अर्थात् बहुमत प्राप्त गर्ने) दललाई सबै शक्ति हासिल गर्न दिँदैन र अल्पसङ्ख्यकलाई पनि सत्तामा साझेदारी गराउँने अवसर प्रदान गर्छ । यस प्रणालीमा प्रायः सबै निर्णयहरू केवल बहुमतप्राप्त दलको आकाङ्क्षाका आधारमा मात्र नभई सबैको सहभागिता र सम्मतिबाट गरिन्छ । स्विट्रजरल्यान्डमा सहमतीय लोकतन्त्रको प्रयोग भएको पाइन्छ । |

| | |
|---|---|
| **Consociational Democracy**<br>A system of governance based on recognized national ethnic, linguistic or religious communities, which provides for some autonomy for these communities as well as for some joint decision-making, including the right of each community to veto unacceptable decisions. This system is often established informally or by convention and not fully recognized constitutionally. Both unitary and federal governments can have consociational features. | **सहवर्तनीय लोकतन्त्र**<br>जातीय, भाषिक वा धार्मिक समुदायको सहभागितामा बनेको एक प्रकारको शासनप्रणाली जसमा यी समुदायहरूलाई आफूलाई अस्वीकार्य मुद्दाहरूमा भिटो लगाउने अधिकार तथा केही स्वायत्तताको अधिकारसमेत प्रदान गरिएको हुन्छ । यस्तो प्रबन्ध सामान्यतः अनौपचारिक रूपमा परम्परालाई आधार मानेर स्थापना गरिएको हुन्छ र संविधानद्वारा मान्यता प्रदान नगरिएको पनि हुन सक्छ । एकात्मक वा सङ्घीय दुवै मुलुकहरूमा सहवर्तनीय लोकतन्त्र हुन सक्छ । |
| **Constituent People**<br>People who constitute a state. | **अङ्गीभूत जनता**<br>जनता जसबाट राज्य बन्दछ । |
| **Constituent Unit**<br>A constitutionally recognized member units of a federation which may be labelled states, provinces, cantons, Länder, etc. In a federation the constitution divides sovereign power between a federal authority and the constituent units. | **अङ्गीभूत एकाइ**<br>संवैधानिक मान्यता भएको सङ्घको सदस्य एकाइ जसलाई विभिन्न नामबाट सम्बोधन गर्ने गरिन्छ जस्तै भारतमा राज्य, अस्ट्रेलियामा प्रान्त, स्विटजरल्यान्डमा केन्टन, जर्मनीमा लेन्डर आदि । सङ्घीय प्रणालीमा संविधानले सार्वभौम अधिकारहरू सङ्घीय सरकार र यसका अङ्गीभूत एकाइहरूमा बाँडफाँड गरेको हुन्छ । |
| **Constitutional Court**<br>A judicial body established by the constitution to resolve contentious issues related to the constitution. Some federations have constitutional courts, while others have constitutional matters dealt with by a supreme court which deals with all legal questions. | **संवैधानिक अदालत**<br>संविधानको व्याख्यासम्बन्धी विवादास्पद मुद्दाहरूको फर्स्यौट गर्न संविधानद्वारा स्थापित न्यायिक निकाय । केही सङ्घीय मुलुकरूमा संवैधानिक अदालतको अलग्गै व्यवस्था छ भने केहीमा सर्वोच्च अदालतका माध्यमद्वारा नै त्यस्ता मुद्दा वा विवादहरूलाई सम्बोधन गरिन्छ । |
| **Constitutional Entrenchment of Fundamental Rights**<br>The incorporation of fundamental rights in the constitution. Amendments to these constitutional provisions normally require more than a simple, legislative majority. | **मौलिक अधिकारको संवैधानिक संरक्षण**<br>संविधानमा मूलभूत अधिकारहरूलाई समाहित गरिने कार्य । यी संवैधानिक प्रावधानहरूको संशोधनका लागि अन्य संवैधानिक प्रावधानहरूको संशोधनका लागि भन्दा सामान्यतः व्यवस्थापिकाको सामान्य बहुमतभन्दा बढी मत आवश्यक पर्छ । |

| | |
|---|---|
| **Constitutional Hierarchy**<br>The hierarchy established by the constitution as the supreme fundamental law of the land. The constitution also defines the authority entrusted with the task of final interpretation of its provisions. | **संवैधानिक तहगत व्यवस्था**<br>मुलुकको मूल कानुनका रूपमा संविधानद्वारा स्थापित तहगत व्यवस्था । यसका प्रावधानहरूको अन्तिम व्याख्या गर्ने अधिकार प्राप्त निकाय पनि संविधानद्वारा नै परिभाषित हुन्छ । |
| **Constitutional Supremacy**<br>The doctrine of constitutional supremacy holds that no matter how high an individual is, laws are above the individual and the constitution is above all other laws. | **संवैधानिक सर्वोच्चता**<br>संवैधानिक सर्वोच्चतासम्बन्धी सिद्धान्त जसले व्यक्ति, जतिसुकै उच्च तहको किन नहोस्, मुलुकको कानुनअन्तर्गत रहने मान्यता अपनाएको हुन्छ । यस सिद्धान्तअन्तर्गत संविधान अन्य सबै कानुनहरूभन्दा माथि हुन्छ । |
| **Constitutionalism**<br>A belief in limited government. It also means constitutional governance with supremacy of laws, compliance of statutory provisions by the State and institutionalization of methods of conflict resolution through legal-rational means. It also means abiding by the rule of law and absence of arbitrary power exercised by the government. | **संविधानवाद**<br>सीमित सरकारको अवधारणा । यस अवधारणाले कानुनको सर्वोच्चतासहितको संवैधानिक शासकीय प्रणाली, राज्यद्वारा कानुनी प्रावधानहरूको पालना तथा कानुनी तर्कसङ्गत माध्यमहरूद्वारा द्वन्द्व समाधान गर्ने विधिहरूलाई संस्थागत गरिने कुरालाई बुझाउँछ । यसले सरकारद्वारा अधिकारको जथावाभी प्रयोग गर्ने कार्यमाथि नियन्त्रण गर्ने र विधिको शासनलाई पालना गर्ने पद्दतिलाई जनाउँछ । |
| **Constitutionality**<br>Conformity with the constitution. Constitutionality is a status of legality given to a law, statute, act, rules, procedures or administrative actions depending upon their conformity to constitutional provisions. | **संवैधानिकता**<br>संविधानसित सामञ्जस्यता । संवैधानिकता भनेको कुनै ऐन, कानुन, अध्यादेश नियम, कार्यविधि वा प्रशासनिक काम कार्वाहीहरूलाई संवैधानिक प्रावधानसित तिनको सामञ्जस्यतालाई हेरेर दिइने वैधानिकताको कानुनी हैसियत हो । |
| **Cooperative Federalism**<br>A type of federalism in which constituent units and the central authority agree to share responsibilities of policy formulation and service delivery. Cooperative federalism is often contrasted with competitive federalism. | **सहयोगात्मक सङ्घीयता**<br>एक प्रकारको सङ्घीय प्रणाली जसमा अङ्गीभूत एकाइहरू र केन्द्रीय सरकार नीति निर्माण तथा सेवा प्रदायसम्बन्धी जिम्मेवारीहरूको साझेदारी गर्न सहमत हुन्छन् । सहयोगात्मक सङ्घीयतालाई प्रायः प्रतिस्पर्धात्मक सङ्घीयताको विपरीत मानिन्छ । |

| | |
|---|---|
| **Cross-cultural**<br>Comparing, pertaining to or dealing with two or more different cultures. | **अन्तसांस्कृतिक**<br>दुई वा दुईभन्दा बढी भिन्नभिन्न संस्कृतिहरूको तुलना, व्याख्या र व्यवहार गर्ने तरिका । |
| **Cultural Autonomy**<br>Refers to the self-government of distinct cultural groups over issues that concern their identity. Non-majority groups claiming a distinct identity often seek cultural autonomy as a means to exercise direct control over matters of importance to the survival of their group, matters like education and language policies. | **सांस्कृतिक स्वायत्तता**<br>यसले पृथक् सांस्कृतिक समूहहरूको पहिचानसित सरोकार राख्ने मुद्दाहरूका हकमा स्वशासन भन्ने जनाउँछ । आफ्नो पृथक् पहिचानको दाबी गर्ने अल्पसङ्ख्यक समूहहरूले शिक्षा तथा भाषाजस्ता विषयहरूमा आफ्नो समूहको अस्तित्वको निरन्तरताका निम्ति महत्वपूर्ण हुने विषयहरूमाथि प्रत्यक्ष नियन्त्रण कायम गर्ने साधनहरूका रूपमा प्रायः सांस्कृतिक स्वायत्तताको खोजी गर्छन् । |
| **Customary Law**<br>Legal rules, often unwritten, that are based on existing practices of a community. | **परम्परागत कानुन**<br>समुदायका विद्यमान रीतिथितिहरूमा आधारित कानुनी नियमहरू जुन प्रायः अलिखित हुन्छन् । |
| **Customs**<br>Duties, fees or tolls that are levied upon export or import of goods and services. | **भन्सार**<br>वस्तु तथा सेवाहरूको निर्यात वा आयातमा लगाइने दस्तुर वा शुल्कहरू । |
| **Dalits**<br>A community that suffers social, economic, educational or political discrimination based on untouchability as practiced in the in Hindu Varna system. | **दलित**<br>हिन्दू वर्णव्यवस्थामा आधारित जातीय छुवाछुतका कारण सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिकलगायतका क्षेत्रमा भेदभावबाट प्रभावित समुदाय । |
| **De facto Government**<br>A government that has usurped the attributes of sovereignty from the rightful legal government and that maintains itself without constitutional or legal basis. It is used in contrast with a de jure government, which is established and maintained according to law. | **डी फ्याक्टो (विद्यमान) सरकार**<br>डी फ्याक्टो (विद्यमान) सरकार भनेको त्यो सरकार हो जसले जायज कानुनी सरकारबाट सार्वभौम गुणहरू हत्याएर विनासंवैधानिक वा कानुनी आधारमा आफूलाई कायम गर्छ । यो पदावली कानुनबमोजिम स्थापित भई कायम रहेको अधिकारयुक्त सरकारको विपरीत अर्थमा प्रयोग गरिन्छ । |

D

| | |
|---|---|
| **Debt Security**<br>Interest-bearing debt instruments issued by the borrower to raise capital from the market. Such instruments could be either negotiable or non-negotiable. | **कर्जा सुरक्षण/ऋणपत्र**<br>ऋण लिने व्यक्तिद्वारा बजारबाट पुँजी सङ्कलन गर्नका निम्ति जारी गरिने ब्याज उपार्जन हुने ऋणसम्बन्धी कानुनी बन्धपत्रहरू । यस प्रकारका बन्धपत्रहरू विनिमय गर्न सकिने वा नसकिने हुन सक्छन् । |
| **Decentralization**<br>A process of governance where constituent units exercise administrative, legislative and/or fiscal authority. The process is also defined as the transfer of authority from central government to lower levels of government in political, administrative and territorial hierarchy. | **विकेन्द्रीकरण**<br>शासकीय प्रणालीको त्यो प्रक्रिया जसमा अङ्गीभूत एकाइहरूले प्रशासनिक, कानुनी र/वा वित्तीय अधिकारको अभ्यास गर्छन् । यसलाई केन्द्रीय सरकारबाट तल्ला तहहरूमा रहेका राजनीतिक, प्रशासनिक तथा प्रादेशिक तहमा अधिकार हस्तान्तरण गर्ने प्रक्रियाका रूपमा पनि व्याख्या गर्ने गरिन्छ । |
| **De-concentration**<br>The physical distribution of administrative personnel away from the centre or capital. It can also be defined as transfer of governance responsibilities for specific functions. | **वियोजन**<br>केन्द्र वा राजधानीबाट प्रशासनिक कर्मचारीहरूको स्थानान्तरण गर्ने कार्य । यसलाई विशिष्ट कार्यहरूका निम्ति शासकीय दायित्वहरूको स्थानान्तरणका रूपमा व्याख्या गर्न पनि सकिन्छ । |
| **Delegated Jurisdiction and Responsibilities**<br>Governmental powers constitutionally assigned to one level of government which has transferred the authority to another level of government, subject to the condition that the transfer is revocable by that delegating authority. | **प्रत्यायोजित क्षेत्राधिकार तथा दायित्व**<br>संविधानद्वारा सरकारको कुनै तहलाई प्रदान गरिएको कार्यकारी अधिकार जसलाई आवश्यकताअनुसार सरकारको अर्को तहमा स्थानान्तरण गरिएको हुन्छ । यस्तो अधिकार संविधानमा उल्लेख भएबमोजिम वास्तविक अधिकारप्राप्त तहले चाहेको अवस्थामा फिर्ता लिन सक्छ । |
| **Delegated Legislation**<br>Legislation promulgated by an authority on the basis of power conferred on that body by the legislative authority having competence over the subject matter. For instance, legislature normally delegates authority to the executive (Cabinet) to make regulations or other detailed laws, usually within the framework of a larger piece of legislation. As well, some federations permit delegated legislation between orders of government. | **प्रत्यायोजित व्यवस्थापन**<br>निश्चित क्षेत्रमा अधिकारप्राप्त वैधानिक निकायले प्रदान गरेको अख्तियारको आधारमा कुनै अर्को निकायले निर्माण गरेको विधि ।<br>उदाहरणका लागि विधायिकाले कार्यकारिणी (मन्त्रिपरिषद्)लाई मूल ऐनको मातहतमा रहेर कानुन, नियम, विनियमहरू बनाउने अधिकार प्रदान गरेको हुन्छ । केही सङ्घीय मुलुकहरूले सरकारका विभिन्न तहहरूमा पनि यस्तो अधिकार प्रत्यायोजन गरेका हुन्छन् । |

| | |
|---|---|
| **Delegated Powers**<br>Powers that are assigned by one level of government to another on a revocable basis. | **प्रत्यायोजित अधिकार**<br>सरकारको एउटा तहद्वारा अर्को तहलाई फिर्ता लिन सक्ने गरी तोकिएका अधिकारहरू । |
| **Devaluation**<br>A downward adjustment in the exchange rate of a country's currency relative to foreign currencies. | **अवमूल्यन**<br>वैदेशिक मुद्राहरूको सापेक्षतामा देशभित्र आफ्नो राष्ट्रिय मुद्राको विनिमयदरमा सरकारद्वारा गरिने अधोमुखी समायोजन । |
| **Development Regions**<br>Division of the country into regions to coordinate developmental activities. In the 1970s, King Birendra introduced development regions as an integral part of planned economic development in Nepal. | **विकास क्षेत्र**<br>विकाससम्बन्धी क्रियाकलापहरूको समन्वयका निम्ति क्षेत्रहरूमा देशको भौतिक विभाजन । १९७० को दशकमा राजा वीरेन्द्रले योजनाबद्ध आर्थिक विकासको अभिन्न अङ्का रूपमा विकास क्षेत्रहरू निर्माण गरेका थिए । |
| **Devolution**<br>A process by which administrative, executive, legislative and fiscal powers are given to constituent units. Devolution differs from federalism in that the devolved powers may be repealed, that is taken back to the centre by the central government by ordinary legislation. It is different from decentralization in the sense that devolution involves transfer of political powers whereas decentralization is usually the transfer of administrative or fiscal powers. | **निक्षेपण**<br>यस्तो प्रक्रिया जसद्वारा अङ्गीभूत एकाइलाई प्रशासनिक, कार्यकारी, विधायकी तथा वित्तीय अधिकारहरू दिइन्छ । सङ्घीयताको विपरीत निक्षेपण गरिएका अधिकारहरू बदर गर्न अर्थात् केन्द्रीय सरकारद्वारा सामान्य कानुन निर्माण गरी केन्द्रमा फिर्ता लिन सकिन्छ । निक्षेपणमा राजनीतिक अधिकारहरूको स्थानान्तरण अन्तर्निहित हुन्छ जबकि विकेन्द्रीकरणमा प्रायः प्रशासनिक वा वित्तीय अधिकारहरूको मात्र स्थानान्तरण हुन्छ । |
| **Direct Democracy**<br>A form of governance in which direct participation of ordinary citizens in decision-making on specific issues of national or regional importance is assured. Use of referendums to validate important decisions in representative democracies or plebiscites in a presidential system of government is a form of direct democracy. Its use is popular in Switzerland. | **प्रत्यक्ष लोकतन्त्र**<br>सरकारको एक प्रणाली जसमा राष्ट्रिय वा क्षेत्रीय महत्वका निश्चित मुद्दाहरूमा निर्णय गर्दा नागरिकहरूको प्रत्यक्ष सहभागितालाई सुनिश्चित गरिन्छ । महत्वपूर्ण निर्णयहरूलाई वैधता प्रदान गर्न प्रतिनिधिमूलक लोकतन्त्रहरूमा प्रयोग गरिने जनमत सङ्ग्रह वा राष्ट्रपतीय प्रणालीको सरकारमा प्रयोग गरिने आममतदान प्रत्यक्ष लोकतन्त्रका रूपान्तरित स्वरूपहरू हुन् । स्विट्जरल्यान्डमा यस विधिको प्रयोग लोकप्रिय छ । |

| | |
|---|---|
| **Distinct Society**<br>A concept that owes its origin to constitutional debate in Canada on the Quebec question. A society that displays distinctive characteristics and identity that set it apart from all others in the matters of customs, faith, language and/or lifestyle can be described as a distinct society. | **विशिष्ट समाज**<br>यो क्वेबेकसम्बन्धी सवालमा क्यानाडामा भएको संवैधानिक बहसबाट पैदा भएको धारणा हो । रीतिरिवाज, आस्था, भाषा र/अथवा जीवनशैलीका आधारमा अन्य सबै समाजहरूभन्दा पृथक् पहिचान तथा विशेषता भएको समाजलाई विशिष्ट समाज भनी व्याख्या गर्न सकिन्छ । |
| **Distribution of Authority**<br>The allocation of executive, legislative and judicial authority to different levels of government within a federation. | **अख्तियारको वितरण**<br>सङ्घीय व्यवस्थाभित्र सरकारको विभिन्न तहमा कार्यकारी विधायिकी र न्यायिक अधिकारको बाँडफाँड । |
| **District Development Committee (DDC)**<br>A local government unit in Nepal at the district level elected by an electoral college consisting of directly elected representatives from Village Development Committees and Municipalities of the concerned districts. | **जिल्ला विकास समिति**<br>गाउँ विकास समिति तथा नगरपालिकाबाट निर्वाचित प्रतिनिधिहरूको निर्वाचन मण्डलबाट निर्वाचन गरिने जिल्ला तहको स्थानीय सरकारको एकाइ । |
| **Diversity**<br>The existence of distinct political, economic, social, cultural and demographic differences within a society. | **विविधता**<br>कुनै समाजभित्र टड्कारै देखिने सामाजिक, सांस्कृतिक र जनसाङ्ख्यिक भिन्नता विद्यमान भएको अवस्था । |
| **Double Federation**<br>A federal arrangement in Belgium where two sets of constituent units coexist, defined on different bases (regional vs. cultural) and with different authorities. | **दोहोरो सङ्घ**<br>बेल्जियमको सङ्घीय व्यवस्था जहाँ विभिन्न आधारहरू (जस्तै, क्षेत्र वा संस्कृति) का आधारमा परिभाषित अङ्गीभूत एकाइहरू पृथक् अधिकारहरूसहित सहअस्तित्वमा रहेका छन् । |

| | |
|---|---|
| **Double Majority Voting**<br>A system of putting important political decisions to vote where two types of majority are required for a measure to be approved. In Switzerland, for example, the passing of a constitutional amendment requires a double majority; not only must a majority of people vote in favor of the amendment, but a majority of cantons must also give their consent. This serves as a protective mechanism for smaller cantons. | **दोहोरो बहुमतीय मतदान**<br>मतदानद्वारा महत्वपूर्ण राजनीतिक निर्णयहरू लिइने प्रणाली जसमा दुई किसिमबाट बहुमत सिद्ध गरिन्छ । उदाहरणका लागि स्विट्जरल्यान्डमा संविधानको संशोधनलाई पारित गर्न दोहोरो बहुमतको आवश्यकता पर्छ । यसप्रकारको संशोधनका पक्षमा बहुसङ्ख्यक मतदाताको भोट मात्र नभई बहुसङ्ख्यक क्यान्टोनहरूले पनि आफ्नो सम्मति दिनुपर्छ । ठूला क्यान्टोनहरूले साना क्यान्टोनहरूमाथि संशोधनहरू थोपर्न नपाऊन् भनेर यस्तो व्यवस्था गरिएको हो । |
| **Dual Federalism**<br>The classical federal idea of a strict legislative division of powers in a federation, where each order of government legislates and administers autonomously in its own distinct sphere or areas of constitutional competence. In practice, modern federations combine elements of dualism with cooperative and integrated forms of federalism. | **द्विसङ्घीयता**<br>सङ्घीयतामा अधिकारको प्रस्ट तथा वैधानिक बाँडफाँडका सन्दर्भमा प्रयोग गरिने शास्त्रीय सङ्घीय सिद्धान्त । यस सिद्धान्तमा सरकारको हरेक तहले आफ्नो संवैधानिक हैसियतको दायराभित्र रहेर स्वाधीन रूपले वैधानिक तथा प्रशासकीय अधिकारको उपयोग गर्छन् । व्यवहारमा आधुनिक सङ्घहरूले द्विसङ्घीयताका मान्यताहरूलाई सहयोगात्मक तथा एकीकृत स्वरूपमा मिसाएको पाइन्छ । |
| **Earmarked Revenue**<br>Tax revenue from specified sources that must be allocated to specified expenditure; also called hypothecated tax. This revenue is reserved or set aside for a particular purpose and is different from general tax. It may or may not be associated with transfers between orders of government. | **छुट्याइएको राजस्व**<br>निर्दिष्ट स्रोतहरूबाट प्राप्त हुने राजस्व जसलाई निर्दिष्ट खर्चका निम्ति विनियोजन गर्नु जरूरी हुन्छ । यसलाई अनुमानित कर पनि भनिन्छ । यो कर सरकारका विभिन्न तहहरूबीच रकम हस्तान्तरण गर्नुनपर्ने गरी पनि व्यवस्था गर्न सकिन्छ । |
| **Economic Liberalization**<br>Program of reducing government ownership and regulation of the economy; typically advanced through privatization, deregulation and the phasing out of customs tariffs and import controls. | **आर्थिक उदारीकरण**<br>अर्थतन्त्रमा सरकारको स्वामित्व र नियमनलाई न्यून तुल्याउने कार्यक्रम । विशेषतः निजीकरण, विनियमन तथा भन्सार महसुल एवं आयातमाथिको नियन्त्रणलाई समाप्त गर्दै जाने प्रक्रियाद्वारा अघि बढाइएको आर्थिक कार्यक्रम । |

| | |
|---|---|
| **Economic Union**<br>A policy to integrate the internal market of a federation by reducing or eliminating barriers to trade in goods and services, to labor mobility and to financial transactions. An economic union harmonizes regulatory policies and programs of component entities such as provinces or states. | **आर्थिक सङ्घ**<br>सङ्घको आन्तरिक बजारलाई एकीकृत गर्नका लागि अपनाइने नीति जसबाट वस्तु तथा सेवासम्बन्धी व्यापार, श्रमको गतिशीलता तथा वित्तीय कारोबारका अवरोधहरू कम गर्ने वा हटाउने लक्ष्य राखिएको हुन्छ । आर्थिक सङ्घले नियमनकारी नीति तथा प्रान्त वा राज्यजस्ता सङ्घटक पक्षका कार्यक्रमहरूबीच सामञ्जस्य कायम गर्छ । |
| **Economies of Scale**<br>Economies of scale arise when the cost per unit falls as output increases. | **आयतनको अर्थलाभ**<br>कुनै पनि वस्तुको उत्पादन र आपूर्तिको वृद्धि भई एकाइ लागत घट्दा उत्पन्न हुने अर्थलाभ । |
| **Electoral System**<br>The method of converting votes into seats in an elected body. | **निर्वाचन प्रणाली**<br>जनताले खसाएको भोटका आधारमा निर्वाचित एकाइको सिटसङ्ख्या निर्धारण गर्ने पद्धति । |
| **Enabling Legislation**<br>Legislation that gives specified officials the authority to implement or enforce a law. | **अख्तियारी दिने कानुन**<br>निर्दिष्ट अधिकारीहरूलाई कानुनको कार्यान्वयन गर्न अधिकार प्रदान गर्ने कानुनी व्यवस्था । |
| **Entitlement**<br>A constitutional provision, government policy or program that guarantees and provides benefits to a particular group. | **प्रत्याभूति**<br>त्यस्तो संवैधानिक प्रबन्ध, सरकारी नीति वा कार्यक्रम जसले खास समूहका लाभहरूको प्रत्याभूति गर्छ र ती लाभहरू उपलब्ध गराउँछ । |

| | |
|---|---|
| **Enumerated Powers**<br>The powers for specific areas of law making that are explicitly assigned to one or more levels of government in a federation. These are distinct from residual powers which are for areas that are not specified but are typically assigned to just one order of government. For example, the federal level of government in the United States of America has only enumerated powers, specifically granted to it in the Constitution, while the states have residual powers. In order to ensure the balance of power between constituent governments and the central government and to maintain transparency, federal systems often enumerate legislative, taxation and fiscal powers for all levels of government, particularly the central government and constituent governments. In such cases, the residual powers are less important. | **सूचीकृत अधिकार**<br>निश्चित क्षेत्रका लागि कानुन बनाउने अधिकार जुन सङ्घीय प्रणालीमा सरकारको कुनै एक वा एकभन्दा बढी तहलाई किटानीकासाथ दिइएको हुन्छ । यी अधिकारहरू किटानी नगरिएका अवशिष्ट अधिकारभन्दा फरक छन्, जुन सरकारको कुनै एक तहका लागि छुट्याइएको हुन्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाको सङ्घीय सरकारसँग संविधानले प्रदान गरेका सूचीकृत अधिकारहरू मात्र छन् भने राज्यहरूसँग अवशिष्ट अधिकारहरू रहेका छन् । प्रान्तहरू र सङ्घीय सरकारबीच अधिकारको सन्तुलन तथा पारदर्शिता सुनिश्चित गर्नका निम्ति केही सङ्घीय प्रणालीहरूमा विधायिकी अधिकार, कर लगाउने अधिकार तथा वित्तीय अधिकारहरू सबै तहका सरकारहरू, विशेष गरी संङघीय सरकार र अङ्गीभूत एकाइका सरकारलाई प्राय सूचीकृत गरिएको हुन्छ । यस्तो सन्दर्भमा अवशिष्ट अधिकारहरूको महत्व कम हुन्छ । |
| **Equal Representation**<br>It applies to individuals or groups. Representation proportional to the size of groups is essentially based on equal representation for individuals (representation by population). It can also apply to electoral systems, where political parties are given representation proportional to their share of the popular vote (proportional representation). Finally, in some federations, the principle is applied to groups and particularly to constituent units where each unit gets equal representation of some kind in some federal institutions, most notably the upper house of the central legislature. | **समान प्रतिनिधित्व**<br>समान प्रतिनिधित्वको अवधारणा व्यक्ति वा समूह दुवैका सन्दर्भमा लागु हुन्छ । समूहको आकारका अनुपातमा हुने प्रतिनिधित्व मूलतः व्यक्तिको समान प्रतिनिधित्व (जनसङ्ख्याको आधारमा प्रतिनिधित्व) मा आधारित हुन्छ । यो मान्यता निर्वाचन प्रणालीका सन्दर्भमा पनि लागु हुन सक्छ जहाँ राजनीतिक दलहरूलाई उनीहरूले प्राप्त गरेको मतका अनुपातमा (समानुपातिक प्रतिनिधित्व) प्रतिनिधित्व प्रदान गरिन्छ । अन्तमा, केही सङ्घहरूमा यस मान्यताको प्रयोग सामाजिक समूह वा सङ्घीय एकाइको प्रतिनिधित्वका सन्दर्भमा पनि गरिन्छ  जसमार्फत् सामाजिक समूह वा सङ्घीय एकाइहरूले सङ्घीय संस्थाहरू (जस्तै, माथिल्लो सदन)मा समान प्रतिनिधित्व प्राप्त गर्छन् । |

| | |
|---|---|
| **Equalization**<br>Redistribution of revenues within a federation to provide a minimum equitable standard of resources for constituent units and thus to ensure citizens have a comparable level of government services regardless of their place of residence. It is typically based on a formula that takes into account either/or both the recipient government's own source revenue capacity and/or its expenditure requirements (needs of different jurisdictions). Whatever the precise formula, such programs usually bring poorer constituents units close to a national average or national mean standard across the federation. Equalization programs are most developed in richer federations. | **समानीकरण**<br>अङ्गीभूत सरकारहरूलाई स्रोत-साधनहरू न्यूनतम तथा समतामूलक रूपमा उपलब्ध गराई नागरिकहरूलाई तिनको बसोबास जुनसुकै एकाइमा भए तापनि सरकारी सेवाहरू उपयुक्त मात्रामा उपलब्ध हुने कुरालाई सुनिश्चित गर्न सङ्घभित्र राजस्वको पुनःवितरण गर्ने कार्य । यो कार्य राजस्व प्राप्त गर्ने सरकारको आफ्नै स्रोतको राजस्व क्षमता वा/र खर्चसम्बन्धी उसका आवश्यकताहरू (भिन्नभिन्न इलाकाहरूका आवश्यकताहरू) वा दुवै कुरामाथि ध्यान दिँदै विशिष्ट सूत्रका आधारमा तय गरिन्छ । विशिष्ट सूत्र जेजस्तो भए पनि यस प्रकारका कार्यक्रमहरूले समान्यतया गरिब अङ्गीभूत एकाइहरूलाई राष्ट्रिय औसत स्तरको नजिक ल्याउँछन् । समानीकरणका कार्यक्रमकहरू समृद्ध सङ्घीय राज्यहरूमा बढी विकसित भएको पाइन्छ । |
| **Equalization Payments**<br>Revenue transfers from the federal government (and sometimes from richer constituent units) to offset differences in revenue-raising capacity and sometimes expenditure needs of constituent units. | **भुक्तानी समानीकरण**<br>राजस्व सङ्कलन गर्ने क्षमता वा आवश्यक पर्ने खर्चको हकमा हुन सक्ने विभेदहरूलाई हटाउने उद्देश्यले सङ्घीय सरकारबाट र कहिलेकाहीँ धनी एकाइहरूबाट राजस्व स्थानान्तरण गर्ने कार्य । |
| **Ethnicity**<br>A term used to identify specific communities on the basis of traditions, culture or language. | **जनजातीयता**<br>परम्परा, संस्कृति वा भाषाका आधारमा समुदाय विशेषको पहिचान गर्न प्रयोग गरिने शब्दावली । |
| **Ethnofederalism**<br>A federal political system in which territorial constituent units are explicitly designated as ethnic homelands. Ethiopia is an example of ethnofederation. | **जनजातीय सङ्घीयता**<br>एक सङ्घीय राजनीतिक प्रणाली जसमा एकाइहरूको संरचना विशुद्ध रूपमा जातीय थातथलोका आधारमा निर्माण गरिन्छ । इथियोपिया जनजातीय सङ्घीयताको एउटा उदाहरण हो । |

| | |
|---|---|
| **Ethnonationalism**<br>A form of nationalism wherein the nation is defined in terms of ethnicity. Ethnonationalism is usually contrasted to civic nationalism wherein the nation is defined in terms of political membership of the whole country rather than descent or ancestry. | **जातीय राष्ट्रवाद**<br>जातीयताका आधारमा राष्ट्रको परिभाषा गरिने राष्ट्रवादको एक स्वरूप । जातीय राष्ट्रवादको अवधारणालाई नागरिक राष्ट्रवादको अवधारणाबाट छुट्याएर हेर्न सकिन्छ जसमा राष्ट्रको परिभाषा वंश वा पुर्ख्यौलीका आधारमा नभई सम्पूर्ण राष्ट्रको राजनीतिक सदस्यताका आधारमा गरिन्छ । |
| **Exchange Rate Control**<br>The official regulation of the price of foreign currency in terms of domestic currency also known as domestic price of foreign currency. | **विनिमयदर नियन्त्रण**<br>वैदेशिक मुद्राको घरेलु मुद्राको मूल्यसँग गरिने सटहीदरको सरकारद्वारा आधिकारिक नियमन गर्ने तरिका । |
| **Exclusive Competence**<br>Power assigned exclusively to one order of government rather than being exercised concurrently in a federation. | **एकल हैसियत**<br>सङ्घीय राज्यको अधिकार विभिन्न तहका सरकारहरूले संयुक्त रूपमा प्रयोग गर्ने नभई आआफ्नो तहमा अलगअलग प्रयोग गर्ने व्यवस्थालाई एकल हैसियत भनिन्छ । |
| **Executive Federalism**<br>A type of federalism that tends to be dominated by the executive branches such as heads of government and cabinets. The role of legislatures is downplayed in this type of federalism. It can be particularly strong in parliamentary federations, for example, Canada, Australia, Germany and India, where the executives of each government are supported by majorities in their legislatures and the legislatures are highly likely to adopt decisions agreed upon by their executives. | **कार्यकारी सङ्घीयता**<br>कार्यकारी सङ्घीयता, सङ्घीताको त्यस्तो स्वरूप जसमा सरकार र मन्त्रिपरिषद्जस्ता कार्यकारी निकायहरूको प्रभुत्व बढी रहने गर्छ । यस प्रकारको सङ्घीयतामा व्यवस्थापिकाको भूमिकालाई न्यूनीकरण गरिन्छ । यसप्रकारको सङ्घीयता क्यानाडा, अस्ट्रेलिया जर्मनी र भारतजस्ता मुलुकहरूमा सशक्त रूपमा रहेको देखिन्छ जहाँ संसदीय बहुमतका आधारमा कार्यपालिकाले गरेका निर्णयहरूलाई व्यवस्थापिकाले अनुमोदन गर्ने सम्भावना बढी रहन्छ । |
| **Executive Power**<br>Power to put decisions, laws etc., into effect (power conferred upon the executive). In some federations, the federal executive has extensive independent authority to make laws by decree or in circumstances of a national emergency. | **कार्यकारी अधिकार**<br>निर्णय, कानुन आदि लागु गर्ने अधिकार (कार्यकारीलाई दिइएको अधिकार) । केही सङ्घीय देशहरूमा सङ्घीय कार्यपालिकालाई आदेश जारी गरी राष्ट्रिय सङ्कटका बेला कानुन बनाउने व्यापक स्वतन्त्रता हुन्छ । |

| | |
|---|---|
| **Expenditure responsibilities**<br>Responsibilities of each level of government in a decentralized system of governance for delivering goods and services, administering the service delivery, financing a service and setting standards, regulations or policies guiding the provision of government services. Most federal constitutions are written in terms of legislative responsibilities and the expenditure responsibilities are implicitly linked to these. However, some federations explicitly indicate which order of government shall administer programs, often in a context of concurrent legislative power. | **खर्चको उत्तरदायित्व**<br>विकेन्द्रित शासन प्रणालीमा सरकारका हरेक तहको उत्तरदायित्व। वस्तु तथा सेवाको आपूर्ति, प्रशासनिक सेवाको प्रभावकारी व्यवस्थापन, वित्तीय प्रबन्ध तथा सेवाको स्तरको व्यवस्थापन तथा सरकारी सेवाका नीति तथा प्रबन्धहरूको अनुगमनका लागि यस्तो उत्तरदायित्वको निर्धारण गरिएको हुन्छ । अधिकांश सङ्घीय संविधानमा विधायिकी दायित्वहरूको किटान गरिएको हुन्छ जसले खर्चको उत्तरदायित्वलाई अप्रत्यक्ष रूपमा परिभाषित गरेका हुन्छन्। तर, केही सङ्घहरूले भने (विशेष गरी समवर्ती अधिकारहरू भएका सन्दर्भमा) कुन तहको सरकारले कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने कुरा संविधानमा नै स्पष्ट रूपमा उल्लेख गरेका हुन्छन् । |
| **Extra-constitutional**<br>Something that is not provided for in the constitution, for example an extra-constitutional power. Extra-constitutional does not necessarily mean unconstitutional, that is, in violation of constitution. | **संविधान अतिरिक्त**<br>संविधानमा उल्लेख नगरेका अधिकारहरू। संविधान अतिरिक्तको अर्थ असंवैधानिक नै हो भन्ने होइन । |
| **Extra-judicial**<br>A measure undertaken without proper judicial authorization and contrary to the law. For example, an extra-judicial execution. | **गैर-न्यायिक**<br>उपयुक्त न्यायिक अधिकार वा निर्णयविना कानुनविपरीत गरिएको कारवाही । यसको उदाहरणका रूपमा गैर-न्यायिक हिरासतलाई लिन सकिन्छ । |
| **Federacy**<br>A term which refers to political arrangements where a smaller unit or units are linked to a larger unitary or federal polity, but the smaller unit or units retain considerable autonomy except over foreign affairs and defence, have a minimum role in the management of the larger one, and the relationship can be dissolved only by mutual agreement. Examples are Puerto Rico and the Northern Marianas in relation to the United States of America. | **आङ्गिक सङ्घीयता**<br>एक राजनीतिक प्रबन्ध जसमा साना एकाइ वा एकाइहरू ठूलो एकात्मक वा सङ्घीय राज्यसँग आबद्ध हुन्छन् तर साना एकाइहरूले परराष्ट्र र रक्षामा बाहेक अन्य विषयमा उल्लेख्य रूपमा स्वायत्ततालाई सुरक्षित गरेका हुन्छन् । र, ठूलो एकाइको व्यवस्थापनमा उनीहरूको न्यून भूमिका हुन्छ। यस्तो प्रबन्ध आपसी सहमतिमा खारेज गर्न सकिन्छ । पोर्टो रिको नर्दन मरियन्सको संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध यसको उदाहरण हो । |

| | |
|---|---|
| **Federal Account/Budget**<br>A detailed, formal statement of the federal government's planned expenditures and anticipated receipts for the upcoming year, usually submitted to and approved by the legislature. It includes sources of revenue, intergovernmental transfers and expenditures. | **सङ्घीय लेखा/बजेट**<br>आगामी वर्षका लागि सामान्यतः व्यवस्थापिकामा पेस गरी स्वीकृत गरिएको सङ्घीय सरकारको योजनाबद्ध अनुमानित खर्च तथा आय र यसको स्रोतको विस्तृत तथा औपचारिक विवरण । यसमा राजस्वका स्रोत एवम् अन्तर्सरकारी स्थानान्तरणहरूलगायतका खर्चहरू समाविष्ट हुन्छन् । |
| **Federal Autonomy**<br>The autonomy or space for self-rule available to constituent governments or regions within a federation. | **सङ्घीय स्वायत्तता**<br>सङ्घीय राज्यभित्र उप-केन्द्रीय राष्ट्रिय सरकार वा क्षेत्रलाई स्वशासनका लागि उपलब्ध हुने स्वायत्तता वा स्थान । |
| **Federal Capital District or Territory**<br>A geographic area which is the seat of the federal capital in some federations and which has a special constitutional status, where the federal government has special powers over local government. Washington, Canberra, Delhi, Brazilia and Mexico City are examples. | **स्वायत्त नगर**<br>केही सङ्घीय देशहरूमा राजधानीको प्रयोजनका लागि विशेष संवैधानिक हैसियतसहित तोकिएको एक निश्चित भौगोलिक क्षेत्र जसमा स्थानीय सरकारमाथि सङ्घीय सरकारको विशेष अधिकार हुन्छ । वासिङ्गटन, क्याबेरा, दिल्ली, ब्राजिलिया र मेक्सिको सिटी यसका केही उदाहरणहरू हुन् । |
| **Federal Constitutional Court**<br>The final court of appeal with decisive power of resolving constitutional issues. For example, Bundesverfassungsgericht (i.e. Federal Constitutional Court) in Germany is the final judicial body on matters of constitutional law. In some federations, constitutional issues are judged by the country's supreme court. | **सङ्घीय संवैधानिक अदालत**<br>संवैधानिक मुद्दाहरूको छिनोफानो गर्ने निर्णायक शक्ति भएको अन्तिम अदालत । उदाहरणका लागि, जर्मनीको बुनडेसभर्फासुङ्सगेरिच्ट (अर्थात् सङ्घीय संवैधानिक अदालत) संवैधानिक कानुनसम्बन्धी विषयहरूकोअन्तिम न्यायिक निकाय हो । केही सङ्घीय देशहरूमा त्यस देशको सर्वोच्च अदालतले नै संवैधानिक मुद्दाहरू हेर्छ । |
| **Federal Court**<br>A court with jurisdiction over matters of federal law, as opposed to laws of constituent units or constitutional laws. It is usually funded by the federal government. | **सङ्घीय अदालत**<br>अङ्गीभूत एकाइका कानुन वा संवैधानिक कानुनको नभई सङ्घीय कानुनकामाथि क्षेत्राधिकार भएको अदालत । यसका लागि आवश्यक स्रोतसाधन सामान्यतः सङ्घीय सरकारले प्रदान गर्छ । |

| | |
|---|---|
| **Federal Democracies**<br>A federation of democratic constituent units with a democratic federal government, each with powers and authority assigned by a supreme constitution. | **सङ्घात्मक लोकतन्त्र**<br>लोकतान्त्रिक अङ्गीभूत एकाइहरूको सङ्घ जसमा एक लोकतान्त्रिक केन्द्रीय सङ्घीय सरकार हुन्छ र जहाँ संविधानले सबै तहका सरकारका लागि अधिकार र उत्तरदायित्व तोकिदिएको हुन्छ । |
| **Federal Government**<br>The central government of a federated state. A federal government may be named in different ways such as national government in South Africa, Commonwealth government in Australia, Union government in India, and federal government in the United States of America. | **सङ्घीय सरकार**<br>सङ्घीय राज्यको केन्द्रीय सरकार । सङ्घीय सरकारलाई विभिन्न नामबाट सम्बोधन गरिन्छ, जस्तै दक्षिण अफ्रिकामा राष्ट्रिय सरकार, अस्ट्रेलियामा कमनवेल्थ सरकार, भारतमा युनियन सरकार र संयुक्त राज्य अमेरिकामा सङ्घीय सरकार छ । |
| **Federal Loyalty**<br>Denotes loyalty of governments—federal and constituent units—towards the federal system of government. It also implies solidarity of governments towards one another. | **सङ्घीय निष्ठा**<br>सङ्घीय प्रणालीप्रति सङ्घीय सरकार र एकाइका सरकारहरूको निष्ठालाई जनाउँन प्रयोग गरिने शब्द । यसले सरकारहरूबीच एकअर्काप्रतिको ऐक्यबद्धतालाई पनि बुझाउँछ । |
| **Federal Mandate**<br>A legal requirement set by the federal government that binds constituent units. In Germany, it is usually in the form of a new law of the central government requiring tasks to be executed by governments of constituent units. Such mandates establish overarching policy standards or frameworks in particular areas where the responsibility otherwise lies with the Länder (i.e. constituent units in Germany). The United States government can also impose certain mandates on states, using the trade and commerce power or the federal supremacy clause. As well, mandates can be conditions of federal funding of programs by constituent units. | **सङ्घीय कार्यादेश**<br>सङ्घीय सरकारद्वारा अङ्गीभूत एकाइहरूका लागि तोकिएको कानुनी प्रबन्ध । जर्मनीमा सामान्यतः केन्द्रीय सरकारले कानुनद्वारा एकाइहरूले गर्नुपर्ने कामहरूको निर्धारणका लागि सङ्घीय कार्यादेश जारी गर्छ । यस प्रकारको कार्यादेशले ल्यान्डर (अर्थात् जर्मनीका सङ्घीय एकाइहरू) को कार्यक्षेत्रलाई निर्देशित गर्न नीतिगत मानक एवं खाकाहरू निर्माण गर्छ । संयुक्त राज्य अमेरिकाको सरकारले राज्यहरूमाथि उद्योग तथा व्यापारसम्बन्धी अधिकार वा सङ्घीय प्रभुत्वको प्रावधान प्रयोग गरेर केही कार्यादेशहरू लागु गराउन सक्छ । |

| | |
|---|---|
| **Federal President**<br>Head of the federal executive branch and head of State in presidential-congressional systems and sometimes the head of State in parliamentary systems. | **राष्ट्रपति**<br>राष्ट्रपतीय प्रणाली भएका देशहरूमा सङ्घीय सरकारको प्रमुख र संसदीय व्यवस्थामा राष्ट्रप्रमुख । |
| **Federal Supervision**<br>Administrative and legal regime under which the federal government exercises supervisory authority specifically where federal funding or federal mandate is involved. | **सङ्घीय सुपरिवेक्षण**<br>प्रशासनिक तथा कानुनी व्यवस्था जसअन्तर्गत सङ्घीय सरकारले विशेष गरेर सङ्घीय स्रोत-साधन वा सङ्घीय कार्यादेश संलग्न हुने क्षेत्रमा सुपरिवेक्षणकारी अधिकारको अभ्यास गर्छ । |
| **Federalism**<br>Federalism refers to a broad category of political systems in which, by contrast with the single central source of political and legal authority in unitary systems, there are two or more constitutionally established orders of government, each directly elected, and each order having some autonomy from the other in terms of the powers assigned to it. The system combines elements of shared rule (collaborative partnership) through a common government and regional self-rule (constituent unit autonomy) for the governments of the constituent units. | **सङ्घीयता**<br>संघीयता भन्नाले एक बृहत् प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ जसमा एकात्मक प्रणालीको जस्तो राजनीतिक तथा कानुनी अधिकारको एकल तथा केन्द्रीकृत स्रोतको विपरित दुई वा सोभन्दा बढी सरकारका तहहरू संविधानमार्फत् स्थापित भएका हुन्छन् । यस प्रणालीमा सरकारका हरेक तहहरू प्रत्यक्ष निर्वाचनमार्फत् गठन भएका हुन्छन् भने अधिकारको बाँडफाँडका आधारमा हरेक तहको सरकारलाई अर्को तहबाट केही स्वायत्तता प्राप्त हुन्छ । संघीय प्रणालीभित्र साझा सरकारको प्रबन्धका माध्यमद्वारा सत्ता साझेदारी (सहकार्यको सम्बन्ध) र एकाइका सरकारहरूलाई क्षेत्रीय स्वशासन (अङ्गीभूत एकाइको स्वायत्तता) का तत्वहरू समावेश हुन्छन् । |
| **Federalism by Aggregation**<br>The creation of a federation by joining previously independent units under a common entity. | **यौगिक सङ्घीयता**<br>विगतमा स्वाधीन रहेका एकाइहरू साझा संरचनामा मिल्न आउने प्रक्रियाबाट निर्माण हुने सङ्घीय प्रणाली । |
| **Federalism by Disaggregation**<br>A federal system formed when a unitary state transforms itself into a federation by forming autonomous constituent units. | **आङ्गिक सङ्घीयता**<br>एकात्मक प्रकृतिको राज्य रूपान्तरण भएर निर्माण भएको स्वायत्त अङ्गीभूत एकाइसहितको सङ्घीय प्रणाली । |

| | |
|---|---|
| **Federation**<br>A political union comprising constituent units with a large measure of self-government combined with a federal government responsible for shared interests, each order of government possessing authority assigned to it by constitution, each empowered to deal directly with the citizens in the exercise of its legislative, executive and taxing powers, and each with major institutions directly elected by the citizens. The written constitution distributing authority to the different orders of government cannot be unilaterally amended by either order. | **सङ्घ**<br>एक राजनीतिक सङ्घ जसमा स्वशासनसहितका अङ्गीभूत एकाइहरू सामूहिक प्रयोजनका लागि सङ्घीय सरकारमार्फत् एकआपसमा आबद्ध भएका हुन्छन । यी सङ्घीय सरकार र स्वशासित एकाइहरूलाई जनताले संविधानमार्फत् प्रत्यक्ष शासन गर्ने अधिकार प्रदान गरेका हुन्छन् । यी अधिकारहरू कार्यकारी, व्यवस्थापकीय र न्यायिक हुन्छन् । कार्यकारी र व्यवस्थापिकाका अधिकारहरू प्रयोग गर्ने निकायहरू नगरिकद्वारा प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । यसरी अधिकार बाँडफाँड गर्ने लिखित संविधान कुनै पनि सरकारको तहले एकतर्फी रूपमा संशोधन गर्न सक्दैन । |
| **Fiscal Constitution**<br>The constitutional division of powers among different orders of government on revenue raising responsibilities and spending powers and provisions governing intergovernmental transfers and fiscal discipline. Federations differ regarding how many of these issues, especially relating to transfers, are set down in the constitution. | **वित्तीय संविधान**<br>सङ्घीय र अङ्गीभूत सरकारबीच राजस्व सङ्कलन र खर्च गर्ने जिम्मेवारी तथा वित्तीय अनुशासन कायम गराउनका लागि तथा अन्तर्सरकारी रकम हस्तान्तरणका लागि अधिकार र दायित्वको बाँडफाँडलाई व्यवस्थित गर्ने संवैधानिक व्यवस्था । यस्ता विषयहरू, खासगरी अन्तर्सरकारी रकम हस्तान्तरणको विषय, संविधानमामा स्पष्ट उल्लेख गर्ने कुरामा भने सङ्घहरूमा विविध अभ्यास रहेको पाइन्छ । |
| **Fiscal Coordination**<br>Processes to coordinate taxing, borrowing and expenditure policies between orders of government in a federal system, notably to control debt and deal with economic cycles. | **वित्तीय समन्वय**<br>खासगरी ऋणलाई नियन्त्रण गर्ने तथा वित्तीय चक्रलाई सन्तुलनमा राख्ने उद्देश्यले सङ्घीय प्रणालीमा विभिन्न तहका सरकारहरूको कर सङ्कलन गर्ने, ऋण लिने र खर्च गर्ने नीतिहरूबीच संयोजन गर्ने प्रक्रिया । |

| | |
|---|---|
| **Fiscal Co-participation**<br>Fiscal arrangements under which constituent units and federal governments share responsibility for financing certain joint projects or programs. It may also include shared access to specific revenue sources negotiated as a contract between all levels of government in a federation. | **संयुक्त वित्तीय सहभागिता**<br>वित्तीय प्रबन्धहरू जसअन्तर्गत प्रान्तीय तथा केन्द्रीय सरकार निश्चित संयुक्त आयोजना वा कार्यक्रमहरूमा लगानी गर्ने कार्यमा साझेदारी गर्छन् । यसमा राजस्वका निश्चित स्रोतहरूमा पहुँच हुने विषयमा सङ्घीय सरकारका सबै तहहरूबीचको करारका रूपमा गरिने सम्झौता पनि पर्न सक्छन् । |
| **Fiscal Discipline**<br>Avoidance by government of excessive or sustained budget deficit or debt; also fiscal responsibility or sound finances. | **वित्तीय अनुशासन**<br>सरकारको अत्यधिक वा निरन्तर बजेट घाटा वा ऋणबाट जोगिने कार्य । यसमा वित्तीय जिम्मेवारी वा सुदृढ वित्तीय व्यवस्था पनि पर्छ । |
| **Fiscal Disparity**<br>The differences in revenue capacity between constituent units in a federation resulting from their different resource endowment and strength of their local economies. | **असमान वित्तीय क्षमता**<br>सङ्घका एकाइहरूबीच तिनले सङ्कलन गर्ने राजस्वको विभिन्न स्रोत तथा स्थानीय आर्थिक क्षमताबाट देखा पर्ने राजस्व क्षमतासम्बन्धी भिन्नता । |
| **Fiscal Equilibrium**<br>A concept of the balance between fiscal needs and fiscal means, especially of constituent units. It may also refer to the balance between the federal and constituent governments. This always includes elements of subjective judgment whether there is fiscal equilibrium or not. | **वित्तीय समानीकरण**<br>विशेष गरी सङ्घीय एकाइहरूका वित्तीय आवश्यकता र वित्तीय स्रोतहरूबीचको सन्तुलनलाई जनाउने अवधारणा । यस पदावलीले सङ्घ र एकाइहरूबीचको वित्तीय असन्तुलनलाई सन्तुलित बनाउने प्रक्रियालाई पनि बुझाउँछ । वित्तीय सन्तुलन भएनभएको निष्कर्ष निकाल्नका लागि सामान्यत: ठोस आधार र प्रक्रियाहरू भने हुँदैनन् । |
| **Fiscal Federalism**<br>The arrangements and practices regarding the allocation of taxing, spending and regulatory functions and inter-governmental transfers amongst different orders of government within a federation. | **वित्तीय सङ्घीयता**<br>सङ्घीय प्रणालीमा सरकारका विभिन्न तहबाट कर उठाउने, खर्च गर्ने, नियमन गर्ने तथा विभिन्न तहका सरकारबीच राजस्व बाँडफाँड गर्ने व्यवस्था र अभ्यास । |

F

| | |
|---|---|
| **Fiscal Policy**<br>Means by which a government adjusts its levels of income and expenditures (taxation, spending, borrowing, deficit etc.) in order to monitor and influence a nation's economy. In a federal system, both the federal government and the constituent units conduct fiscal policy in accordance with constitutional or other arrangements, provisions and conditions. | **वित्त नीति**<br>वित्त नीति त्यस्तो माध्यम हो जसबाट कुनै पनि सरकारले राष्ट्रको अर्थतन्त्रलाई अनुगमन गर्ने तथा प्रभाव पार्ने उद्देश्यले आय तथा व्ययको स्तर (कर, खर्च, ऋण, घाटा, आदि) लाई समायोजन गर्ने गर्छ । सङ्घीय प्रणालीमा सङ्घीय सरकार र उसका अङ्गीभूत एकाइहरू दुवैले संवैधानिक वा अन्य प्रबन्ध तथा सर्तहरूको उपयोग गर्दै वित्त नीतिहरूको निर्माण र उपयोग गर्छन् । |
| **Fiscal Referendum**<br>Part of the Swiss practice of direct democracy whereby citizens can initiate and decide through referendums binding their governments on fiscal matters. | **वित्तीय जनमतसङ्ग्रह**<br>प्रत्यक्ष लोकतन्त्रसम्बन्धी स्विस अभ्यासको अङ्ग जसमा नागरिकहरूले वित्तीय मामिलाहरूमा आफ्ना सरकारहरूलाई अनुबन्धित गराउनका निम्ति जनमतसङ्ग्रहको पहल गर्न र त्यसलाई पारित गराउन सक्छन् । |
| **Flat Tax**<br>A system that taxes everyone's income at the same rate, regardless of their income. | **एकनासे कर दर**<br>व्यक्तिहरूको आम्दानीको वास्ता नगरी प्रत्येक व्यक्तिको आयमाथि एकै दरमा कर लगाउने प्रणाली । |
| **Foreign Exchange**<br>Instruments of exchange such as paper currency, notes and cheques that are used to make payments between individuals, organizations, or countries that use different currencies. | **वैदेशिक विनिमय**<br>पृथक् मुद्रा प्रयोग गर्ने विभिन्न व्यक्ति, सङ्गठन वा देशहरूका बीचमा भुक्तानी दिन प्रयोग गरिने कागजी मुद्रा, नोट र चेकहरूजस्ता विनिमयका माध्यमहरू । |
| **Framework Jurisdiction**<br>Authority of the federal government to establish overarching policy standards in particular areas. In Germany, such powers are used by the centre to set policy standards even where primary responsibilities lie with the Länder (i.e. constituent units in Germany). | **क्षेत्राधिकारको खाका**<br>खास क्षेत्रहरूमा बृहत् नीतिगत मापदण्डहरू जारी गर्ने केन्द्रीय सरकारको अधिकार । उदाहरणका लागि जर्मनीमा ल्यान्डरहरूको प्राथमिक दायित्वभित्र पर्ने विषयमा पनि केन्द्रीय सरकारले कार्यादेश जारी गरी नीतिगत मापदण्डहरू तोक्ने गर्दछ । |

| | |
|---|---|
| **Freedom of Conscience of Members of Parliament**<br>The liberty of members of parliament to vote on proposed legislation according to their personal conscience rather than in accordance with the line set by their political parties. | **संसद्का सदस्यहरूको विवेकको स्वतन्त्रता**<br>संसद्का सदस्यहरूद्वारा आफ्ना राजनीतिक दलहरूले निर्धारण गरेको निर्देशनअनुरूप नभई आफ्नो विवेकअनुसार प्रस्तावित कानुनमा मतदान गर्ने स्वतन्त्रता । |
| **General Purpose Grants**<br>Revenue transfers from federal government directly to constituent units as part of their consolidated revenue that is not earmarked for specific activities. | **आम प्रयोजनका निम्ति अनुदान**<br>सङ्घीय सरकारबाट आम प्रयोजनका निम्ति एकाइका सरकारहरूलाई सोझै प्रदान गरिने रकम जसलाई अन्य कुनै प्रयोजनका लागि छुट्टयाइएको हुँदैन । |
| **Gross Domestic Product**<br>The total market value of goods and services produced within a country's economy during a specific period of time. | **कुल गार्हस्थ्य उत्पादन**<br>कुनै देशको अर्थतन्त्रभित्र तोकिएको समयावधिमा उत्पादित वस्तु तथा सेवाहरूको कुल बजारमूल्य । |
| **Harmonization**<br>Establishment of comparability in rules and regulations between constituent units of a political order as an alternative to uniformity. | **सामञ्जस्यीकरण**<br>राजनीतिक व्यवस्थाका अङ्गीभूत एकाइहरूबीच एकरूपताको विकल्पका रूपमा समान प्रकृतिका नियमहरू तथा नियमावलीको व्यवस्था । |
| **High Court**<br>It is generally the court of appeal. In India it is the highest court at the level of a constituent state. The high court may also be endowed with extraordinary jurisdiction to enforce fundamental rights and judicial review. | **उच्च न्यायालय**<br>उच्च न्यायालयलाई सामान्यतया पुनरावेदन अदालतका रूपमा बुझ्न सकिन्छ । भारतमा उच्च न्यायालय प्रादेशिक राज्यको उच्चत्तम न्यायालय हो । उच्च न्यायालयलाई मौलिक हक कार्यान्वयन गर्ने तथा न्यायिक पुनरावलोकन गर्नेजस्ता असाधारण अधिकारहरू पनि प्रदान गरेको हुन सक्छ । |

| | |
|---|---|
| **Home Rule**<br>This term has been used in different countries in different ways. In Irish history and in India in the 1920s the Home Rule movement meant the nationalists' movement for self-government through independence. On the other hand, in the United States the term has been commonly used for the transfer of power from the states to the local governments to pass their own regulations. | **होम रूल**<br>यो शब्दावलीको प्रयोग विभिन्न मुलुकमा विभिन्न रूपमा भएको पाइन्छ । आयरल्यान्डको इतिहास र भारतको सन् १९२० को दशकका सन्दर्भमा होम रूल भन्नाले स्वतन्त्रतामार्फत् स्वशासन प्राप्तिका लागि भएको आन्दोलनलाई बुझिन्छ । अर्कातिर, संयुक्त राज्य अमेरिकामा यसको प्रयोग राज्यहरूले स्थानीय सरकारलाई उनीहरूका आफ्नै विधिविधान लागु गर्नका लागि हस्तान्तरण गर्ने अधिकारलाई बुझाउँछ । |
| **Homeland**<br>Widely used in different geographical contexts to refer to the territory in which an ethnic group has a long history, a deep cultural association and strong ties in terms of identity with a country in which a particular national identity began. | **थातथलो**<br>विभिन्न भौगोलिक सन्दर्भमा कुनै जाति/जनजाति समूहको लामो इतिहास, गहिरो सांस्कृतिक नाता र पहिचानका आधारमा बलियो सम्बन्ध गाँसिएको भूक्षेत्र । अर्थात्, त्यो भूमि जहाँ एउटा खास राष्ट्रिय पहिचानको थालनी भएको हुन्छ । |
| **Homogeneity, Standards of**<br>Principles of constitutional adjudication in Austria limiting the autonomy of Länder (constituent units) in designing their own governing systems. | **समरूपताका मानकहरू**<br>लेन्डर (अङ्गीभूत) को शासन प्रणालीमा एकरूपता कायम गर्न संवैधानिक विवाद निरूपणका लागि अस्ट्रियामा प्रयोग गरिने संवैधानिक सिद्धान्तहरू । |
| **Horizontal Imbalances**<br>A situation where some constituent units, like provinces, raise more per capita revenue and provide better services than the other constituent units of the federation. Horizontal imbalances are sometimes corrected through equalization payments (see Equalization). | **तेर्सो असन्तुलन**<br>प्रान्तजस्ता केही अङ्गीभूत एकाइहरूले सङ्घका अन्य अङ्गीभूत एकाइहरूले भन्दा बढी प्रतिव्यक्ति राजस्व सङ्कलन गर्ने वा बढी उत्तम सेवाहरू उपलब्ध गराउने स्थिति । भुक्तानी समानीकरणद्वारा एकाइहरूबीचका असन्तुलनहरूलाई सच्याउन सकिन्छ (हेर्नुहोस समानीकरण) । |

| | |
|---|---|
| **Inclusiveness**<br>Refers to policies of including diversity and plurality of peoples in decision-making and implementation processes of governance. It also includes empowerment of the marginalized and the disenfranchised. | **समावेशीयता**<br>शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रक्रियामा जनताहरूको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । यसमा सीमान्तकृत तथा वञ्चित समुदायको सशक्तीकरण पनि समाविष्ट हुन्छ । |
| **Income Tax**<br>It is often the primary source of revenue for federal governments and some constituent units in industrialized federations. This is a direct tax based on net income (salaries, wages, tips, and earnings from investments) less deductions, exemptions or credits. | **आयकर**<br>आयकर सङ्घीय सरकारहरू र कतिपय अङ्गीभूत एकाइहरूको राजस्वको मुख्य स्रोत हो । आर्जन गरिएको खुद आय (तलब, ज्याला, बकस, लगानीको प्रतिफल, आदि) मा करछुट तथा ऋण समायोजन गरी बाँकी रहेको रकममा लाग्ने प्रत्यक्ष कर । |
| **Indigenous People**<br>The people originating in and possessing characteristics of a particular region or country. Generally used in the international context, "indigenous" refers to peoples who are original to a particular territory (see Aboriginal). | **आदिवासी**<br>कुनै खास क्षेत्र वा देशमा आदिकालदेखि बसोबास भएका र त्यस क्षेत्र वा देशको विशेषता बोकेका मानिसहरू । सामन्यतया अन्तर्राष्ट्रिय सन्दर्भमा प्रयोग गरिँदा यस शब्दले कुनै खास भूभागका पहिलेदेखि बसोबास गर्दै आएका जनतालाई जनाउँछ (हेर्नुहोस्, मूलवासी) । |
| **Individual Autonomy**<br>It is the idea to live one's life according to reasons and motives that are taken as one's own and are not the product of manipulative or distorting external forces. | **वैयक्तिक स्वायत्तता**<br>बाह्य शक्तिहरूको गलत प्रभाव वा विकृतिबाट उत्पन्न धारणाअनुसार नभई आआफ्नै कारण र अभिप्रायअनुरूप जीवन जिउने अवधारणा । |
| **Inflation**<br>A rise in the general level of prices of goods and services over time. | **मुद्रास्फिति**<br>समयक्रममा वस्तु तथा सेवाको मूल्यको आम तहमा वृद्धि हुने प्रवृत्ति । |

I

| | |
|---|---|
| **Inflation Target Policy**<br>Such a policy specifies a desired level of inflation. | **मुद्रास्फिति लक्षित नीति**<br>यस्तो नीतिले मुद्रास्फितिको वाञ्छित सीमालाई निर्धारण गरेको हुन्छ । |
| **Integration**<br>A process by which people of different races and ethnicities are incorporated into the national community. It is a two-way process through which both members of a majority and minority groups agree to peacefully accommodate their differences. | **एकीकरण**<br>त्यस्तो प्रक्रिया जसद्वारा भिन्नभिन्न जाति तथा जनजातिका मानिसहरूलाई राष्ट्रिय समुदायमा एकीकृत गरिन्छ । यो बहुसङ्ख्यक तथा अल्पसङ्ख्यक दुवै समूहका सदस्यहरूले आआफ्ना मतभिन्नताहरूलाई शान्तिपूर्ण तरिकाले मेलमिलापमा बदल्ने दोहोरो प्रक्रिया हो । सम्मिलनभन्दा भिन्न एकीकरण शब्दले सांस्कृतिक मतभिन्नताहरूलाई दमन गर्ने अर्थ जनाउँदैन । |
| **Integrative Federation**<br>A process though which a constitutional order is established that seeks to achieve unity in diversity among previously independent or confederated component entities. | **एकीकरणकारी सङ्घीयता**<br>त्यस्तो प्रक्रिया जसद्वारा यसअघि स्वाधीन वा सङ्घबद्ध घटकका रूपमा रहेका समुदायका बीच विविधतामा एकता हासिल गर्ने प्रयास गर्नका निम्ति संवैधानिक व्यवस्था गरिन्छ । |
| **Interest Group**<br>Also called a pressure or advocacy group, it exercises influence on political institutions and the broader public in order to secure decisions favorable to it. An interest group is different from a lobby group as it not only tries to influence legislative and executive decisions but also seeks to inform and influence the broader public with regard to certain issues. | **हितसमूह**<br>आफूअनुकूल हुने निर्णयहरू गराउनका लागि राजनीतिक संस्थाहरू र आमनागरिकमाथि प्रभाव पार्ने प्रयत्न गर्ने समूह जसलाई दबाब समूह वा वकालत समूह पनि भनिन्छ । हित समूह प्रभाव समूहभन्दा कुन अर्थमा फरक हुन्छ भने यसले विधायकी तथा कार्यकारी निर्णयहरूमाथि प्रभाव पार्न खोज्नेमात्र नभई खास मुद्दाहरूका विषयमा आमनागरिकलाई सुसूचित गर्ने र प्रभावित तुल्याउने प्रयास पनि गर्छ । |
| **Interest Rate**<br>The cost of borrowing, return from lending and rewards for savings expressed in percentage terms; usually is under the direct or indirect surveillance of a country's independent central bank. | **ब्याज दर**<br>प्रतिशतमा अभिव्यक्त हुने ऋणको मूल्य र ऋणको प्रतिफल तथा वचतबाट प्राप्त लाभ जसको दर सामान्यतः कुनै देशको स्वतन्त्र केन्द्रीय बैङ्कको प्रत्यक्ष र अप्रत्यक्ष निगरानीमा निश्चित हुन्छ । |

| | |
|---|---|
| **Intergovernmental Cooperation/Coordination**<br>Arrangements between two or more governments for accomplishing common goals, providing a service or solving a common problem. Also, arrangements for maintenance of ongoing working relationships in administrative and policy-making between/and within levels of government in a federation, and not necessarily rooted in the constitution. | **अन्तर्सरकारी सहयोग/समन्वय**<br>साझा लक्ष्यहरू हासिल गर्न, सेवा उपलब्ध गराउन वा साझा समस्या हल गर्नका निम्ति दुई वा दुईभन्दा बढी सरकारबीचको प्रबन्ध । यसलाई सङ्घको सरकारका तहहरूबीचमा र ती तहहरूभित्र विद्यमान प्रशासनिक तथा नीति निर्माणको कार्यकारी सम्बन्धलाई धान्ने प्रबन्धहरूको सम्भार गर्ने कार्यका रूपमा पनि बुझ्न सकिन्छ जुन संविधानमा अन्तर्निहित हुनुपर्छ भन्ने छैन । |
| **Intergovernmental Relations**<br>Relations between the governments of a federation—both horizontal amongst constituent units and vertical between various orders of government—for the purpose of policy coordination and/or agreement on shared programs. | **अन्तर्सरकारी सम्बन्ध**<br>नीतिगत समन्वय र/वा साझा कार्यक्रमहरूसम्बन्धी सहमति प्राप्त गर्ने प्रयोजनका लागि अङ्गीभूत एकाइका सरकारहरूबीच वा सरकारका विभिन्न तहहरूबीचको सम्बन्ध । |
| **Interim Constitutional Arrangements**<br>Provisional constitutional agreements which are temporarily in place. They serve as the law providing the basic structure of government until the adoption of a final constitution. | **अन्तरिम संवैधानिक प्रबन्ध**<br>अन्तरिम संवैधानिक प्रबन्ध भन्नाले त्यस्ता संवैधानिक संवैधानिक सहमतिहरूलाई जनाउँछ जुन अस्थायी रूपका हुन्छन् । यी प्रबन्धहरू अन्तिम संविधान पारित नभएसम्म सरकारको मूलभूत संरचनाको कानुनी व्यवस्थाको काम गर्छन् । |
| **Interlocked Governance**<br>A model of federalism characterized by shared jurisdiction in certain areas between federal and constituent unit levels of government, in which each level of government must obtain the agreement of the other level to establish or implement policy. Germany is an example where federal laws implemented by the Länder (constituent units) require the consent of a weighted majority of the Länder. | **अन्तरअनुबन्धित शासन**<br>यो सङ्घीयताको त्यस्तो ढाँचा हो जसमा केन्द्रीय सरकार र एकाइका तहहरूबीच क्षेत्राधिकारमा साझेदारी हुन्छ । यस ढाँचाअन्तर्गत सङ्घीय तथा प्रादेशिक सरकार प्रत्येकले नीति कार्यान्वयन गर्न एकअर्काको सहमति प्राप्त गर्नु अनिवार्य हुन्छ । जर्मनी एक यस्तो उदाहरण हो जहाँ ल्यान्डर (एकाइ)हरूले कार्यान्वयन गर्ने सङ्घीय कानुनहरू पारित गर्नका लागि ल्यान्डरहरूको भारी बहुमतसहितको सहमति आवश्यक पर्छ । |

| | |
|---|---|
| **Internal Self-determination**<br>International law recognizes a right to self-determination for 'peoples' who are essentially the inhabitants of a distinct country or colony; such a right includes the right to a sovereign country. This right to self-determination does not normally extend to populations within a country or colony except in cases of extreme human rights abuses towards that population. Otherwise, groups or populations within a country have what is called the right to internal self-determination. This is a right to participate fully in the political life of their country. The right to internal self-determination does not include a right to secede from a State; it requires a people to express its aspirations through the national political system. | **आन्तरिक आत्म-निर्णय**<br>अन्तर्राष्ट्रिय कानुनले एक विशिष्ट वा पृथक् मुलुक वा आवसक्षेत्रमा बसोबास गर्ने "जनता"का लागि आत्मनिर्णयको अधिकारलाई मान्यता दिएको छ । यस्तो अधिकारअन्तर्गत सार्वभौम राष्ट्रको अधिकार पर्दछ । चरम मानवअधिकार उल्लङ्घनको अवस्थामा बाहेक आत्मनिर्णयको अधिकार सामान्यतः कुनै मुलुक वा आवस क्षेत्रमा बसोबास गर्ने खास समूहका सन्दर्भमा लागु हुँदैन । कुनै देशभित्र बसोबास गर्ने समूहको भने आन्तरिक आत्मनिर्णयको अधिकार हुन्छ । यस अधिकारले राजनीतिक गतिविधिमा पूर्ण रूपमा सहभागी हुन पाउने अधिकारलाई जनाउँछ । आन्तरिक आत्मनिर्णयको अधिकारभित्र देशबाट छुट्टिएर जाने अधिकार पर्दैन । यसले आमनागरिकको राष्ट्रिय राजनीतिमार्फत् आफ्ना चाहना वा अपेक्षाहरू मुखरित गर्ने अधिकारलाई जनाउँछ । |
| **Inter-state Relations**<br>Relationship between constituent units of a federation. | **अन्तर्राज्यीय सम्बन्ध**<br>सङ्घीय प्रणालीमा अङ्गीभूत एकाइहरूबीचको सम्बन्ध । |
| **Joint Governance**<br>A federal governance system characterized by shared jurisdiction between central and constituent unit levels of government. | **संयुक्त शासन**<br>सरकारका केन्द्रीय तथा एकाइहरूबीच क्षेत्राधिकारमा साझेदारी गर्ने विशेषता भएको सङ्घीय शासन । |
| **Joint Responsibilities**<br>Responsibilities that are shared by the central government and constituent units in a federation. | **संयुक्त दायित्व**<br>सङ्घीय प्रणालीमा केन्द्रीय सरकार र अङ्गीभूत एकाइहरूका साझा वा समवर्ती दायित्व । |
| **Joint Taxes**<br>Tax sources that, according to a constitution, should be shared by the two levels of government. | **संयुक्त कर**<br>संविधानअनुसार सरकारका दुईवटा तहद्वारा समझदारीमा बाँडफाँड गरिने साझा कर । |

| | |
|---|---|
| **Judicial Interpretation**<br>The method by which the courts establish the meaning of constitutional provisions or legislative acts. | **न्यायिक व्याख्या**<br>अदालतद्वारा संविधानका प्रावधानहरू वा विधायकी ऐनहरूको अर्थ स्थापित गरिने पद्धति । |
| **Judicial Review**<br>Powers of the courts to decide upon the constitutionality of a legislative or an executive act and invalidate that act if it is determined to be contrary to constitutional provisions or principles. | **न्यायिक पुनरावलोकन**<br>विधायकी वा कार्यकारी कामकार्वाहीको संवैधानिकता निर्धारण गर्ने र कुनै ऐन वा कामकार्वाही संवैधानिक प्रावधान वा सिद्धान्तविपरीत भएको खण्डमा त्यसलाई बदर गर्ने अदालती अधिकार । |
| **Judiciary**<br>The branch of government that is endowed with the authority to interpret the law, adjudicate legal disputes, and otherwise administer justice. | **न्यायपालिका**<br>कानुनलाई व्याख्या गर्ने, कानुनसम्बन्धी विवादहरूको निरूपण गर्ने र न्याय सम्पादन गर्ने सरकारको अधिकार प्राप्त निकाय । |
| **Jurisdiction**<br>The territorial or legislative fields over which an order of government, including the judiciary, has the authority to make laws. | **क्षेत्राधिकार**<br>विधायिकी तथा भौगोलिक क्षेत्रहरू जसमाथि न्यायपालिकालगायत सरकारको कुनै तहको कानुन बनाउन वा लागु गर्न पाउँछ । |
| **Language Community**<br>It is a community which shares a common language. | **भाषिक समुदाय**<br>समान भाषा प्रयोग गर्ने समुदाय । |
| **Legitimacy**<br>The state or quality of being accepted as legitimate, lawful or right. It can refer to a system being accepted as legitimate by the population, or have a narrow meaning of legal legitimacy as recognized by the courts. | **वैधानिकता**<br>कानुनसम्मत, वैध र सही भएको अवस्था । यस पदावलीले जनताले सही मानेको वा केही सीमित अर्थमा अदालतले कानुनी रूपमा वैध ठहऱ्याएको प्रणालीलाई बुझाउँछ । |
| **Levels of Government**<br>Vertical arrangement of governments from local (municipal) to regional (constituent units) to federal. (See Orders of Government) | **सरकारका तह**<br>स्थानीय, प्रादेशिक र सङ्घीय सरकारका तहहरू। |

L/M

| | |
|---|---|
| **Liberties/Freedoms**<br>Liberty is a state of being free to enjoy various social, political or economic rights and privileges. The concept of liberty forms the core of all democratic principles. The meaning of liberty includes an individual's right to freedom from coercion and freedom to act. In the plural case, liberties incorporate fundamental freedoms guaranteed by the constitution. | **स्वतन्त्रता**<br>विभिन्न सामाजिक, राजनीतिक वा आर्थिक अधिकार तथा सुविधा भोग गर्न पाइने अवस्था नै स्वतन्त्रता हो । स्वतन्त्रतासम्बन्धी धारणा सबै लोकतान्त्रिक सिद्धान्तहरूको चुरो हो । यस पदावलीलाई बहुवचनमा प्रयोग गर्दा यसमा संविधानद्वारा प्रत्याभूत गरिएका मूलभूत स्वतन्त्रताहरू समाहित हुन्छन् । स्ववतन्त्रताको अर्थले करकापबाट मुक्ति तथा अग्रसरता लिने अधिकारलाई समेत आत्मसम्मान गरेको हुन्छ । |
| **Local Government**<br>Government of a village, city, county, parish, township, municipality, borough, board, district, or other general purpose political subdivision of a state at the local level. | **स्थानीय सरकार**<br>गाउँ, नगर, काउन्टी, प्यारिस, टाउनसिप, नगरपालिका, बोरो, समिति, क्षेत्र वा आम राजनीतिक उपविभाजनअन्तर्गतका राज्यका स्थानीय तहका सरकारहरू । |
| **Local self-government**<br>Government of an area smaller than the territory of a federation or a constituent unit of a federation. This may be called a village, town, city, county, district or region. True self-government implies a democratically elected body representing the local inhabitants with sufficient autonomy and resources to pursue locally determined priorities. | **स्थानीय स्व-सरकार**<br>सङ्घीय प्रणालीमा समग्र सङ्घ वा सङ्घीय एकाइभन्दा सानो क्षेत्रको सरकार । यसलाई गाउँ, सहर, काउन्टी, जिल्ला वा क्षेत्र भन्न सकिन्छ । वास्तविक स्थानीय स्वसरकार भन्नाले स्थानीय तहमा निर्धारित प्राथमिकताहरू पूरा गर्नका लागि पर्याप्त स्वायत्तता तथा स्रोतहरूसहित लोकतान्त्रिक निर्वाचनमार्फत् स्थानीय बासिन्दाले चुनेको सरकारलाई जनाउँछ । |
| **Macroeconomic**<br>Pertaining to entire national economy. It consists of measurement, analysis, activities and policy prescriptions for GDP, unemployment rates, prices, etc. | **समष्टिगत आर्थिक पक्ष**<br>राष्ट्रिय अर्थव्यवस्थाका समष्टिगत पक्षहरू । यसमा कुल गार्हस्थ्य उत्पादन, बेरोजगारी दर, मूल्य आदिको मापनसम्बन्धी क्रियाकलाप तथा नीतिगत विश्लेषण, सिफारिस आदि पर्दछन् । |

| | |
|---|---|
| **Madhesi**<br>Madhesi means a multi-lingual, multi-ethnic non-hill community living in Tarai and inner Tarai areas of Nepal identified mainly on the basis of their distinct culture, tradition and social values. | **मधेसी**<br>मधेसी भन्नाले विशिष्ट परम्परा, संस्कृति, सामाजिक मूल्य र मान्यता भएका नेपालको तराईमा बसोबास गर्ने गैर-पहाडी मूलका बहुभाषिक र बहुजातीय समुदायलाई बुझाउँछ । |
| **Majoritarianism**<br>The view that a numerical majority (sometimes categorized by religion, language, or some other identifying factor) of the population is entitled to make decisions that affect the whole of society. The danger this poses to minorities of various types has been invoked to justify constraints on what a majority can do, especially through bills of fundamental rights, language protections, special decision rules on sensitive issues or through devolution of powers to constituent units in a federation. | **बहुमतवाद**<br>जनसङ्ख्याको साङ्ख्यिक बहुमत (कहिलेकाहीँ धर्म, भाषा र कहिलेकाहीँ अन्य पहिचानजन्य विशेषतामा आधारित) सम्पूर्ण समाजलाई प्रभावित पार्ने खालका निर्णय गर्न सक्षम हुन्छ भन्ने मान्यता । यसबाट अल्पसङ्ख्यक समूहमाथि पर्ने नकारात्मक असरलाई कम गर्नका लागि बहुमतको अधिकारमा केही अङ्कुशहरू (जस्तै, मौलिक हकको विधेयक, भाषा संरक्षण, संवेदनशील मुद्दामा विशेष निर्णयको अधिकार, आदि) प्रयोगमा ल्याइन्छ भने सङ्घीय व्यवस्थामा एकाइहरूलाई अधिकारको निक्षेपणमार्फत् बहुमतवादको नकारात्मक प्रभावबाट मुक्त राखिन्छ । |
| **Majority Community**<br>A group constituting more than one half of the total population within a given territory. | **बहुसङ्ख्यक समुदाय**<br>निर्दिष्ट क्षेत्रभित्रको कुल जनसङ्ख्याको आधाभन्दा बढी सङ्ख्या हुने समूह । |
| **Manufacturing Tax**<br>Excise or sales tax on the production of goods. | **उत्पादन कर**<br>वस्तुहरूको उत्पादनमा लगाइने अन्तःशुल्क वा बिक्री कर । |
| **Marginalized Groups**<br>Groups within society and a state that have been traditionally excluded from meaningful participation in society and deprived of opportunities for realization of their potential. | **सीमान्तकृत समूह**<br>समाज वा राज्यभित्रका त्यस्ता समूह जसलाई समाजका क्रियाकलापहरूमा अर्थपूर्ण सहभागिताबाट परम्परागत रूपले बहिष्कृत गरी आफ्ना सम्भाव्यताहरूलाई साकार रूप दिने अवसरहरूबाट वञ्चित गरिएको हुन्छ । |

| | |
|---|---|
| **Meaningful Access (to government)**<br>Implies a positive obligation (as opposed to negative obligation of non-discrimination) of the government to take all appropriate measures to ensure that all individuals, regardless of physical disability, language, culture, race, gender and background can effectively access and participate in governmental institutions. The obligation is often imposed on private agencies and institutions receiving government funding. Cultural minorities invoke this concept against government agencies so as to eliminate cultural barriers to their effective participation in publicly-funded bodies. | **अर्थपूर्ण पहुँच (सरकारमा)**<br>अ-विभेदसम्बन्धी नकारात्मक दायित्वको विपरीत शारीरिक अपाङ्गता, भाषा, संस्कृति जाति, लिङ्ग आदिको कुनै भेदभाव नगरी सरकारी संस्थाहरूमा सबै व्यक्तिहरूको प्रभावकारी पहुँच तथा सहभागितालाई सुनिश्चित गर्नका निम्ति सबै प्रकारका उपयुक्त कदमहरू चाल्नुपर्ने सरकारको सकारात्मक दायित्व । प्रायः यो दायित्व सरकारी सहयोग प्राप्त गर्ने निजी निकाय तथा संस्थाहरूका हकमा लागु हुन्छ । सांस्कृतिक अल्पसङ्ख्यकहरू आफ्नो सार्वजनिक कोषबाट सञ्चालित अङ्गहरूमा आफ्नो प्रभावकारी सहभागिताका बाधक सांस्कृतिक व्यवधानहरूलाई निर्मूल गर्न प्रायः यो धारणा प्रयोग गर्छन् । |
| **Metropolitan Region**<br>An urban administrative or developmental region consisting of at least one large city, its suburbs, periphery and influence area which may be considered as one unit for the purpose of planning. | **सहरी क्षेत्र**<br>कम्तीमा पनि एउटा ठूलो नगर, त्यसको उपनगर, परिधिस्थल तथा प्रभावक्षेत्र रहेको सहरी प्रशासनिक वा विकासक्षेत्र, जसलाई योजना तर्जुमा गर्ने प्रयोजनका निम्ति एउटा एकाइ मान्न सकिन्छ । |
| **Minority Community**<br>A sub-group within a larger population, which may live on a given territory, which does not form either a majority or a plurality. Definitions of a minority group sometimes refer to a group that is disadvantaged in relation to a dominant group in terms of its social status, education, employment, health and political power, whatever its numerical size. | **अल्पसङ्ख्यक समुदाय**<br>कुनै निश्चित क्षेत्रको ठूलो जनसङ्ख्याभित्र अवस्थित र बहुमत वा बहुलता नभएको उप-समूह । अल्पसङ्ख्यक समुदायका परिभाषाहरूले कहिलेकाहीँ त्यस्तो समूहलाई जनाउँछ जुन समूह आफ्नो जनसङ्ख्या जति नै भए तापनि प्रभुत्वशाली समूहका तुलनामा सामाजिक स्तर, शिक्षा, स्वास्थ्य, राजनीतिक शक्ति आदिमा पछि परेको हुन्छ । |

| | |
|---|---|
| **Monarchy**<br>A form of government in which a monarch, usually a single person, is the hereditary head of the state. In most monarchies, a monarch holds his/her position for life. The position may be largely symbolic or powerful. | **राजतन्त्र**<br>सरकारको त्यस्तो स्वरूप जसमा राजा वंशानुगत राज्य प्रमुख हुन्छ । अधिकांश राजतन्त्रहरूमा राजाहरू आजीवन रहन्छन् । राजाको स्थान प्रतिकात्मक वा शक्तिसम्पन्न हुन सक्छ । |
| **Monetary Stabilization**<br>Re-establishment of price stability through monetary management during high inflation or deflation. | मौद्रिक स्थिरता<br>उच्च मुद्रास्फिति वा मुद्राअपस्फिति रोक्नुपर्ने स्थितिमा मुद्राको मूल्यलाई स्थिर राख्न अपनाइने मौद्रिक नीति । |
| **Multiculturalism**<br>The practice of acknowledging and respecting the equality of various cultures, religions, races and ethnicities within a country or a territory. | **बहुसंस्कृतिवाद**<br>कुनै देश वा भूभागभित्रका अनेक संस्कृति, धर्म, जाति तथा जनजातिहरूलाई समानताको आधारमा मान्यता र सम्मान प्रदान गर्ने प्रचलन । |
| **Multinational State**<br>A state which incorporates more than one nation. Some federations are composed of a single nation but others are multinational. A nation-state is a state composed of one nation. | **बहुराष्ट्रिय राज्य**<br>त्यस्तो राज्य जसमा एकभन्दा बढी राष्ट्रहरू हुन्छन् । कुनै सङ्घ एकल राष्ट्रका आधाारमा बनेका हुन्छन् भने कुनै बहुराष्ट्रिय आधारमा । राष्ट्रराज्य भनेको एउटै राष्ट्रका आधारमा बनेको राज्य हो । |
| **Municipal Organic Charters**<br>Cities and counties are sometimes accorded the right to draft and adopt charters. These instruments of local self-government are called municipal organic charters. | **नगरीय मौलिक बडापत्र**<br>कहिलेकाहीँ नगरहरू र काउन्टीहरूलाई आफ्नो बडापत्र मस्यौदा गरी तिनलाई पारित गर्ने अधिकार प्रदान गरिएको हुन्छ । स्थानीय स्व-सरकारका यी लिखतहरूलाई नगरीय मौलिक बडापत्र भनिन्छ । |
| **Municipality**<br>A local government often centered in a town or a city. | **नगरपालिका**<br>प्रायः नगर वा महानगरमा केन्द्रित स्थानीय स्तरको सरकार । |

| | |
|---|---|
| **Nation**<br>A community of people who share a common identity and who decide or want to decide about their destiny through concerted political action. Such action is directed at gaining, preserving, or strengthening statehood. "Nation" may also be understood in its ethnic sense when the term refers to a form of self-defined cultural and social community which shares a common history, language, distinctive lifestyle and a homeland. | **राष्ट्र**<br>समान पहिचानसहितको जनसमुदाय जसले सामूहिक राजनीतिक निर्णयहरूबाट आफ्नो लक्ष र भविष्य आफैँ निर्धारण गर्छ वा गर्न चाहन्छ । यस्तो कार्य राज्यको हैसियत प्राप्त गर्न, जगेर्ना गर्न वा सुदृढीकरण गर्नमा परिलक्षित हुन्छ । "राष्ट्र" शब्दको अर्थ जातीय अर्थमा त्यस बेला पनि प्रयोग हुन सक्छ जब कुनै समुदायले छुट्टै इतिहास, छुट्टै भाषा, अलग रहनसहन र थातथलोका आधारमा आफूलाई सांस्कृतिक तथा सामाजिक समुदायका रूपमा परिभाषित गर्छ । |
| **National Assembly**<br>It is either a legislature, or the lower house of a bicameral legislature in some countries. In federations it usually refers to a legislative house of the federal government, but sometimes the title is used for a provincial legislature such as that of Canada's province of Quebec. In the 1990 Constitution of the Kingdom of Nepal the upper house of the bicameral parliament was called Rastriya Sabha or National Assembly. | **राष्ट्रिय सभा**<br>केही मुलुकमा व्यवस्थापिका वा दुईसदनात्मक व्यवस्थापिकाको तल्लो सदन । केही सङ्घीय राज्यहरूमा यसले सामान्यतया सङ्घीय सरकारको व्यवस्थापिकाको सदनलाई जनाउँछ । तर कहिलेकाहीँ यसले प्रादेशिक व्यवस्थापिकालाई पनि बुझाउँछ (जस्तो क्यानाडाको क्युवेक प्रान्त) । नेपाल अधिराज्यको १९९० को संविधानमा दुई सदनात्मक संसद्को उपल्लो सदनलाई राष्ट्रिय सभा भनिएको थियो । |
| **National Community**<br>Refers to the group of people forming a nation. Sometimes it also denotes the population of a state. In many nation-states, the national community refers to all of its people. | **राष्ट्रिय समुदाय**<br>राज्य निर्माण गर्ने समूहलाई प्रयोग गरिने शब्दावली । कहिलेकाहीँ यसले राज्यको सम्पूर्ण जनसङ्ख्यालाई पनि जनाउँछ । |
| **National Standards**<br>Rules or regulations imposed or applied uniformly across a federation, establishing certain binding standards that have to be respected by the constituent unit governments. This makes it synonymous with federal standards. | **राष्ट्रिय मानक**<br>एकाइका सरकारहरूले सम्मान गर्नुपर्ने खास किसिमका बाध्यकारी मानकहरू स्थापित गरी सङ्घभरि एकरूपतासाथ आरोपण गरिने वा लागु गरिने नियम वा नियमावलीहरू । नियम वा नियमावलीहरू सङ्घीय मानककै पर्यायवाची हुन्छन् । |

| | |
|---|---|
| **Nationality**<br>Membership in the community of a particular nation. In nation-states, nationality and citizenship are sometimes used interchangeably and the term depicts the relationship between a person and their state of origin, culture, association, affiliation and/or loyalty. When used differently, nationality is an ethnic marker of identification while citizenship affords the state jurisdiction over the person, and affords the person the protection of the State. | **राष्ट्रियता**<br>यस शब्दले खास देशको सदस्यतालाई जनाउँछ । कहिलेकाहीँ राष्ट्रियतालाई व्यक्ति र उसको उद्भव, संस्कृति, सङ्गठन, आबद्धता र/वा निष्ठाबीचको सम्बन्धलाई जनाउन पनि प्रयोग गरिन्छ । नागरिकताको पर्यायवाची शब्दका रूपमा प्रयोग गरिँदा राष्ट्रियताले व्यक्तिलाई क्षेत्राधिकारको हैसियतको साथै राज्यको संरक्षण पनि प्रदान गर्छ । |
| **Nationhood**<br>The quality of being a nation; sometimes also the fact of achieving national independence or autonomy. | **राष्ट्रत्व**<br>राष्ट्र बन्ने गुण। कहिलेकाहीँ यसले राष्ट्रिय स्वाधीनता वा स्वायत्तता प्राप्त गर्ने आधारलाई पनि जनाउँछ । |
| **Native Community**<br>The original inhabitants in a specified territory of a state who are bonded by common language, culture and tradition. (See Indigenous People) | **स्थानीय समुदाय**<br>कुनै राज्यको एउटा निश्चित भूभागमा पहिलेदेखि बस्दै आएको जनसमुदाय जो समान भाषा, संस्कृति र परम्पराको सामीप्यताले बाँधिएको हुन्छ । (हेर्नुहोस्, आदिवासी) |
| **Natural Resources**<br>Resources supplied by nature. These are commonly sub-divided into non-renewable resources, such as minerals and fossil fuels, and renewable (when properly managed) natural resources, including water, wind, fisheries, and agricultural land. | **प्राकृतिक स्रोत-साधन**<br>प्रकृतिप्रदत्त स्रोत-साधनहरू। यी स्रोत-साधनहरूलाई नवीकरण गर्न सकिने र नवीकरण गर्न नसकिने गरी दुई भागमा विभाजन गर्न सकिन्छ । जस्तै, उत्खनन् गरी निकालिने खनिजजन्य धातु, तेल, इन्धनजस्ता प्राकृतिक स्रोत नवीकरण गर्न नसकिने वर्गमा पर्छन् भने हावा, पानी, मत्स्य वस्तु र कृषियोग्य भूमि (उपयुक्त ढङ्गले व्यवस्थित गरेमा) नवीकरण गर्न सकिने वर्गमा पर्छन् । |
| **Need Equalization**<br>Transfers from the federal government to constituent units based on their relative expenditure needs. | **आवश्यकता समानीकरण**<br>सङ्घीय सरकारबाट अङ्गीभूत एकाइहरूतर्फ तिनका सापेक्षिक खर्चसम्बन्धी आवश्यकताका आधारमा स्रोत-साधनहरूको हस्तान्तरण । |

| | |
|---|---|
| **Non-majority Community**<br>Refers to numerically small but not 'minor' or 'subordinate group' in relation to the 'dominant group' in a state or society. | **गैर-बहुसङ्ख्यक समुदाय**<br>गैर-बहुसङ्ख्यक समुदाय भन्नाले सङ्ख्यात्मक हिसाबमा सानो समुदायलाई जनाउँछ । यसको अर्थ कम महत्वको वा परस्त समुदाय भने होइन । |
| **Non-territorial Federalism**<br>Creates governing structure linked to ethno-linguistic communities, rather than the territories in a federation. It may apply when minorities are spread out in different parts of the territory of the same state, yet feel a common identity. In a non-territorial federation the persons belonging to a particular community regardless of their geographic place of residence form an entity of a federation and enjoy identity, autonomy and representation. In Belgium the linguistic communities are accorded such a status for certain powers, while territorial communities have other powers. Therefore, Belgium is regarded as having a certain degree of non-territorial federalism. This is an unusual arrangement. | **गैर-भौगोलिक सङ्घीयता**<br>गैर-भौगोलिक सङ्घीयताले सङ्घका क्षेत्र वा एकाइका बीचमा नभई तिनीहरूभित्र बसोबास गर्ने जातीय तथा भाषिक समुदायका लागि शासनसंरचनाको सृजना गर्छ । यस्तो प्रबन्ध त्यस अवस्थामा लागु हुन्छ जब अल्पसङ्ख्यक समुदायहरू उही राज्यभित्र पनि विभिन्न स्थानहरूमा छरिएर बसेका हुन्छन् र साझा पहिचानको अनुभूति गर्छन् ।<br>गैर-भौगोलिक सङ्घीयतामा कुनै समुदायका मानिसहरू जुनसुकै भागमा बसेको भए तापनि सङ्घको एकाइ मानिन्छन् र सङ्घीय संरचनामा पहिचान, स्वायत्तता एवं प्रतिनिधित्वको हैसियत पाएका हुन्छन् । बेल्जियममा भाषिक समुदायहरूले कही निश्चित शक्तिहरूको प्रयोगका लागि त्यस प्रकारको हैसियत पाएका छन् र सङ्घीय एकाइहरूलाई अन्य अधिकारहरू दिइएको छ । त्यसैले बेल्जियममा केही मात्रामा गैरभौगोलिक सङ्घीयता रहेको मानिन्छ । गैर-भौगोलिक सङ्घीयता एक असामान्य प्रबन्ध हो । |
| **Official Interest Rate**<br>Rate of interest set by a government or a central bank. It should be understood in contrast to market rate of interest determined by demand and supply on the global markets. | **सरकारी ब्याज दर**<br>सरकार वा केन्द्रीय बैङ्कद्वारा तोकिने ब्याज दर । यसलाई बजार माग र आपूर्तिद्वारा निर्धारित हुने ब्याज दरभन्दा फरक अर्थमा बुझ्नुपर्छ । |

| | |
|---|---|
| **Oligarchy**<br>A form of government where political power effectively rests with a small elite segment of society (whether distinguished by wealth, family, military powers or spiritual hegemony). The word *oligarchy* is translated into 'rule by few'. It needs to be understood in contrast to democracy. | **अल्पतन्त्रीय शासन**<br>सरकारको त्यस्तो स्वरूप जसमा समाजको सम्भ्रान्त हिस्साको सानो समूहमा राजनीतिक शक्ति निहित हुन्छ (जुन समूहको प्रभुत्वको आधार सम्पत्ति, परिवार, सैन्य बल वा आध्यात्मिक आधिपत्य हुन सक्छ)। ओलिगार्की शब्दको अनुवाद "केही व्यक्तिको शासन" भनेर गरिन्छ। यसलाई लोकतन्त्र (जनताको शासन) को उल्टो अर्थमा बुझ्नुपर्छ। |
| **Orders of Government**<br>The vertical division within a system of federal government; typically one overarching central government, several broad regional governments that are the constituent units, and a multitude of local governments, notably municipalities (see Levels of Government). | **सरकारका तहहरू**<br>सङ्घीय सरकार प्रणालीको ठाडो विभाजन जसमा सङ्घीय वा केन्द्रीय सरकार, अङ्गीभूत एकाइका रूपमा दुई वा सोभन्दा बढी प्रादेशिक सरकारहरू र प्रादेशिक सरकारअन्तर्गत स्थानीय सरकारहरू (जस्तै, नगरपालिका) हुन्छन्। |
| **Ordinances**<br>Provisional law made by the executive under the authority of the constitution and not of another statute. In India and Nepal, used for laws issued by the government at a time when parliament is in recess. In some cases, the term 'ordinances' is used for municipal legislation. Power of municipal governments to enact ordinances is derived from the federal or provincial constitution or statutes, or established in the municipal charter. | **अध्यादेश**<br>संविधानको अख्तियारी प्रयोग गरी कार्यकारी एकाइले बनाएको अस्थायी कानुन। सामान्यतः व्यवस्थापिकाको अधिवेशन नभएका अवस्थामा सरकारले अध्यादेश जारी गरी त्यसलाई कानुनका रूपमा प्रयोग गर्छ। कतिपय सन्दर्भमा 'अध्यादेश' भन्ने शब्दलाई नगरपालिकाद्वारा कानुन निर्माण गरिने अर्थमा प्रयोग गरिन्छ। नगरपालिका सरकारलाई अध्यादेश निर्माण गर्ने अधिकार सङ्घीय वा एकाइको संविधान वा कानुनबाट प्राप्त हुन्छ वा यो अधिकार नगरपालिका बडापत्रमा स्थापित भएको हुन्छ। |
| **Original States**<br>Those constituent units of a federation that pre-existed the union and were instrumental in its formation. | **मूल राज्य**<br>सङ्घका ती अङ्गीभूत एकाइहरू जुन सङ्घभन्दा पहिले नै अस्तित्वमा थिए र जसले सङ्घको निर्माणमा महत्वपूर्ण भूमिका खेलेका थिए। |

| | |
|---|---|
| **Overlapping Jurisdiction**<br>A subject matter where two or more orders of government are constitutionally permitted to act. | **खप्टिएको क्षेत्राधिकार**<br>त्यो विषयवस्तु जहाँ सरकारका दुई वा दुईभन्दा बढी तहहरूलाई समान प्रकारको कार्य गर्न संवैधानिक अनुमति प्राप्त भएको हुन्छ । |
| **Over-representation**<br>This occurs where there is a disproportionately high representation of a group in comparison to the numbers of that group in the general population. For example, males are over-represented in politics and governance of most countries. | **अधिक-प्रतिनिधित्व**<br>आम निर्वाचनमा समूह विशेषको कूल जनसङ्ख्याको दाँजोमा अनुपात नमिल्ने गरी उच्च सङ्ख्यामा हुने प्रतिनिधित्वबाट सृजना हुने अवस्था । उदाहरणका लागि, अधिकांश मुलुकमा शासकीय संरचनामा पुरूषहरूको अधिक प्रतिनिधित्व हुने गरेको छ । |
| **Parliament**<br>A legislature that formulates laws, abopts the budget and forms the government in a parliamentary system of governance. It also plays the role of making the executive of the government (cabinet) accountable and scrutinizes government policies and programs. | **संसद्**<br>व्यवस्थापिका जसले कानुन बनाउँछ बजेट अंङ्गिकार गर्दछ र संसदीय प्रणालीअन्तर्गत सरकार गठन गर्ने कार्य गर्छ । संसद्ले सरकार (मन्त्रिपरिषद्) लाई जवाफदेही बनाउनका लागि भूमिका खेल्नुका साथै सरकारका नीति तथा कार्यक्रमहरूलाई सम्परीक्षण गर्ने कार्यसमेत गर्छ । |
| **Parliamentary Sovereignty/Supremacy**<br>A constitutional concept in some parliamentary democracies where parliament has unlimited power to make laws. Its power extends to changing constitutional rules, judicial precedents, legislative acts and executive decisions. When parliamentary sovereignty prevails, the judiciary has no right to invalidate the acts passed by parliament. It can only interpret the laws passed by the parliament. Instances of parliamentary sovereignty exist in the United Kingdom, Israel and New Zealand. | **संसदीय सार्वभौमकिता/सर्वोच्चता**<br>संसदीय लोकतन्त्रहरूमा अन्तर्निहित संवैधानिक कानुनसम्बन्धी अवधारणा। यसप्रकारको लोकतन्त्रमा संसद्को विधायिकी अधिकार असीमित हुन्छ । संसद्ले कानुन बनाएर संवैधानिक नियम, न्यायिक नजिर, कार्यकारी निर्णय तथा ऐन नियमलाई परिवर्तन गर्न सक्छ । संसदीय सार्वभौमसत्ता प्रधान भएको अवस्थामा संसद्बाट पारित ऐनलाई न्यायिक पुनरावलोकन गरी बदर गर्न सकिँदैन । न्यायिक निकायले संसद्बाट बनेका कानुनलाई व्याख्यासम्म गर्ने हैसियत राख्छ । संसदीय सार्वभौमिकता भएका मुलुकको उदाहरणका रूपमा संयुक्त अधिराज्य, इजरायल र न्युजिल्यान्डलाई लिन सकिन्छ । |

| | |
|---|---|
| **Parliamentary System**<br>A system of government in which the executive is composed of a select group of members of Parliament, called the cabinet, which is accountable to Parliament. The executive is dependent on direct or indirect support of the legislature (often termed the parliament), frequently expressed through a vote of confidence. Also known as parliamentarianism; examples include the United Kingdom and India. | **संसदीय प्रणाली**<br>त्यस्तो शासन प्रणाली जसमा संसद्का सदस्यहरूको निश्चित समूहबाट मन्त्रिपरिषद् गठन हुन्छ र कार्यकारी वा मन्त्रिपरिषद् संसद्प्रति नै उत्तरदायी हुन्छ । संसदीय प्रणालीमा विश्वासको मतमार्फत् अभिव्यक्त हुने व्यवस्थापिकाको प्रत्यक्ष वा परोक्ष समर्थनमा कार्यपालिका निर्भर रहन्छ । यो संसद्वादका रूपमा पनि चिनिने प्रणाली हो । यसको उदाहरणका रूपमा संयुक्त अधिराज्य र भारतलाई लिन सकिन्छ । |
| **Participatory Democracy**<br>Democracy that does not limit citizens' participation to elections but creates opportunities for citizens' direct participation in decision making without the intermediary of elected or appointed representatives. | **सहभागितामूलक लोकतन्त्र**<br>त्यस्तो लोकतन्त्र जसले नागरिकको सहभागितालाई निर्वाचनमा मात्र सीमित गर्दैन, नागरिकहरूका लागि निर्वाचित वा मनोनीत प्रतिनिधिविना पनि नीति निर्माणमा प्रत्यक्ष सहभागिताका लागि अवसर प्रदान गर्छ । |
| **People**<br>The aggregate of the individuals who comprise a state or a nation. In a more restricted sense, as generally used in the constitutional law, the entire body of those citizens of a state or a nation who are entrusted with political power for political purposes. | **जनता**<br>जुन व्यक्तिबाट राष्ट्र वा राज्य बन्छ तिनीहरूको समष्टि नै जनता हो । सीमित अर्थमा भन्ने हो भने जनता भनेको सामान्यतया संवैधानिक कानुनमा प्रयोग गरिएझैं राज्य वा राष्ट्रका ती नागरिकहरूको समग्रता हो जसलाई राजनीतिक प्रयोजनहरूका निम्ति राजनीतिक अधिकार प्रदान गरिन्छ । |
| **Peoples**<br>The human beings of particular nations, communities or ethnic groups. In international law, it refers to peoples who have the right to external self-determination, not to sub-populations within a country. | **जनताहरू**<br>खास राष्ट्र, समुदाय वा जनजाति समूहका मानिस । अन्तर्राष्ट्रिय कानुनको मान्यताअनुसार यो पदावलीले बाह्य आत्मनिर्णयको अधिकारसहितको कुनै मुलुकका सम्पूर्ण जनतालाई जनाउँछ न कि त्यसभित्रको उप-समूह विशेष । |
| **Plural Society**<br>A society in which two or more distinct cultural, religious or social groups co-exist. | **बहुल समाज**<br>त्यस्तो समाज जहाँ दुई वा दुईभन्दा बढी पृथक् सांस्कृतिक, धार्मिक र सामाजिक समूहहरू सह-अस्तित्वमा रहन्छन् । |

| | |
|---|---|
| **Pluralism**<br>A system or philosophy, which, in the name of respect for diversity, acknowledges the existence of different political opinions, moral and religious beliefs, and cultural and social behavior. | **बहुलवाद**<br>यो एउटा त्यस्तो प्रणाली वा दर्शन हो जसले विविधताको सम्मानका रूपमा भिन्नभिन्न राजनीतिक मत, नैतिक तथा धार्मिक आस्था एवं सांस्कृतिक तथा सामाजिक व्यवहारलाई स्वीकार गर्छ । |
| **Pluralistic values**<br>These are values based on diverse religious and/or political beliefs and views of the world. | **बहुलवादी मूल्य**<br>विविध धार्मिक वा राजनीतिक आस्थाहरू तथा विश्वदृष्टिकोणमा आधारित मूल्यहरू । |
| **Plurinational Identities**<br>An individual has plural national identities when he or she belongs to, or self-affiliates with, more than one nation. For example, Scots have plural national identities—Scottish and British. | **बहुराष्ट्रिय पहिचान**<br>जब कुनै व्यक्ति एकभन्दा बढी राष्ट्रको नागरिक हुन्छ वा ती राष्ट्रमा स्वआबद्ध हुन्छ, त्यस्तो अवस्थामा उसले बहुलराष्ट्रिय पहिचान प्राप्त गर्छ । उदाहरणका लागि, स्कटल्यान्डवासीहरूले स्कटल्यान्ड र ब्रिटेनको बहुराष्ट्रिय पहिचान प्राप्त गर्छन् । |
| **Plurinational State**<br>It is a state in which the population consists of two or more nationalities—a multinational state. In prescriptive terms, a state that respects and encourages the socio-cultural diversity of the population is considered to be a plurinational state. | **बहुलराष्ट्रिय राज्य**<br>दुई वा दुईभन्दा बढी राष्ट्रको जनसङ्ख्या भएको राज्य बहुलराष्ट्रिय राज्य हो । बहुलराष्ट्रिय राज्य भन्नाले विशेष गरी जनसङ्ख्याको सामाजिक-आर्थिक विविधतालाई सम्मान गर्ने र प्रोत्साहित गर्ने राज्यलाई बुझाउँछ । |
| **Political Plurality**<br>Free operation of a full range of interests and expression in a political system. | **राजनीतिक बहुलता**<br>अनेकौँ पृथक् हितहरू तथा अभिव्यक्तिहरूले स्वतन्त्ररूपमा क्रियाशील हुन पाउने राजनीतिक प्रणाली । |
| **Positive Discrimination**<br>Refers to the idea that marginalized social groups should be provided special privileges and opportunities to compensate them for past injustices as measures of retribution (see also Affirmative Action). | **सकारात्मक विभेद**<br>ऐतिहासिक रूपले उत्पीडन तथा वञ्चित गरिएका समूहहरूलाई प्रतिपुरण गर्नका लागि विशेष अवसर, अधिकार, सुविधा तथा सुरक्षा प्रदान गरिने व्यवस्था (हेर्नुहोस्, सकारात्मक विभेद) । |

| | |
|---|---|
| **Power**<br>The right, ability, or authority to perform an act. It also refers to legal capacity to do something; for example, legislative power means power to make laws. | **शक्ति**<br>कुनै कार्य गर्ने हक, क्षमता वा अख्तियार । यसले कुनै कार्य गर्ने कानुनी क्षमतालाई पनि जनाउँछ । उदाहरणका लागि, विधायकी शक्ति भनेको कानुनहरू बनाउने शक्ति हो । |
| **Power-sharing**<br>This term is used to describe a system of governance in which all or some groups of society, usually defined along territorial, ethnic, racial, linguistic or religious lines, are guaranteed a permanent share of power. Power-sharing arrangements include guaranteed political representation in public institutions, protection of minority rights or group rights, federalism or consociationalism. It also implies sharing of power by various political parties in a parliamentary system.<br>In federal structures, horizontal power-sharing refers to division of power between different components of a federal system while vertical power-sharing is the division of power between different levels of government. | **सत्ता साझेदारी**<br>यो पदावली त्यस्तो शासकीय प्रणालीको वर्णन गर्न प्रयोग गरिन्छ जसमा सामान्यतया क्षेत्रीय, जनजातीय, जातीय, भाषागत वा धार्मिक आधारमा परिभाषित समाजका सबै वा केही समूहहरूलाई स्थायी सत्ता साझेदारी प्रत्याभूत गरिएको हुन्छ । सत्ता साझेदारीसम्बन्धी प्रबन्धहरूमा सार्वजनिक संस्थाहरूमा राजनीतिक प्रतिनिधित्व, अल्पसङ्ख्यकका अधिकारहरूको वा समूहविशेषका अधिकारहरूको संरक्षण, सङ्घीयता वा सहश्चरीयतालाई प्रत्याभूत गरिने कुराहरू पर्छन् । यसमा संसदीय प्रणालीमा विभिन्न राजनीतिक दलहरूद्वारा सत्ता साझेदारी गर्ने कुरा पनि निहित हुन्छ ।<br>सङ्घीय प्रणालीमा तेर्सो सत्ता साझेदारी भन्नाले सङ्घीय प्रणालीका विभिन्न अङ्गहरूबीचको शक्ति बाँडफाँडलाई बुझाउँछ भने ठाडो सत्ता साझेदारी भन्नाले सरकारका विभिन्न तहहरूबीचको शक्ति बाँडफाँडलाई बुझाउँछ । |
| **Pre-emption**<br>An American term used to denote a displacement of state laws by federal laws. This also refers to the process of a federal agency voiding a local ordinance or state law or precluding the adoption of state laws on a subject, asserting that the federal government, not the state or locality, has ultimate authority on the matter. | **पूर्वाधिकार**<br>सङ्घीय कानुनहरूद्वारा राज्यका कानुनहरूलाई विस्थापित गर्ने कार्यलाई जनाउने अमेरिकी शब्द । यसले सङ्घीय निकायद्वारा सम्बन्धित विषयको अन्तिम अधिकार राज्य वा स्थानीय तहलाई नभएर सङ्घीय सरकारलाई छ भन्ने दाबीका साथ सङ्घीय निकायद्वारा स्थानीय अध्यादेश वा राज्यको कानुनलाई बदर गर्ने वा लागु हुनुपूर्व नै रोक्ने प्रक्रियालाई पनि जनाउँछ । |

| | |
|---|---|
| **Presidency**<br>The federal executive office where the president serves as head of state, and in some cases, head of government. | **राष्ट्रपतीय हैसियत**<br>सङ्घीय राष्ट्रपतीय व्यवस्था जहाँ राष्ट्रपतिलाई राज्यप्रमुख र कतिपय मुलुकका सन्दर्भमा सरकार प्रमुखको पनि हैसियत प्राप्त हुन्छ । |
| **President**<br>The executive head in a presidential system of government who serves as head of state, and in some cases, head of government. In some parliamentary systems, like India, the president is only the head of state, which is a largely ceremonial function. In some cases, such as the United States and Latin American federations, the President serves as the elected head of government as well as head of state. | **राष्ट्रपति**<br>राष्ट्रपतीय प्रणाली भएको देशमा राज्यप्रमुख तथा कतिपय मुलुकका सन्दर्भमा सरकारप्रमुखका रूपमा सेवा गर्ने कार्यकारी प्रमुख । भारत र जस्ता कुनैकुनै संसदीय प्रणालीमा राष्ट्रपतिको भूमिका प्रतिकात्मक राज्यप्रमुखका रूपमा मात्र हुन्छ । अन्य केही मुलुकहरू (जस्तै, संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकी मुलुकहरू) मा भने राष्ट्रपतिले निर्वाचित सरकारप्रमुख र राष्ट्राध्यक्ष दुवै भूमिका निर्वाह गर्छन् । |
| **Presidential System**<br>A system of governance in which the office of the head of state and head of government is combined and usually referred to as a president; and the president is directly elected by the people for a fixed term. | **राष्ट्रपतीय प्रणाली**<br>त्यस्तो शासन प्रणाली जहाँ राज्य प्रमुख र सरकार प्रमुख एकै व्यक्ति हुन्छ, जसलाई सामान्यतः राष्ट्रपति भनिन्छ । राष्ट्रपतीय प्रणालीमा राष्ट्रपति एक निश्चित कार्यविधिका लागि जनताद्वारा प्रत्यक्ष निर्वाचित हुन्छ । |
| **Price Stability**<br>A situation in which the average level of prices is moving neither up nor down. In practical terms, it also refers to a state of the economy characterized by low inflation or deflation, and thus a stable value of money. Price stability is one of the central goals of most federal governments and central banks. | **मूल्य स्थिरता**<br>औसत मूल्यको तह तल-माथि नहुने स्थिति । यो पदावलीले मुद्रास्फिति वा मुद्रा अपस्फिति न्यून भएका अवस्थामा मुद्राको मूल्य स्थिर हुने खालको आर्थिक अवस्थालाई पनि जनाउँछ । मूल्य स्थिरता सङ्घीय सरकार तथा केन्द्रीय बैङ्कको मूल लक्ष्य हो । |
| **Prime Minister**<br>Head of the government who heads the Cabinet in parliamentary systems. Prime Minister is often the leader of the political party which has the majority of seats in the parliament. | **प्रधानमन्त्री**<br>संसदीय व्यवस्थामा मन्त्रिपरिषद्को नेतृत्व गर्ने सरकार प्रमुख । सामान्यतः जुन दलले निर्वाचनमार्फत् संसद्मा अत्यधिक सिट प्राप्त गरेको हुन्छ त्यही दलको नेता प्रधानमन्त्री हुने व्यवस्था हुन्छ । |

| | |
|---|---|
| **Principle of Territoriality**<br>The principle held up by states as the supreme organizing principle for the human race. Territory is the fundamental base of a state. The territoriality principle in international law gives legal authority for a state to exercise jurisdiction in a case, due to location of the crime. This principle also bars states from exercising jurisdiction beyond their borders, though with some possible exceptions. | **अधीनस्त भूभागको सिद्धान्त**<br>मानवजातिलाई सङ्गठित पार्ने मूल आधारका रूपमा राज्यहरूले ग्रहण गरेको सिद्धान्त । अन्तर्राष्ट्रिय कानुनमा अधीनस्थ भूभागको सिद्धान्तअनुसार कुनै पनि राज्यको सीमाभित्र गरिएका अपराधहरूको निर्क्योल गर्ने कानुनी क्षेत्राधिकार त्यस राज्यमा निहित रहन्छ । यस सिद्धान्तले अपवादको अवस्थामा बाहेक राज्यलाई आफ्नो भौगोलिक सीमाबाहिर क्षेत्राधिकार प्रयोग गर्न निषेध गर्छ । |
| **Private Law**<br>Part of a legal system that involves relationships between individuals, including contracts or torts. | **निजी कानुन**<br>त्यस्तो कानुन जसको प्रयोग व्यक्ति-व्यक्तिबीचको सम्बन्ध (जस्तै, करार, अस्वीकार्य व्यवहार, आदि) लाई सुल्झाउनका लागि गरिन्छ । |
| **Privatization**<br>Transfer of ownership and management of public enterprises to the private sector; de-nationalization. | **निजीकरण**<br>सार्वजनिक उद्यमहरूको स्वामित्व तथा व्यवस्थापन निजी क्षेत्रमा स्थानान्तर गरिने प्रक्रिया । अर्थात्, गैर-राष्ट्रियकरण । |
| **Progressive Tax**<br>A tax structure in which taxpayers who earn more are charged a higher percentage of their income. The aim of such a tax is to secure social justice. | **प्रगतिशील कर**<br>करको त्यस्तो संरचना जसमा बढी आर्जन गर्ने करदातारूको आयमा बढी प्रतिशत कर लगाइन्छ । यस्तो करको उद्देश्य सामाजिक न्याय सुनिश्चित गर्नु हुन्छ । |
| **Property Tax**<br>Taxes paid on property often set by local governments, on assessed property values. Usually applies to land and buildings. | **सम्पत्ति कर**<br>सम्पत्तिमा लगाइने कर । यस्तो कर प्रायः स्थानीय सरकारहरूद्वारा मूल्याङ्कन गरिएको सम्पत्तिका मूल्यहरूमाथि तोकिन्छ । यस्तो कर सामान्यतः भवन र जमिनका सन्दर्भमा लागु हुन्छ । |

| | |
|---|---|
| **Proportional Representation**<br>A system of electing members of the legislature, in which the number of seats allocated to a particular party is determined by the percentage of the popular vote won by that party. This system is used in many countries, including most European countries. Of the 601 members of Nepal's Constituent Assembly, 335 were elected on the basis of proportional representation. | **समानुपातिक प्रतिनिधित्व**<br>विधायिकाका लागि सदस्यहरू निर्वाचन गर्ने एउटा प्रणाली जसमा खास राजनीतिक दललाई तोकिने सिटसङ्ख्या त्यसले प्राप्त गरेको मतको प्रतिशतका आधारमा निर्धारित हुन्छ । यो प्रणाली अधिकांश युरोपेली देशहरूलगायत अन्य थुप्रै देशहरूमा प्रयोगमा छ । नेपालको संविधानसभाका ६०१ सदस्यमध्ये ३३५ सदस्य समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित भएका हुन् । |
| **Protection of Minorities**<br>Involves constitutional and statutory provisions for guaranteeing fundamental freedoms of minority groups. It also involves the representation of linguistic, cultural or other minorities in the various levels of government. In a federal system of governance, the meaning of protection of minorities also extends to ensuring constitutional measures of self-governance to minority groups. | **अल्पसङ्ख्यकहरूको संरक्षण**<br>अल्पसङ्ख्यक समूहहरूका मूलभूत स्वतन्त्रताको प्रत्याभूतिका लागि संवैधानिक तथा कानुनी प्रावधानहरूको प्रबन्ध । यस प्रबन्धअन्तर्गत सरकारका विभिन्न निकाय र तहमा भाषिक, सांस्कृतिक वा अन्य अल्पसङ्ख्यकहरूको प्रतिनिधित्व पनि पर्छ । सङ्घीय प्रणालीमा भने अल्पसङ्ख्यकको संरक्षणको अर्थ अल्पसङ्ख्यक समूहलाई केही हदसम्म स्व-शासनको अधिकार दिने संवैधानिक उपायलाई सुनिश्चित गर्ने कुरासम्म विस्तारित हुन्छ । |
| **Province**<br>A term to describe a territorial constituent unit within a federation. | **प्रान्त**<br>सङ्घीय संरचनाभित्रका अङ्गीभूत एकाइहरूलाई जनाउने शब्द । |
| **Provincial Equality**<br>The term is used in the context of symmetric federalism to point to the equal status of constituent units in federations. In economics the term refers to the ideal of a federal system seeking to equalize living standards in all provinces through measures of equalization payments. | **प्रादेशिक समानता**<br>बराबर अधिकारप्राप्त एकाइहरू भएको सङ्घीय प्रणालीमा सबै एकाइहरूको समान हैसियतलाई इङ्गित गर्नका लागि यस शब्दावलीको प्रयोग गरिन्छ । आर्थिक प्रसङ्गमा भने यस पदावलीले सबै प्रान्तहरूको जीवनस्तरलाई समान बनाउने उद्देश्यले अपनाइने उपायहरूमध्ये विशेष भुक्तानी दिइने सङ्घीय प्रणालीको आदर्शलाई बुझाउँछ । |

| | |
|---|---|
| **Provincial Government**<br>Government of a province. | **प्रादेशिक सरकार**<br>प्रदेशको सरकार |
| **Public Law**<br>The law governing the relationship between the state on one hand and individuals, including legal entities recognized as individuals, on the other. Constitutional law, administrative law and criminal law are sub-divisions of public law. Public laws have general applicability nationwide. | **सार्वजनिक कानुन**<br>राज्य, व्यक्ति र कानुनी रूपले व्यक्तिसरह मान्यता प्राप्त सङ्गठित संस्थाबीचका सम्बन्धहरूलाई सम्हाल्ने कानुन । संवैधानिक कानुन, प्रशासनिक कानुन र फौजदारी कानुन सार्वजनिक कानुनका उदाहरणहरू हुन् । सार्वजनिक कानुनहरू आम रूपले राष्ट्रभरि नै लागु हुन्छन् । |
| **Public Utility**<br>Public enterprises owned and managed by the government to provide basic services such as electricity, water or gas. | **सार्वजनिक सेवा**<br>विभिन्न सेवाहरू जस्तै, विद्युत, खानेपानी, ग्याँसजस्ता आधारभूत पूर्वाधार उपलब्ध गराउनका निम्ति सरकारी स्वामित्व र व्यवस्थापनमा रहने सार्वजनिक उद्यमहरू । |
| **Race**<br>A category of people distinguished from others on the basis of visible characteristics (e.g. skin color or hair type) or self-identification. | **वर्ण**<br>देखिने विशिष्टताहरू (अर्थात् छालाको रङ्ग वा केशको प्रकार) वा आत्म-पहिचानका आधारमा अन्य समूहहरूभन्दा पृथक् मानिसहरूको एउटा कोटि । |
| **Referral of Power**<br>Constitutional provision allowing one level of government to transfer or delegate authority to act to another level of government over a stipulated subject matter of jurisdiction. | **अधिकार निरूपण**<br>सरकारको एक तहलाई क्षेत्राधिकारको कानुनी व्यवस्था भएका विषयहरूमा सरकारको अर्को तहलाई कार्य गर्ने अधिकार हस्तानन्तरण वा प्रत्यायोजन गर्न छुट दिने संवैधानिक प्रावधान । |
| **Region**<br>An area having some characteristics that distinguish it from other areas. It can also be used to denote territorial, administrative or political boundaries of constituent units of a federation. | **क्षेत्र**<br>केही विशेषताहरूका कारण पृथक् भौगोलिक क्षेत्र । यसलाई सङ्घका प्रादेशिक एकाइहरू तथा प्रशासनिक वा राजनीतिक सीमानाहरू जनाउन पनि प्रयोग गर्न सकिन्छ । |

| | |
|---|---|
| **Regional Borrowing**<br>Regional borrowing is the arrangement by which constituent units of a federation raise money in domestic or foreign capital markets. | **क्षेत्रीय ऋण**<br>सङ्घीय प्रणालीमा अङ्गीभूत एकाइहरूलाई घरेलु तथा बाह्य पुँजी बजारबाट अर्थ सङ्कलन गर्नका लागि मिलाइएको प्रबन्ध । |
| **Regionalism**<br>In politics, regionalism is a political ideology that focuses on the interests of a particular region or group of regions, whether traditional or formal (administrative divisions, country subdivisions, political divisions or constituent units). Proponents of regionalism seek to increase the region's influence and political power, either through movements for limited form of autonomy (devolution, states' rights, decentralization) or through stronger measures for a greater degree of autonomy (sovereignty, separatism, independence). | **क्षेत्रीयतावाद**<br>राजनीतिमा क्षेत्रीयतावाद खास क्षेत्र वा खास क्षेत्रहरूको समूहका हितमा ध्यान दिने राजनीतिक विचारधारा हो । यस प्रकारका क्षेत्रहरू परम्परागत वा औपचारिक (प्रशासनिक विभाजनहरू, अङ्गीभूत एकाइ, राजनीतिक विभाजन, उप-राष्ट्रिय एकाइ) हुन सक्छन् । क्षेत्रीयतावादका पक्षधरहरू सीमित स्वरूपको स्वायत्तता (प्रत्यायोजन, राज्यका अधिकार, विकेन्द्रीकरण) का लागि चलाइने आन्दोलनद्वारा वा स्वायत्तता (सार्वभौमसत्ता, पृथक्ता, स्वाधीनता) प्राप्त गर्ने कदमद्वारा क्षेत्रको प्रभाव तथा राजनीतिक शक्ति वृद्धि गर्ने कुरामा ध्यान दिन्छन् । |
| **Representative Government**<br>A system of government where the legislative and executive bodies are filled, directly or indirectly, through a process of regular elections. | **प्रतिनिधिमूलक सरकार**<br>विधायकी तथा कार्यकारी निकायकास्थानहरू नियमित निर्वाचन प्रक्रियाद्वारा प्रत्यक्ष वा परोक्षरूपले पूर्ति गरिने सरकारको प्रणाली । |
| **Republic**<br>A state in which power is held by the people and their elected representatives and which has an elected president as head of state rather than a monarch. Nepal was declared a republic on May 28, 2008. | **गणतन्त्र**<br>त्यस्तो राष्ट्र जहाँ सम्पूर्ण शक्ति जनता तथा जननिर्वाचित प्रतिनिधिहरूमा निहित हुन्छ । गणतान्त्रिक मुलुकमा राष्ट्राध्यक्षको भूमिका राजाले नभई जननिर्वाचित प्रतिनिधिले निर्वाह गर्छन् । नेपाल वि.सं. २०६५ जेष्ठ १५ गतेका दिन नेपाल गणतन्त्रिक मुलुक घोषित भएको थियो । |

| | |
|---|---|
| **Republican Federalism**<br>Refers to federal democracies that are organized as a republic. India and the United States are federal republics. Nepal has also been declared a federal republic. Its structure, however, will be determined after a new constitution is adopted by the Constituent Assembly. | **गणतन्त्रात्मक सङ्घीयता**<br>यस पदावलीले गणतन्त्रको रूपमा सङ्गठित सङ्घीय लोकतन्त्रलाई जनाउँछ । भारत र संयुक्त राज्य अमेरिका सङ्घीय गणतन्त्र हुन् । नेपाल पनि सङ्घीय गणतन्त्र घोषित भैसकेको छ । संविधानसभाद्वारा नयाँ संविधान पारित भएपछि यसको स्वरूप निर्धारित हुनेछ । |
| **Reservation**<br>A process of positive discrimination to ensure adequate representation of marginalized groups in legislative and executive positions. In India, reservation refers to reservation of seats in parliament or the administration for targeted groups of people. | **आरक्षण**<br>सीमान्तकृत समूहहरूलाई विधायिका तथा कार्यकारिणीका पदहरूमा यथेष्ट प्रतिनिधित्व सुनिश्चित गर्ने सकारात्मक विभेदसम्बन्धी प्रक्रिया । भारतमा आरक्षणले लक्ष्यित समूहहरूका निम्ति संसद् वा प्रशासनमा सिट आरक्षण गर्ने कुरालाई जनाउँछ । |
| **Reserved Powers**<br>Reserved powers are the powers that are neither delegated to the federal government nor prohibited from being assigned to the constituent units. They are reserved to the people, or to the constituent units. The Reserved Powers under the Tenth Amendment to the U.S. constitution is an example. | **आरक्षित अधिकार**<br>आरक्षित अधिकार भन्नाले त्यस्तो अधिकारलाई जनाउँछ जुन अधिकारहरू संविधानले न त सङ्घीय सरकारलाई प्रदान गरेको हुन्छ न त प्रादेशिक सरकारमा तोकिने कुरालाई निषेध गरेको हुन्छ । यी अधिकारहरू जनता वा राज्यमा आरक्षित हुन्छन् । संयुक्त राज्य अमेरिकाको संविधानको दसौँ संशोधन यसको उदाहरण हो । |
| **Residual Powers**<br>Those unidentified powers that are left by a federal constitution either implicitly or explicitly to a particular order of government in contrast to explicitly assigned enumerated powers. In the United States such powers are reserved to the people or to the state. | **अवशिष्ट अधिकारहरू**<br>सङ्घीय संविधानद्वारा सरकारको कुनै खास तहलाई किटानीका साथ प्रदान गरिएका अधिकारहरूभन्दा भिन्न सरकारको कुनै खास तहका लागि प्रकट वा अप्रकट स्वरूपमा छाडिएका बाँकी अधिकारहरू । संयुक्त राज्य अमेरिकामा यी अधिकारहरू जनता वा राज्यमा आरक्षित छन् । |

| | |
|---|---|
| **Responsible Government**<br>The British term for an executive government that depends upon the continuing support of the majority in the legislature. | **उत्तरदायी सरकार**<br>विधायिकामा बहुमतको समर्थनको निरन्तरतामा निर्भर गर्ने कार्यकारी सरकारका लागि प्रयोग गरिने बेलायती पदावली । |
| **Responsiveness**<br>The ability and readiness of a government to respond rapidly to societal changes, to take into account the expectations of civil society in identifying the general public interest and to critically examine its actions and policies. | **प्रभावग्राहिता**<br>समाजमा हुने परिवर्तनहरूप्रति छिटो सम्बोधन गर्ने आम जनताको हितको पहिचान गर्नेगरी नागरिक समाजका अपेक्षाहरूको आकलन गर्ने र आफ्ना कार्य तथा नीतिहरूको आलोचनात्मक रूपले परीक्षण जाँच गर्ने सरकारको क्षमता तथा तत्परता । |
| **Restructuring of the State**<br>It is the re-arranging of the political structure of a state. It may provide access to the state structures and decision-making to every section of society, particularly to the excluded and marginalized groups.<br>The Interim Constitution of Nepal, 2007 states that the restructuring of the state shall be as follows:<br>"To make an inclusive, democratic and progressive restructuring of the state, by ending the existing centralized and unitary structure of the state so as to address the problems including those of women, Dalits, indigenous people, Madhesi, oppressed, excluded and minority communities and backward regions, while at the same time doing away with discrimination based on class, caste, language, gender, culture, religion and region" (Article 33(d)).<br>In Nepal's context restructuring of the state also means federalization of the present unitary structure of the state. | **राज्यको पुनःसंरचना**<br>राज्य पुनःसंरचना भनेको राज्यको राजनीतिक संरचनाको पुनर्प्रबन्ध गर्ने प्रक्रिया हो । यसलेसमाजका सबै वर्गहरू र विशेष गरी सीमान्तिकृत तथा पिछडिएका वर्गहरूलाई राज्यको संरचना तथा निर्णय प्रक्रियामा पहुँच उपलब्ध गराउन सक्छ ।<br>राज्य पुनःसंरचनाको विषयलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निम्नानुसार उल्लेख गरेको छ :<br>"वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएको क्षेत्रलगायतका समस्याहरूको सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने" (धारा ३३(घ) ।<br>नेपालका सन्दर्भमा राज्य पुनःसंरचनाको अर्थ वर्तमान एकात्मक राज्यलाई सङ्घीयकरण गर्ने अर्थमा पनि बुझ्ने गरिन्छ । |

| | |
|---|---|
| **Revenue Sharing**<br>Arrangements for sharing revenue between orders of government, usually from the federal government to its constituent units according to an established formula or practice. | **राजस्व हिस्सेदारी**<br>सरकारका तहहरूमा, स्थापित सूत्र वा प्रचलनअनुसार सामान्यतया सङ्घीय सरकारदेखि त्यसका अङ्गीभूत एकाइहरूसम्म राजस्व बाँडफाँड र साझेदारी गर्ने प्रबन्धहरू । |
| **Rule of Law**<br>It is a doctrine that holds that no individual is above the law and everyone regardless of their social status is equal before law. It is a condition in which every member of society including its ruler accepts the authority of the law. This carries the implication that this applies equally to all levels of government. | **कानुनको शासन**<br>सबै व्यक्ति कानुनअन्तर्गत रहनुपर्ने र कानुनको अगाडि सबै सामाजिक स्तरका व्यक्ति समान हुन् भन्ने सिद्धान्त । शासकहरूलगायत समाजका प्रत्येक सदस्यले कानुनको सर्वोच्चतालाई स्वीकार गर्ने व्यवस्था नै कानुनको शासन हो । यसले कानुनको सर्वोच्चतालाई स्वीकार गर्ने कुरा सरकारका सबै तहहरूमा समान रूपले लागु हुने अर्थसमेत दिन्छ । |
| **Sales Tax**<br>A consumption tax on retail sales of goods and services. | **बिक्री कर**<br>वस्तु तथा सेवाहरूको उपयोग गर्दा खुद्रा बिक्रीमा लगाइने उपभोग कर । |
| **Schedule**<br>A schedule is often found as an annex of a Constitution Act or Regulation. Schedules may provide relevant details, such as an international convention enacted in the legislation, or a long list, such as a list enumerating the distribution of powers. | **अनुसूची**<br>संविधान, ऐन वा नियमको राखिएको सूची । अनुसूचीले संविधान तथा कानुनमा समावेश गरिएको अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका हुन्छन् । जस्तै, शक्ति वितरणको व्याख्या गर्ने सूची । |
| **Scheduled Castes**<br>A list of socially deprived (untouchable) castes prepared by the British Government in 1935 in India. The schedule of castes was intended to increase representation of scheduled-caste members in the legislature, in government employment, and in university placement. The term is widely used in the Indian constitution. | **अनुसूचित जाति**<br>सन् १९३५ मा भारतमा बेलायती सरकारले सामाजिक रूपमा वञ्चित (अछुत) जातिहरूबारे तयार पारेको सूची । यसको उद्देश्य विधायिका, सरकारी सेवा र नियुक्ति तथा विश्वविद्यालयसम्म अनुसूचीका जातका सदस्यहरूको प्रतिनिधित्व बढाउनु थियो । यो पदावली भारतीय संविधानमा व्यापक रूपमा प्रयोग गरिएको छ । |

| | |
|---|---|
| **School District**<br>In the United States of America, a purpose-specific form of local government. | **स्कुल डिस्ट्रिक्ट**<br>संयुक्त राज्य अमेरिकामा प्रयोजनमुखी स्थानीय सरकारको स्वरूप । |
| **Secession**<br>The act of withdrawing from an organization, union, or political entity. It usually refers to the creation of a new independent state from a larger one. | **सम्बन्ध विच्छेदन**<br>कुनै सङ्गठन, सङ्घ वा राजनीतिक सत्ताबाट अलग हुने कार्य । यस कार्यले सामान्यतया कुनै राज्यबाट अलग भएर नयाँ स्वतन्त्र राज्य निर्माण गर्ने कार्यलाई समेत जनाउँछ । |
| **Second Chamber**<br>Upper house of a bicameral legislature. In federations, the upper house is usually composed of representatives of constituent units. The second chamber may also consist of representatives from ethnicities and other national communities. | **माथिल्लो सभा**<br>दुई सदनात्मक विधायिकाको उपल्लो सभा । सङ्घीयतामा माथिल्लो सभा सामान्यतः प्रादेशिक प्रतिनिधिहरूको सभा हुन्छ । माथिल्लो सभा जातीय तथा अन्य समुदायको प्रतिनिधित्वबाट पनि बन्न सक्छ । |
| **Secular State**<br>A secular state is a state or a country that is officially neutral in matters of religion, neither supporting nor opposing any particular religious system. This belief of keeping state affairs free from religion arises out of ideology of secularism. | **धर्म निरपेक्ष राज्य**<br>धार्मिक सवालहरूमा आधिकारिक रूपले तटस्थ रही धर्मविशेषको समर्थन वा विरोध नगर्ने राज्य वा देशलाई धर्मनिरपेक्ष राज्य भनिन्छ । राज्यका मामिलाहरूलाई धर्मबाट स्वतन्त्र राख्ने यो विश्वासको उदय धर्म निरपेक्षतासम्बन्धी विचारधाराबाट भएको हो । |
| **Secularism**<br>An ideology according to which religion or religious beliefs should be excluded from certain human activities and decisions, especially those pertaining to public and political affairs. | **धर्म निरपेक्षता**<br>त्यस्तो विचारधारा जसअनुसार धर्म वा धार्मिक विश्वासहरूलाई, खास मानवीय क्रियाकलाप तथा निर्णयबाट, विशेष गरेर सार्वजनिक तथा राजनीतिक मामिलाहरूबाट अलग राखिन्छ । |

| | |
|---|---|
| **Self-determination**<br>In modern international law, a collective "people's right" to govern their affairs. This may not equate to a right to nationhood, but at a minimum ensures the right of a people to preserve its language and heritage.<br>The United Nation's Charter and Convention 169 of the International Labour Organization elaborate on the conditions under which a people may have some politically autonomous rights where its rights would otherwise be restricted. | **आत्मनिर्णय**<br>आधुनिक अन्तर्राष्ट्रिय कानुनमा आत्मनिर्णयको अधिकारलाई समुदाय विशेषको स्वशासनको अवधारणाका रूपमा व्याख्या गर्ने गरिन्छ । यस अवधारणाको अर्थ छुट्टै राष्ट्रको हैसियत भन्ने नभए तापनि कम्तीमा समुदायको भावना र संस्कृतिको संरक्षण भने सुनिश्चित गरिएको हुन्छ ।<br>राष्ट्रसङ्घीय बडापत्र तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कन्भेन्सन सन् १९६९ ले यससम्बन्धी सर्तहरू सविस्तार व्याख्या गरेको छ जसअन्तर्गत समूह विशेषका जनताले राजनीतिक दृष्टिले स्वायत्त हुने केही अधिकार प्राप्त गर्न सक्छन् जहाँ अन्यथा उक्त अधिकारहरू वर्जित हुन्थे । |
| **Self-government**<br>The ability of peoples to govern themselves according to their values, cultures and traditions. In its wider sense, this also refers to institutions of local government in a federal or unitary system. | **स्व-सरकार**<br>आफ्ना मूल्य, संस्कृति तथा परम्पराअनुसार आफूमाथि स्वयं शासन गर्ने जनताको सामर्थ्य । यसले बृहत् अर्थमा सङ्घीय वा एकात्मक प्रणालीका स्थानीय सरकारका संस्थाहरूलाई जनाउँछ । |
| **Self-rule**<br>Rule of a group of people by their own democratically elected leaders as opposed to rule imposed by a foreign government or people. | **स्व-शासन**<br>विदेशी सरकार वा मानिसहरूद्वारा लादिएको शासनभन्दा भिन्न जन निर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालित शासन । |
| **Semi-direct Democracy**<br>A system of representative democracy in which use of plebiscite is sometimes made to legitimize decisions. | **अर्द्ध-प्रत्यक्ष लोकतन्त्र**<br>प्रतिनिधिमूलक लोकतन्त्रको एउटा प्रणाली जसमा अधिकांश निर्णयहरूलाई वैधता दिन कहिलेकाहीँ जनमत सङ्ग्रह प्रयोग गर्ने गरिन्छ । |
| **Senate**<br>The name given to a second chamber or upper house of a bicameral federal legislature in several federations including Argentina, Brazil, Canada, Mexico, Nigeria, Spain and the United States. | **सिनेट**<br>अर्जेन्टिना, ब्राजिल, क्यानाडा, मेक्सिको, नाइजेरिया, स्पेन तथा संयुक्त राज्य अमेरिकालगायत अनेकौँ सङ्घहरूका दुई सदनात्मक विधायिकाको दोस्रो सभा वा उपल्लो सदनलाई जनाउने नाम । |

| | |
|---|---|
| **Separation of Powers**<br>Refers to the allocation of powers amongst the branches of a government (whether federal or constituent unit). In the United States of America and Latin American federations, the term "separation of powers" applies to the separation in the federal government between the Presidency, Supreme Court and Congress. It relates to the concept of checks and balances. | **तेर्सो शक्ति पृथकीकरण**<br>सरकार (सङ्घीय र एकाइहरू) का तीन प्रमुख अङ्गहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) का बीचमा गरिने शक्तिको बाँडफाँडलाई जनाउँने शब्दावली । संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकी सङ्घीय राज्यहरूमा यो पदावली सङ्घीय सरकारका राष्ट्रपति, सर्वोच्च अदालत र कङ्ग्रेसबीचको शक्ति पृथकीकरणका सन्दर्भमा प्रयोग गरिन्छ । यो अवधारणा शक्ति सन्तुलनको सिद्धान्तसँग सम्बन्धित छ । |
| **Shared Revenues**<br>Revenues that are shared between two or more orders of government. Typically the federal government collects shared revenues. Constituent units normally receive their portion without conditions regarding their use. | **साझा आय**<br>त्यस्तो आय जसलाई दुई वा सोभन्दा बढी तहका सरकारहरूले साझा रूपमा उपयोग गर्छन् । सामान्यतः साझा आयको सङ्कलन गर्ने जिम्मा केन्द्रीय सरकारको हुन्छ । सङ्घीय एकाइहरूले विना कुनै सर्त यसको केही हिस्सा प्राप्त गर्छन् । |
| **Shared Rule**<br>An exercise of authority over specific subjects by constituent units through common institutions. In federations, this term is particularly used to depict the participation of constituent units in the decision-making at the federal level, e.g. based on representation of the constituent units in the second chamber of parliament. | **साझा शासन**<br>अङ्गीभूत एकाइहरूले निश्चित विषयहरूमा साझा संस्थाहरूद्वारा गरिने शासनको अभ्यास । सङ्घहरूमा यो प्रबन्ध खास गरेर केन्द्रीय तहको निर्णय गर्ने प्रक्रियामा प्रादेशिक एकाइहरूको सहभागिता सुनिश्चित गर्न प्रयोग गरिन्छ । यो कार्य संसद्को उपल्लो सदनमा एकाइहरूको प्रतिनिधित्वको आधारमा सम्पन्न गरिन्छ । |
| **Shared Sovereignty**<br>Sovereignty exercised by two or more states, or in the federal context, by different levels of government. | **सार्वभौमसत्तामा साझेदारी**<br>दुई वा सोभन्दा बढी राज्यहरूले संयुक्त रूपमा अभ्यास गर्ने सार्वभौमसत्ता । सङ्घीय सन्दर्भमा यस पदावलीले विभिन्न तहका सरकारहरूले संयुक्त रूपमा अभ्यास गरिने सार्वभौमसत्तालाई जनाउँछ । |

| | |
|---|---|
| **Social Inclusion**<br>Positive action taken to include all sectors of society into processes of policy planning and other decision-making. | **सामाजिक समावेशीकरण**<br>समाजका सबै क्षेत्रहरूलाई नीतिगत योजना तर्जुमा तथा निर्णय प्रक्रियाहरूमा समावेश गर्नका निम्ति चालिने सकारात्मक कदम । |
| **Sovereignty**<br>The principle that the state exercises absolute power over its territory and population. It also includes the freedom of a state to determine its foreign relations with other states and be a member of international organizations. | **सार्वभौमसत्ता**<br>राज्यले आफ्नो भूभाग तथा जनतामाथि पूर्ण अधिकारको अभ्यास गर्ने सिद्धान्त । यस सिद्धान्तअर्न्तगत राज्यको अन्य देशहरूसँगको वैदेशिक सम्बन्ध निर्धारण गर्ने स्वतन्त्रता र अन्तर्राष्ट्रिय सङ्घसंस्थामा सदस्यता प्राप्त गर्ने अधिकारसमेत पर्दछन् । |
| **Special Autonomous Area**<br>Special arrangement for an ethnic minority community's self-administration within the constituent unit of a federation so that the community has some measure of self-government in relation to its culture, language, customs and traditions. | **विशेष स्वायत्त क्षेत्र**<br>सङ्घको अङ्गीभूत एकाइभित्र रहेका अल्पसङ्ख्यक जनजाति समुदायका लागि गरिने स्वशासनको विशेष प्रबन्ध जसले गर्दा सो समुदायले आफ्नो संस्कृति, रितिथिति र परम्पराका आधारमा केही मात्रामा स्वशासन पाएका हुन्छन् । |
| **Specific-purpose Grant**<br>Fiscal transfers by the central government to other levels of government tied to its policy priorities, specified programs, or projects; a conditional grant. | **प्रयोजनमुखी अनुदान**<br>केन्द्रीय सरकारद्वारा आफ्ना नीतिगत प्राथमिकताहरू, निश्चित कार्यक्रम वा आयोजनाका लागि हस्तान्तरित रकम । सर्तबद्ध अनुदान । |
| **Spending Power**<br>In federal context, it means an ability of the central government to spend in areas that are outside its jurisdiction but within the jurisdiction of another order of government. Federal governments frequently use the spending power to influence the programs and activities of constituent units in areas beyond the federal legislative competence, such as by funding national programs in a constituent unit's jurisdiction, like education or health, through transfers conditional upon adherence to federation-wide norms. | **खर्च गर्ने हैसियत**<br>सङ्घीय प्रणालीमा आफ्नो अधिकारक्षेत्रबाहिर अर्को तहको सरकारको क्षेत्राधिकारमा पर्ने क्षेत्रहरूमा खर्च गर्ने केन्द्रीय सरकारको हैसियत । सङ्घीय सरकारले यस्तो अधिकार अक्सर विधायकी क्षेत्राधिकार भन्दा बाहिरका क्षेत्रहरूमा पर्ने अङ्गीभूत एकाइहरूका कार्यक्रम तथा क्रियाकलापहरूमाथि प्रभाव पार्नका निम्ति प्रयोग गर्छन् । उदाहरणका लागि, कुनै अङ्गीभूत एकाइको क्षेत्राधिकारभित्र पर्ने विषयमा सङ्घीय मान्यताहरू पालना गराउनका लागि शिक्षा, स्वास्थ्यजस्ता राष्ट्रिय कार्यक्रमहरूलाई दिने आर्थिक सहायता । |

| | |
|---|---|
| **State**<br>A political association with sovereign control over a geographic area. It may be a nation state, or a multinational state. A state usually includes the set of institutions that claim the authority to make the rules that govern the exercise of coercive power for the people of the society in that territory. Its status as a state in international law depends in part on being recognized as such by a number of other states. | **राज्य**<br>निश्चित भौगोलिक सीमाभित्र सार्वभौम नियन्त्रण भएको राजनीतिक सङ्गठन । यो राष्ट्र राज्य, वा बहुराष्ट्रिय राज्य हुन सक्छ । राज्यले विधिविधान, संयन्त्र र प्रक्रियाहरूका माध्यमबाट आफ्नो भूभागका जनतालाई बल प्रयोग गर्ने अधिकारद्वारा नियम पालना गराउन बाध्य पार्ने हैसियत राख्दछ । अन्तर्राष्ट्रिय कानुनअनुसार राज्यका रूपमा यसको हैसियत केही हदसम्म अन्य राज्यहरूद्वारा दिइने मान्यतामाथि निर्भर गर्छ । |
| **State in a Federal State**<br>The term for constituent units in several federal countries such as Australia, Brazil, India, Mexico, Nigeria and the United States. | **सङ्घीय राज्यअन्तर्गतको राज्य**<br>अस्ट्रेलिया, ब्राजिल, भारत, मेक्सिको, नाइजेरिया तथा संयुक्त राज्य अमेरिकाजस्ता सङ्घीय देशहरूका अङ्गीभूत एकाइ तहलाई जनाउने शब्द । |
| **Statehood**<br>The property of being a state with a government exercising effective sovereignty over a people within a geographic area, as recognized by other states. | **राज्यत्व**<br>निश्चित भौगोलिक क्षेत्रभित्रका जनतामाथि प्रभावकारी रूपले सार्वभौमसत्ताको अभ्यास गर्ने सरकार भएको राज्य बन्ने गुण । यसलाई अन्य राज्यहरूले समेत मान्यता प्रदान गरेको हुनुपर्दछ । |
| **Statutory**<br>Of, relating to, enacted or regulated by a statute. Understood also as status as in "statutory matters". | **सांविधिक**<br>कानुनद्वारा व्यवस्थित वा नियमित हुने कार्यसित सम्बन्धित । यस शब्दले कानुनी अवस्थितिलाई समेत जनाउँछ । |
| **Sub-constitutional**<br>Rules and institutional arrangements that may have the force of law but of ordinary (legislative acts) rather than constitutional law. | **उप-संवैधानिक**<br>कानुनको मान्यता प्राप्त भएका तर संवैधानिक कानुनको हैसियत नभएका साधारण विधायकी ऐन, कानुनसरहको संवैधानिक तथा संस्थागत प्रबन्धहरू । |

| | |
|---|---|
| **Subjects of the Federation**<br>Generic term for various constituent units of the Russian Federation comprising republics, territories, regions, autonomous areas, autonomous regions and federal cities. | **सङ्घका अङ्गहरू**<br>रूसी महासङ्घका अङ्गीभूत एकाइहरू जस्तै, गणतन्त्र, भूभाग, क्षेत्र, स्वायत्त इलाका, स्वायत्त क्षेत्र तथा सङ्घीय नगरहरूलाई जनाउने पदावली । |
| **Sub-national Unit**<br>An administrative or political division within a state on a level below that of the central state with a certain degree of autonomy. | **उप-राष्ट्रिय एकाइ**<br>राज्यभित्र केन्द्रीय राज्यभन्दा तल्लो तहको केही मात्रामा स्वायत्तता भएको प्रशासनिक वा राजनीतिक विभाजन । |
| **Subsidiarity**<br>The principle that powers should be exercised at the lowest level of government at which they can efficiently be exercised. Some countries adopt this principle through devolution of power. | **परिपूरकता**<br>स्थानीय तहबाट प्रभावकारी ढङ्गले प्रयोग गर्न सकिने अधिकार स्थानीय तहमा नै दिइनुपर्छ भन्ने सिद्धान्त । केही मुलुकहरूमा यस सिद्धान्तलाई अपनाउने स्थानीय तहका निकायहरूलाई अधिकारहरू प्रत्यायोजन गरिएको हुन्छ । |
| **Supranational Entities**<br>They are organizations or institutions the membership of which encompasses more than one state such as the European Union. | **राष्ट्रहरूको महासङ्घ**<br>एकभन्दा बढी राज्यका संस्था वा सङ्गठनहरूलाई समेट्ने संस्था वा सङ्गठन, जस्तै– युरोपेली महासङ्घ । |
| **Supremacy Clause**<br>Under the supremacy clause of the United States constitution, Congress can enact legislation that may supersede state authority and preempt state regulations. | **परमाधिकार धारा**<br>संयुक्त राज्य अमेरिकाको परमाधिकार धाराअन्तर्गत कङ्ग्रेसले त्यस्तो कानुन बनाउन सक्छ जसले प्रादेशिक अधिकार र प्रादेशिक कानुनभन्दा अग्राधिकार प्राप्त गर्न सक्छ । |
| **Supreme Court**<br>In most cases, the highest court within the legal system. It is the highest appellate court for all other courts in the state. Also, the highest court for constitutional and other laws in Canada, India, Mexico, Nigeria and the United States. | **सर्वोच्च अदालत**<br>सामान्यतः कानुनी प्रणालीभित्रको उच्चतम अदालत । यो अदालत राज्यका अन्य सबै अदालतहरूका लागि सर्वोच्च पुनरावेदन अदालत हो । क्यानाडा, भारत, मेक्सिको, नाइजेरिया र संयुक्त राज्य अमेरिकाको हकमा सर्वोच्च अदालतलाई संवैधानिक तथा अन्य कानुनको उच्चतम अदालतका रूपमा लिइन्छ । |

| | |
|---|---|
| **Tax Autonomy**<br>The degree to which an order of government raises its own revenue through its own tax bases to finance its expenditure requirements, rather than relying on intergovernmental transfers or revenue-sharing. | **करसम्बन्धी स्वायत्तता**<br>अन्तर्सरकारी हस्तानन्तरण वा राजस्व साझेदारीमाथि निर्भर रहनुको सट्टा आफ्ना आवश्यक खर्चहरूका लागि रकम जोहो गर्न सरकारको कुनै तहले करका आफ्नै स्रोतहरूबाट आफूलाई चाहिने राजस्व सङ्कलन गर्ने स्वायत्तताको अधिकार । |
| **Tax Base**<br>What a tax is imposed on. For example, taxable personal income for income tax; the value of a sale for sales tax; liters of gasoline for an excise tax. | **कर आधार**<br>जुन चीजमा कर लगाइन्छ त्यो नै कर आधार हो । उदाहरणका लागि, आय करका लागि कर लगाइनयोग्य आय तथा बिक्री करहरूका लागि बिक्री गरिने वस्तुहरूको मूल्य, अन्तःशुल्कका लागि पेट्रोलियम पदार्थको परिणाम (लिटर) । |
| **Tax Collection**<br>Usually refers to the process of collecting taxes. | **कर स□लन**<br>यसले सामान्यतः कर सङ्कलन प्रक्रियालाई जनाउँछ । |
| **Tax Competition**<br>The relative lowering of tax rates among governments to either encourage the inflow of productive resources or discourage their exodus. This strategy is also adopted to encourage or discourage investments in different sectors or to create employment opportunities in designated areas within a federation by different levels of government. | **कर प्रतिस्पर्धा**<br>उत्पादनशील स्रोत-साधन भित्र्याउने कार्यलाई प्रोत्साहित गर्न वा ती साधनहरूलाई बाहिर जान निरूत्साहित गर्न सरकारहरूद्वारा सापेक्षिक करका दरहरू न्यून गर्ने कार्य । सङ्घभित्र विभिन्न तहका सरकारद्वारा विभिन्न क्षेत्रमा लगानीलाई प्रोत्साहित वा निरूत्साहित गर्न वा निश्चित क्षेत्रहरूमा रोजगारीका अवसरहरूको सिर्जना गर्न पनि यो नीति अपनाइन्छ । |
| **Tax Credit**<br>The payment available to defined beneficiaries through the tax system that, unlike tax deductions, does not require tax to have been paid for the benefit to be gained. A common way to redistribute income to individuals through the tax system. | **कर सहुलियत**<br>कर कटौतीभन्दा भिन्न रूपमा निश्चित परिभाषित यस अवधारणाले लक्षित समूहलाई उपलब्ध गराइने विशेष कर सुविधालाई बुझाउँछ । यो कर प्रणाली आयको पुनःवितरण गर्ने एउटा प्रचलित तरिका हो । |

| | |
|---|---|
| **Tax Rate**<br>This is the percentage of tax levied on a fixed amount, as individual income or a property's assessed value. As the taxable amount increases, the tax rate may rise (progressive), lower (regressive) or remain fixed (proportional). | **करको दर**<br>स्थिर निजी वा व्यापारिक औद्योगिक प्रतिष्ठानको आय वा मूल्याङ्कन गरिएको सम्पत्तिको मूल्यको निश्चित रकममाथि लगाइने करको प्रतिशत । करयोग्य रकम वृद्धि हुँदा करको दरमा पनि वृद्धि (प्रगतिशील कर), न्यून (प्रतिगामी कर) वा (आनुपातिक कर) हुन सक्छ । |
| **Taxing and Spending Laws**<br>Laws that empower the state to raise taxes and make expenditures. Taxing and spending laws originate from the legislature and empower the executive to raise taxes, borrow, or accept grants to meet expenditure on approved plans and programs. | **कर तथा खर्चसम्बन्धी कानुन**<br>त्यस्तो कानुन जसले राज्यलाई कर उठाउने र खर्च गर्ने अधिकार प्रदान गर्छ । कर उठाउने र खर्च गर्ने कानुन विधायिकाबाट बन्दछ र त्यसले कार्यपालिकालाई योजना तथा कार्यक्रमहरूको खर्च धान्नका लागि कर उठाउने, रकम सापटी लिने वा अनुदान स्वीकार गर्ने अधिकार प्रदान गर्छन् । |
| **Territorial Autonomy**<br>A measure of self-government for the people living in a territorial unit within the larger state. | **भौगोलिक स्वायत्तता**<br>एउटै राज्यभित्र रहेको निश्चित भौगोलिक एकाइमा बस्ने जनताको स्वायत्त शासन । |
| **Territorial Federalism**<br>The conventional division of the federal system into geographically defined constituent units rather than linguistic, cultural, ethnic, occupational or other bases of identity. | **प्रादेशिक सङ्घीयता**<br>सङ्घीय प्रणालीको प्रादेशिक विभाजनको परम्परागत स्वरूप जसमा भाषिक, जातीय, व्यावासायिक वा पहिचानका अन्य आधारमा नभई भौगोलिक आधारमा एकाइहरूको विभाजन गरिन्छ । |
| **Territory**<br>The geographical area under the jurisdiction of a sovereign state; a region marked off for administrative or other purposes; also refers to the area of constituent units in territorial federalism. | **भूक्षेत्र**<br>सार्वभौम राज्यको क्षेत्राधिकारअन्तर्गत रहेको भौगोलिक क्षेत्र । यसले प्रशासनिक वा अन्य प्रयोजनहरूका लागि सीमाङ्कन गरिएको तथा प्रादेशिक सङ्घीयताका अङ्गीभूत एकाइहरूको क्षेत्रलाई पनि जनाउँछ । |

| | |
|---|---|
| **Third Order of Government**<br>A level of government in a federation that exists below the federal and constituent unit, often with powers of local self-government. Third order of government usually refers to a constitutionally determined status as Panchayati Raj in India, created by the 73rd Amendment of the Indian constitution. | **तेस्रो तहको सरकार**<br>सङ्घअन्तर्गत सङ्घीय तथा एकाइभन्दा तल रहेको सरकारको तह जसलाई अक्सर स्थानीय स्व-सरकारको अधिकार प्राप्त भएको हुन्छ । तेस्रो तहको सरकार भन्नाले सामान्यतः संवैधानिक प्रावधानअनुसार गठन गरिएको (जस्तै भारतीय संविधानको त्रिहत्तरौँ संशोधनद्वारा गठित पञ्चायती राज) सरकारको स्तरलाई बुझाउँछ । |
| **Three-layer Federalism**<br>The classic division of federations into three levels or orders of government: the overarching federal government; the constituent units; and various local governments of the 'Third Order of Government'. | **तीन तहयुक्त सङ्घीयता**<br>बृहत् सङ्घीय सरकार, अङ्गीभूत एकाइहरू तथा तेस्रो तहका विभिन्न स्थानीय सरकार गरी सङ्घलाई तीन तहमा विभाजन गर्ने शास्त्रीय ढाँचा । |
| **Transition**<br>It is a temporary phase of state-affairs which takes place after a political change which will continue until a new constitutional system is adopted. Nepal is currently in a state of transition. The present state of affairs including the Interim Constitution is in transitional stage which will be ended when a new constitution is adopted after the Constituent Assembly completes its drafting. | **सङ्क्रमण**<br>कुनै पनि देशमा ठूलो राजनीतिक परिवर्तनपछि गरिने राज्यसञ्चालनसम्बन्धी अस्थायी व्यवस्थापन जुन नयाँ संवैधानिक पद्धति नअपनाउन्जेलसम्म कायम रहन्छ ।<br>नेपाल अहिले सङ्क्रमणको अवस्थामा छ । अन्तरिम संविधानलगायत अहिलेको राज्यसञ्चालनसम्बन्धी प्रबन्धहरू सबै सङ्क्रमणकालीन अवस्थामा छन् जुन संविधानसभाले नयाँ संविधान तयार गरेर लागु नगरून्जेलसम्म कायम रहनेछ । |
| **Transitional Government**<br>A government in office, usually after major political change in a country, for a temporary period until a duly elected government assumes the office after adopting a new constitution. | **सङ्क्रमणकालीन सरकार**<br>त्यस्तो सरकार जुन कुनै पनि मुलुकमा समान्यतया एउटा ठूलो राजनीतिक परिवर्तनपछि गठन गरिन्छ र नयाँ संविधान बनाएर त्यसअनुसारको निर्वाचित सरकार गठन नुहन्जेलसम्म कायम रहन्छ । |

| | |
|---|---|
| **Under-representation**<br>A situation where a group has comparatively less representation than the strength of such group in the general population. For example, women are often under-represented in the legislature, the executive and the judiciary of many countries. | **न्यून प्रतिनिधित्व**<br>त्यस्तो अवस्था जहाँ कुनै जनसमूहको प्रतिनिधित्व त्यस समूहको जनसङ्ख्याको अनुपातभन्दा कम हुने गर्दछ । उदाहरणका लागि, थुप्रै देशका विधायिका, कार्यकारिणी तथा न्यायपालिकामा प्रायः महिलाहरूको प्रतिनिधित्व न्यून हुने गरेको छ । |
| **Unfunded Mandate**<br>When a federal government imposes expenditure obligations on constituent unit governments without providing revenues to meet the obligation. | **आर्थिक सहायतारहित कार्यादेश**<br>सङ्घीय सरकारद्वारा आर्थिक स्रोत स्पष्ट नगरी अङ्गीभूत एकाइका सरकारहरूमाथि खर्चसम्बन्धी दायित्वहरू तोक्ने प्रबन्ध । |
| **Uniform Policies**<br>Policies and standards imposed across a federation, upon constituent units, without variation. | **एकरूपीय नीतिहरू**<br>सङ्घभरिका अङ्गीभूत एकाइहरूका लागि समान रूपले निर्धारण गरिएका नीति तथा मानकहरू । |
| **Union**<br>The term is used to describe the association of nation states such as the European Union; it also refers to unitary governments, such as the United Kingdom, and to federations, such as the Union of India. Thus, the term can refer to a federation as a whole, or to the national order of governance; in the case of India, Union is the official term for the federation and its central government. | **सङ्घ**<br>यस शब्दको प्रयोग स्वतन्त्र राज्यहरूको सङ्घ तथा महासङ्घहरू, जस्तै युरोपेली सङ्घ, लाई जनाउँनका लागि गरिन्छ । एकात्मक सरकार (जस्तै, संयुक्त अधिराज्य) र कतिपय अवस्थामा सङ्घीय सरकार (जस्तै, भारत) लाई जनाउन पनि यसको प्रयोग गरिन्छ । यस शब्दले सङ्घ पुरै वा सङ्घभित्रको केन्द्रीय सरकारलाई बुझाउन सक्छ । भारतका सन्दर्भमा "संघ" संपूर्ण राष्ट्र र केन्द्रीय सरकारलाई बुझाउने औपचारिक शब्द हो । |
| **Union Territories**<br>An administrative division of India. Unlike states, which have their own government, union territories are ruled directly by the central government. | **सङ्घीय क्षेत्रहरू**<br>भारतको प्रशासनिक विभाजनको स्वरूप । आफ्नै सरकार भएका राज्यहरूभन्दा पृथक् रूपमा सङ्घीय क्षेत्र चाहिँ केन्द्रीय सरकारको प्रत्यक्ष शासनअन्तर्गत रहेका हुन्छन् । |

| | |
|---|---|
| **Unitary State**<br>A state with a single center of sovereign political authority as opposed to a federal state. It can be centralized or decentralized but decentralized regional or local governments do not have constitutionally protected status. | **एकात्मक राज्य**<br>सङ्घीय राज्यविपरीत सार्वभौम राजनीतिक अधिकारको एकमात्र केन्द्र भएको राज्य । एकात्मक राज्य केन्द्रीकृत वा विकेन्द्रीकृत हुन सक्छ तर विकेन्द्रीकृत क्षेत्रीय वा स्थानीय सरकारहरूलाई संवैधानिक संरक्षणको हैसियत भने हुँदैन । |
| **Untied Grant**<br>Intergovernmental transfers without any attached conditions or expenditure requirements; contrast with specific purpose payments. | **नि:सर्त अनुदान**<br>विशेष प्रयोजन वा सर्त नतोकी हस्तान्तरण गरिएको अनुदान । उद्देश्यमूलक भुक्तानीभन्दा यो भिन्न छ । |
| **Upper House**<br>Second Chamber of a bicameral legislature; for example, Rajya Sabha in India and the Senate in the United States of America. | **माथिल्लो सदन**<br>दुई सदनात्मक विधायिकाको दोस्रो कक्ष वा सदन । भारतको राज्यसभा र संयुक्त राज्य अमेरिकाको सिनेट यसका उदाहरण हुन् । |
| **User Charges**<br>Individual payments for public services that directly finance the provision of that service by a government. | **उपभोक्ता महसुल**<br>सरकारबाट सञ्चालन गरिने सार्वजनिक सेवाहरूका लागि उठाइने सेवा शुल्क । |
| **VAT (Value-added Tax )**<br>A form of indirect sales tax paid on products and services at each stage of production or distribution, based on the value added at that stage and included in the cost to the ultimate customer. | **मूल्य अभिवृद्धि कर**<br>उत्पादित वस्तु तथा सेवाहरूको उत्पादन वा वितरणको प्रत्येक चरणमा भुक्तान गरिने अप्रत्यक्ष करको एउटा स्वरूप । यो कर प्रत्येक चरणमा थपिन आउने मूल्यमा आधारित हुन्छ र अन्तिम ग्राहकले खरिद गर्ने मूल्यमा समाविष्ट हुन्छ । |
| **Vertical and Horizontal Inequality**<br>Difference in wealth and fiscal capacity vertically between levels of government and horizontally between constituent units' jurisdictions in the same sphere. | **ठाडो र तेर्सो प्रकृतिको असमानता**<br>सरकारका तहहरूका बीचमा सम्पत्ति तथा वित्तीय क्षमतामा हुने ठाडो असमानता र एउटै तहमा उप-प्रादेशिक एकाइहरूका बीचमा हुने तेर्सो असमानता । |

| | |
|---|---|
| **Vertical Fiscal Imbalances**<br>An imbalance in revenue and expenditure responsibilities between the levels of government in a federation where one level (usually federal) collects more revenues than its expenditure needs and the other does not collect enough revenue for its expenditure responsibilities. | **ठाडो प्रकृतिका वित्तीय असन्तुलनहरू**<br>सङ्घमा सरकारका तहहरूबीच राजस्व तथा खर्चसम्बन्धी दायित्वमा हुने असन्तुलन, जहाँ एउटा तहले (सामान्यतया केन्द्रले) आफ्नो आवश्यक खर्चभन्दा बढी राजस्व सङ्कलन गर्छ भने अर्को तहले खर्चसम्बन्धी आफ्ना दायित्वहरूका निम्ति पर्याप्त राजस्व सङ्कलन गर्न सक्दैन । |
| **Village Development Committee (VDC)**<br>The third tier of government under the Constitution of the Kingdom of Nepal, 1990, at a village level that exercised limited local government powers. | **गाउँ विकास समिति (गाविस)**<br>नेपाल अधिराज्यको १९९० को संविधानअन्तर्गत सरकारको तेस्रो तह अर्थात् गाउँ तह जसले स्थानीय सरकारका सीमित अधिकारहरू अभ्यास गर्छ । |
| **Wealth Sharing**<br>Sharing of wealth by different levels of government in a federal system by an agreed formula or principles. The wealth of a federation is often defined broadly to include natural resources, human resources, historical and cultural assets and financial assets, including public institutions. The definition of wealth extends to the means, institutions, policies and opportunities that affect the creation and distribution of wealth in addition to a territory's physical resources and government revenues. A key dimension of wealth is fair participation in decision-making that affects the generation of wealth and allocation of resources. | **सम्पत्ति बाँडफाँड**<br>सङ्घीय प्रणालीमा पारस्परिक सहमतिप्राप्त सूत्र वा सिद्धान्तहरूका आधारमा सरकारका विभिन्न तहहरूद्वारा गरिने सम्पत्तिको बाँडफाँड । प्रायः सङ्घको सम्पत्तिको परिभाषामा सार्वजनिक सङ्घ-संस्थाहरूलगायत एक क्षेत्रको प्राकृतिक स्रोत-साधन, मानवीय संसाधन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा र वित्तीय सम्पदा समावेश गरिन्छन् । सम्पत्तिको परिभाषा भौतिक स्रोत-साधन तथा सरकारी राजस्वको अतिरिक्त सम्पत्तिको सिर्जना तथा वितरणमाथि प्रभाव पार्ने साधन, संस्थाहरू, नीति तथा अवसरसम्म विस्तारित हुन्छ । निर्णयकारी प्रक्रियामा हुने निष्पक्ष सहभागिता सम्पत्तिको एउटा प्रमुख आयाम हो जसले सम्पत्तिको सिर्जना तथा स्रोत-साधनको वितरणमा प्रभाव पार्छ । |

| | |
|---|---|
| **Weighted Representation**<br>A method whereby a minority group is given more representation than it would be numerically entitled to in democratic institutions so as to give it greater voice in government. There are various ways of giving weighted representation including through special electoral arrangements. Weighted representation sometimes includes systems of representation in the upper chamber where larger units get fewer seats in proportion to their population to provide a minimum level of representation to smaller units. | **भारित प्रतिनिधित्व**<br>सरकारअन्तर्गतका लोकतान्त्रिक संस्थाहरूमा अल्पसङ्ख्यक समूहको आवाज दह्रो होस् भन्ने हेतुले उक्त समूहलाई सङ्ख्यात्मक हिसाबले पाउने स्थानभन्दा बढी प्रतिनिधित्व प्रदान गर्ने तरिका । विशेष निर्वाचकीय व्यवस्थाका अतिरिक्त भारित प्रतिनिधित्व प्रदान गर्ने विभिन्न उपायहरू छन् । कहिलेकाहीँ माथिल्लो सदनको प्रतिनिधित्वका लागि भारित प्रतिनिधित्व प्रणाली अपनाइन्छ जसबाट ठूला एकाइहरूले जनसंङख्याको तुलनामा थोरै सिट प्राप्त गर्छन् । यसबाट साना एकाइहरूले पनि न्यूनतम प्रतिनिधित्व प्राप्त गर्छन् । |
| **Westminster System**<br>The version of parliamentary government originating in England, subsequently the United Kingdom. This system has the following attributes: Parliamentary system of government; Cabinet with collective responsibility toward elected parliament; and nominal Head of state who acts on the advice of elected government. It has been adopted in federal systems, including Australia, Canada and India. | **वेस्टमिन्स्टर प्रणाली**<br>बेलायतमा उत्पति भएको संसदीय व्यवस्था । यस व्यवस्थामा निम्न विशेषताहरू पाइन्छन् : संसदीय प्रणालीको सरकार, सामूहिक उत्तरदायित्वको मान्यतामा आधारित मन्त्रिपरिषदीय सरकार र निर्वाचित सरकारको सल्लाह र सहमतिका काम गर्ने नाममात्रको राष्ट्राध्यक्ष । यस व्यवस्थालाई अस्ट्रेलिया, क्यानडा र भारतजस्ता सङ्घीय मुलुकहरूले अपनाएका छन् । |
| **Zone**<br>Usually zones designate the primary character of land (such as residential, industrial or rural) and indicate the type of use and development that is permitted. In Nepal this word was used to describe political and administrative regions. | **अञ्चल**<br>अञ्चल शब्दको प्रयोग भूमिको समुचित उपयोग र विकासका सन्दर्भमा विशेष गरी भूमिको मूल चरित्र (जस्तै, आवासीय, औद्योगिक वा ग्रामीण क्षेत्र) लाई बुझाउनका लागि गरिन्छ । नेपाललाई राजनीतिक र प्रशासनिक उद्देश्यसहित चौध एकाइमा विभाजन गरी अञ्चलको नामकरण गरिएको थियो । |

**The English-Nepali Glossary of Federalism Terms aims to provide clear, value-neutral and culturally sensitive federalism terms relevant in the context of Nepal's federalization process.**

**The Glossary is a joint effort of Nepalese and international subject matter experts with assistance from International IDEA and the Forum of Federations.**

**Financial support for this publication has been provided by the Swiss Agency for Development and Cooperation (SDC) and the Royal Norwegian Embassy in Nepal.**

यस अङ्ग्रेजी–नेपाली शब्दावलीमा नेपालको सङ्घीकरण प्रकृयाको सन्दर्भसँग सम्बद्ध स्पष्ट, मूल्य–निष्पक्ष र सांस्कृतिक सम्वेदनशील सङ्घीयतासम्बन्धी शब्दहरू प्रदान गरिएको छ ।

यो शब्दावली नेपाली र अन्तर्राष्ट्रिय विषयवस्तु विज्ञहरूको संयुक्त प्रयत्न हो, जसलाई इन्टरनेसनल आइडिया र फोरम अफ फेडेरेसन्सले सहयोग गरेका छन् ।

यस प्रकाशनको आर्थिक सहयोग स्वीस् एजेन्सी फर डेभ्लपमेन्ट एण्ड कोअपरेशन (एसडिसी) र नेपालस्थित रोयल नर्वेजियन एम्बेसीले गरेका छन् ।

**International IDEA/Nepal**
Jhamsikhel-3, Lalitpur, Nepal
Tel: +977-1-5535252
Fax: +977-1-5535252
Email: info-nepal@idea.int
Website: www.idea.int/asia_pacific/nepal

Strömsborg
S-103 34 Stockholm
Sweden
Tel: + 46 8 698 37 00
Fax: +46 8 20 24 22
E-mail: info@idea.int
Website: www.idea.int

**Forum of Federations, Nepal Office**
Saraswati Sthan Marg, Gairidhara
Naxal, Kathmandu, Nepal
Tel: +977-1-4428814
Email: forum@forumfed.org
Website: www.forumfed.org/Nepal

325 Dalhousie Street, Suite 700
Ottawa, Ontario
Canada K1N 7G2
Tel: +1613-244-3360
Fax: +1613-244-3372
E-mail: forum@forumfed.org
Website: www.forumfed.org

ISBN 91-85724-68-8
9789185724680

ISBN: 978-91-85724-68-0